# प्रहरी दर्पण २०५१

# POLICE MIRROR 1994

















# माननीय गृहमन्त्रीज्यूको सन्देश

**श्री ५ बडामहारानी सरकारको** ४६ सौं शुभ-जन्मोत्सवको शुभ अवसरमा नेपाल प्रहरीद्वारा वार्षिक पत्रिका "प्रहरी दर्पण" साविक झैं यस वर्ष पनि प्रकाशन हुन लागेको सुन्दा मलाई खुशी लागेको छ।

सरकारको राष्ट्रनिर्माण गर्ने संकल्पका संवाहक नेपाल प्रहरी आफ्नो नियमित कामका अतिरिक्त प्रहरीशक्तिको सर्वाङ्गीण विकासका लागि प्रयत्नरत् छ। "सत्य सेवा सुरक्षणम्" को महान आदर्श लिएर अगाडि बढेको नेपाल प्रहरी चुस्त, गतिशील, इमान्दार र अनुशासित रह्यो भने जनतामा सरकारको छवि एवं प्रभाव राम्रो हुने हुंदा प्रहरी वर्गबाट मैले यही आशा राखेको छु। सरकारको राष्ट्रनिर्माण गर्ने महान यज्ञमा हामी सबै एकजुट हुन आह्वान गर्दै यस प्रकाशनको सफलताको कामना गर्दछु।

(शेर बहादुर देउवा)
गृहमन्त्री

# Message from the Hon. Home Minister

I am happy to hear that the Nepal Police is bringing out its annual magazine *Police Mirror* on the occasion of the 46th Auspicious Birthday of **Her Majesty the Queen** as it has been doing in the past.

The Nepal Police, as an associate in the government's national development endeavor, has been making efforts towards all-round progress of the police force in addition to fulfilling its regular duties. The police in Nepal are moving forward, upholding the lofty ideals of "Truth, Service, Security". If the police organization maintains this fitness, agility, honesty, and discipline, it will enhance the government's image in the eyes of the people. This is what I hope for from the police force. With an appeal to all to unite in the government's great task of national development, I wish this publication all success.

**(Sher Bahadur Deuba)**
**Home Minister**



# गृह सचिवज्यूको सन्देश

**श्री ५ बडामहारानी सरकारको** ४६ औं शुभ-जन्मोत्सवको पावन उपलक्ष्यमा नेपाल प्रहरीले वार्षिक *प्रहरी दर्पण*, २०५१ प्रकाशनमा ल्याउन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ।

नागरिकको जीऊ धनको सुरक्षा राख्ने कार्यमा अहोरात्र खटिनु पर्ने प्रहरीबाट आफ्नो बचेको समय यसप्रकारको सिर्जनशील कार्यमा उपयोग हुनु निःसन्देह सराहनीय हुने मैले ठानेको छु। जनअपेक्षा अनुरूप आफ्नो कर्तव्यपथमा दृढताका साथ कार्यरत् प्रहरी जनशक्तिद्वारा सम्पादित चौतर्फी क्रियाकलापहरूको दिग्दर्शन हुने यस किसिमका प्रकाशन प्रहरी सेवाको लागि अत्यन्त उपयोगी र उपलब्धिपूर्ण हुने विश्वास व्यक्त गर्दछु।

**(भोजराज पोखरेल)**
**गृह सचिव**

# Message from the Home Secretary

I am very happy at the publication of the annual *Police Mirror 1994* by the Nepal Police on the joyous occasion of the 46th Auspicious Birthday of **Her Majesty the Queen**.

It is undoubtedly commendable that the police, who have to maintain constant vigilance in their duty to safeguard the life and property of the citizens, should gainfully utilize their supplementary time in this sort of creative pursuit. I am confident that this publication, which illustrates their multi-faceted activities, and which is edited by police personnel who are devoted to their duties expected of them by the public, will be of utmost usefulness and benefit to the police service.

**(Bhoj Raj Pokharel)**
***Secretary***
**Home Ministry**



# प्रहरी महानिरीक्षकज्यूको सन्देश

**श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको** ४६ औं शुभ-जन्मोत्सवको पुनीत अवसरमा नेपाल प्रहरीका तर्फबाट मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यको कामनाका साथ हार्दिक मंगलमय शुभकामना बिन्ति चढाउँछु।

विगत चारदशक अघि विधिवत् स्थापना भएको नेपाल प्रहरीले स्थापनाकाल ताका विपन्न परिस्थितिमा समेत राष्ट्रले सुम्पिएको आफ्नो दायित्व निर्वाहमा अहोरात्र क्रियाशील रही विविध समस्यासित मुकाबिला गर्दै मुलुकमा शान्ति सुव्यवस्था कायम राखी अनुशासित, मर्यादित र गरिमामय संगठनको रूपमा आफूलाई स्थापित गराइरहेको आभाश यस दर्पणमा प्रतिबिम्बित छ।

राष्ट्रिय एकता, अखण्डता र प्रजातन्त्रको सुदृढीकरणका साथै मानव अधिकारको सम्बर्धन, कला-संस्कृतिको जगेर्ना, पर्यावरणको संरक्षण, सामाजिक विकृति र विथितिको उन्मूलन तथा नियन्त्रण र राष्ट्रिय विकास निर्माण कार्यका लागि वर्तमान परिप्रेक्षमा देखिएका र भविष्यको दूरक्षितिजमा समेत देखिनसक्ने चुनौतिका संभावनाहरूमा नेपाल प्रहरी सचेत र सतर्क छ। विगत अनुभवका अनुभूतिहरूलाई हृदयंगम् गरी आगामी दिनहरूमा अझ बढी जनमुखी र सेवामुखी भई मुलुक र मुलुकीको हितमा नेपाल प्रहरी प्रस्तुत हुनेछ।

अन्तमा, प्रस्तुत "दर्पण" साँच्चि नै "दर्पण" बन्न सकोस् भन्ने आशाका साथ प्रकाशनमा संलग्न सबैलाई अथक परिश्रमका लागि धन्यवाद ज्ञापन गर्दछु।

जय नेपाल !

प्रहरी महानिरीक्षक
(मोतीलाल बोहरा)

# Message from the Inspector General of Police

On behalf of the Nepal Police, I wish to extend to **Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah** sincere felicitations and best wishes for Her Majesty's health, long life and prosperity on the occasion of Her Majesty's 46th Auspicious Birthday.

Nepal Police was formally established four decades ago. It has been constantly active, even during the difficult early years, in fulfilling the responsibilities entrusted upon it by the nation. The efforts of Nepal Police in maintaining peace in the Kingdom in the face of various problems, and developing itself as a disciplined, dedicated and glorious organization, are vividly reflected in this *Mirror.*

Nepal Police is aware of and remains alert to the challenges of the present — and potential ones in the distant horizon — with respect to consolidation of national unity, integrity and democracy; protection of human rights; preservation of the arts, culture and the environment; as well as the eradication and control of social delinquencies and distortions. Guided by past experience, Nepal Police will work for the Kingdom and its well-being by being more public and service oriented in the days ahead.

In conclusion, I hope that the *Mirror* will truly be as a mirror and thank all those involved in its publication for their hard work.

**(Motilal Bohara)**
**Inspector General of Police**



बायाँदेखि - प्र.ना.उ. बालकुमार शाक्य, प्र.ना.उ. आमोदचन्द्र गुरुङ, प्र.व.उ. श्यामभक्त थापा, प्र.ना.उ. दिनकर शम्शेर ज.ब.रा., प्र.ना.उ. राजेश बन, प्र.ना.उ. सुरेन्द्रबहादुर शाह
DySP B. K. Shakya, DySP A. Gurung, SSP S. B. Thapa, DySP D. S. JB Rana, DySP R. Ban, DySP S. B. Shah.

# संपादकीय

अति संवेलनशील तथा बहुमखी दायित्व निर्वाहलाई आफ्नो कर्मक्षेत्र बनाई नेपाल प्रहरी राष्ट्र, राष्ट्रियता र नेपाली नागरिकहरूको सेवामा अहोरात्र समर्पित रहदै आएको छ। कर्तव्यपालनामा प्रस्तुत कर्तव्यनिष्ठाको अनुपम उदाहरण, दृढ समर्पण र लगनशीलताको गौरवमय ऐतिहासिक परम्पराले नेपाल प्रहरीको छविलाई गरिमामय बनाएको स्मरणीय दृष्टान्त समेत हाम्रो साथमा रहेको छ।

यस्तै दृष्टान्तहरूलाई कायमै राख्दै कार्यक्षेत्रमा अविश्रान्त जुटिरहेको नेपाल प्रहरीको वार्षिक गतिविधिको ज्वलन्त सचित्र वर्णन हो - **प्रहरी दर्पण**। प्रहरी दर्पणको यो एघारौं अंकमा श्री ५ को सरकारको नीति र जनचाहना अनुरूप विभिन्न क्षेत्रमा नेपाल प्रहरीको अग्रसरतालाई समेट्ने प्रयास गरिएको छ। शान्ति सुरक्षा स्थायित्वका लागि भएका प्रयास, अपराध नियन्त्रण, जनचेतना जागरण, मानवअधिकार संरक्षण, प्रहरी कल्याण तथा नेपाल प्रहरीको भावी कार्यक्रमको संक्षेपमा चर्चा पनि गरिएको छ।

**श्री ५ बडामहारानी सरकारको** ४६ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीको परम्परा अनुसार प्रहरी दर्पण २०५१ प्रकाशित गरिएको छ। यस शुभ अवसरमा मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यको मंगलमय शुभकामना चढाउँछौं।

अन्त्यमा, यस प्रकाशनलाई आगामी दिनहरूका अझ उपयोगी, स्तरीय बनाउने दिशामा समस्त पाठकहरूबाट अमूल्य सुझावहरूको अपेक्षा राख्दै प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक आभार प्रकट गर्दछौं।

# EDITORIAL

Nepal Police has at all times been dedicated to the nation, nationalism and to the service of Nepalese citizens by treating the fulfillment of its vital and multi-faceted responsibilities as a course of duty. Memorable illustrations of the glorious tradition of devotion and perseverance that have enhanced the image of Nepal Police, as well as the exceptional examples of dedication in the line of duty, are with us.

*Police Mirror* is the pictorial account of the activities of Nepal Police during the past year which perpetuate the legacy. This 11th issue of *Police Mirror* presents the varied achievements made by Nepal Police in executing the policies of His Majesty's Government and the aspirations of the people. Peace and security operations, crime control, raising public awareness, protection of human rights, police welfare, and future programs of the Nepal Police have also been discussed in brief.

This issue is published on the occasion of the 46th Auspicious Birthday of **Her Majesty the Queen** as has been the tradition of the Nepal Police. We take this opportunity to extend our sincere felicitations and best wishes for Her Majesty's health, long life and prosperity.

In conclusion, we express the hope that readers will send us their valuable suggestions to help us improve the usefulness and quality of this publication in the future, and we thank all those who have assisted in its production.

# प्रहरी दर्पण

वार्षिक प्रकाशन

दर्ता नं. ०१।०४१

# Police Mirror

An annual publication

Regd. No. 01/041


## सम्पादक मण्डल

*प्रधान सम्पादक*

प्र.व.उ. श्यामभक्त थापा

*सम्पादक*

प्र.ना.उ. आमोदचन्द्र गुरुङ्ग

प्र.ना.उ.दिनकर शम्शेर ज.ब.रा.

प्र.ना.उ. राजेश बन

प्र.ना.उ. बालकुमार शाक्य

प्र.ना.उ. सुरेन्द्रबहादुर शाह

प्र.नि. विभूतिराज पाण्डे

## सल्लाहाकार मण्डल

प्र.अ.म.नि. अच्युतकृष्ण खरेल

प्र.अ.म.नि. ध्रुवबहादुर प्रधान

प्र.ना.म.नि. गोविन्द कर्म थापा

प्र.ना.म.नि. शम्भु थापा

प्र.ना.म.नि. बलेन्द्रबहादुर सिंह

प्र.ना.म.नि. प्रदीप शम्शेर ज.ब.रा.

प्र.ना.म.नि. कृष्ण मोहन श्रेष्ठ

प्र.ना.म.नि. रामकाजी बान्तवा

प्र.ना.म.नि. ढालमान थापा

का.मु.प्र.ना.म.नि. प्रेमलाल श्रेष्ठ

*तस्वीर*

प्र.ना.उ. शेरबहादुर कार्की

प्र.नि. दिलराज पौडेल

प्र.ना.नि. कैलाशकुमार राई

प्र.स.नि जीतबहादुर

**प्रहरी प्रधान कार्यालय**



*प्रकाशक*

प्रहरी दर्पण प्रकाशन समिति

प्रहरी प्रधान कार्यालय

नक्साल, काठमाडौं।


सर्वाधिकार प्रकाशकमा सुरक्षित


## Editorial Board

***Chief Editor***

S.S.P. Shyam Bhakta Thapa

***Editors***

Dy.S.P. Amod Chandra Gurung

Dy.S.P. Dinakar Samsher JBR

Dy.S.P. Rajesh Bon

Dy.S.P. Bal Kumar Shakya

Dy.S.P. Surendra Bahadur Shah

Insp. Bibhuti Raj Pandey

## Advisory Board

A.I.G.P. Achyut Krishna Kharel

A.I.G.P. Dhruba Bahadur Pradhan

D.I.G.P. Govinda Karma Thapa

D.I.G.P. Shambhu Thapa

D.I.G.P. Balendra Bahadur Singh

D.I.G.P. Pradeep Samsher JBR

D.I.G.P. Krishna Mohan Shrestha

D.I.G.P. Ram Kaji Bantawa

D.I.G.P. Dhal Man Thapa

Acting D.I.G.P. Premlal Shrestha

***Photographs***

Dy.S.P. Sher Bahadur Karki

Insp. Dil Raj Poudyal

S.I. Kailash Kumar Rai

A.S.I. Jeet Bahadur

**Police Headquarters**



***Published by:***

Police Mirror Publication Board

Police Headquarters

Naxal, Kathmandu


**All rights reserved with the publisher.**


Produced on behalf of Police Mirror Publication Board, Police Headquarters,
by **MD Publishing Co. Pvt. Ltd.,**
P.O. Box 3525, Tripureswor, Kathmandu.Tel: 230177; Fax: 977-1-228106

Printed by Mark-Asia Co.,Ltd. Bangkok, Thailand.

# विषय-सूचि


| | |
|---|---|
| नयाँ क्षितिज | १६ |
| वार्षिक प्रहरी गतिविधि | २७ |
| मानवीय श्रोतको विकास | ३७ |
| नेपाल प्रहरीमा महिला सहभागिता | ४६ |
| प्रहरी स्मारक | ४८ |
| बीटिङ द रिट्रीट | ५२ |
| शुभजन्मोत्सव | ५६ |
| मैत्रीपूर्ण अध्ययन भ्रमण | ६० |
| सेवाको क्षेत्रमा : प्रहरी परिवार महिला संघ | ६२ |
| सामुदायिक प्रहरी | ६४ |
| स्कूल सर्म्पक कार्यक्रम | ६६ |
| अन्तर्राष्ट्रिय शान्ति | ७० |
| नेपाल अधिराज्यको अपराध स्थिति : संक्षिप्त विवेचना | ७२ |
| नेपाल प्रहरी : लागू औषध नियन्त्रणका दिशामा.... | ८० |
| मानव अधिकार | ८४ |
| ट्राफिक व्यवस्थापन तथा वातावरण संरक्षण | ८८ |
| स्वास्थ्यका लागि खेलकूद | ९२ |
| प्रहरी कल्याण | ९८ |
| सचित्र समाचार | १०५ |
| संस्मरण | ११२ |








# CONTENTS


| | |
|---|---|
| Towards new horizons | 21 |
| A Pictorial Flashback | 27 |
| Better training for better policing | 41 |
| Women police make their mark | 47 |
| A memorial to the brave | 49 |
| Beating the Retreat | 54 |
| His Majesty's Auspicious Birthday | 57 |
| Study visits reinvigorate friendly relations | 61 |
| Police Family Women's Association plunges into social work | 63 |
| Community Police: Making friends | 64 |
| School Liaison Program reaches out to students | 66 |
| Police in international peace | 71 |
| The fight against crime | 75 |
| Cracking down on drugs | 81 |
| Commitment to Human Rights | 84 |
| New drive in traffic management | 89 |
| Staying healthy with sports | 94 |
| Police welfare projects | 100 |
| Photo news | 105 |
| Memoirs | 112 |

# नयाँ क्षितिज

इतिहासको पानालाई नियालेर हेर्दा नेपाल प्रहरीको विधिवत स्थापना वि.सं. २०१२ मा भएको हो। यस अघि पनि प्रहरीले निर्वाहगर्नु पर्ने दायित्व सम्पादनका लागि विभिन्न प्रहरी कार्यालयहरू र प्रहरीहरूको व्यवस्था भएको पाइन्छ। यद्यपि विभिन्न समय र राज्य व्यवस्थामा प्रहरी संगठनको प्रयोग समयको माग अनुसार जनताको सेवामा भन्दा व्यक्तिगत चाहना र शासन व्यवस्थालाई बचाई राख्ने कार्यमा बढी केन्द्रित भएको देखिन्छ। प्रजातन्त्रको पुनर्वहाली पश्चात् आज राष्ट्रमा आएको खुला परिवेशमा प्रहरीको भूमिका अतिनै व्यापक र संवेदनशील रहेको छ भन्दा अत्युक्ति नहोला।

आज नेपाल प्रहरी, **प्रहरी शक्ति [POLICE FORCE] को सट्टा प्रहरी सेवा [POLICE SERVICE] को रूपमा प्रतिष्ठापित हुन दृढसंकल्पित** रहेको छ। निश्चित कार्यप्रणाली र निश्चित धारणामा विकास भएको संगठनलाई आजको परिवेशमा माग भए अनुसारको सेवा प्रदान गर्न अवश्य पनि समय लाग्दछ। यद्यपि हाल प्रहरी संगठनमा सबल नेतृत्व, सुनियोजित प्रशासन व्यवस्था र उच्च मनोबल कायम भएकोले प्रहरी सेवा जनमुखी, प्रभावशाली र पूर्ण व्यावसायिक हुने दिशातर्फ द्रूततर गति लिई सकेको छ। यसै सन्दर्भमा प्रहरी संगठनको वर्तमान संगठन प्रमुख प्रहरी महानिरीक्षकको हालसम्मको कार्यकालको समष्टिगत रूपमा विश्लेषण गर्दा संगठनमा देखापरेका अन्यौल र सुनिश्चित कार्य प्रणालीको अभावलाई हटाई, निश्चित लक्ष्य तोकी **संगठन विकासतर्फ पूर्णरूपमा अगाडि बढिरहेको छ र प्रहरी सेवालाई समाजमा विशिष्ट सेवाको रूपमा स्थापित गर्ने दिशातर्फ अग्रसर हुन थालिसकेको छ।**

वर्तमान प्रहरी महानिरीक्षकबाट आफ्नो कार्यभार सम्हाल्नु भए पश्चात् संगठनलाई अगाडि बढाउन २ वर्षे योजना तर्जुमा गरिएको थियो। सो योजनाको उपलब्धी बारे उहाँको धारणा र आगामी दिनमा संगठन विस्तारका लक्ष्यलाई अझ व्यापक बनाउन प्रहरी महानिरीक्षकको भावी कार्यनीति र प्रयास बारेमा यहाँ प्रस्तुत गर्न खोजिएको छ।



**प्रहरी संगठन एउटा बृहद् संगठनको रूपमा स्थापित भइसकेको छ।** समाजको परिवर्तित परिवेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाक्रमहरू, अपराध र अपराधीको कार्य-विधि र त्यस क्षेत्रमा आएको नवीनतालाई मध्यनजर राखी प्रहरी संगठनको विस्तार आगामी दिनहरूमा बृद्धि हुँदै जाने सुनिश्चित छ। संगठनको जनशक्ति [HUMAN RESOURCE] र अन्य भौतिक श्रोत-साधन [PHYSICAL RESOURCES] लाई बढी भन्दा बढी परिचालन गर्न सुनिश्चित **प्रशासनिक परिपाटी विकसित गराउन अपरिहार्य रहेको सन्दर्भमा प्रहरीको सबै अधिकृत दर्जालाई प्रशासन सम्बन्धी तालीम अनिवार्य रूपमा दिलाउने योजना कायम राखिएको छ।** अन्य व्यावसायिक तालीमहरूलाई अझै व्यापक गराउँदै संगठनको प्रत्येक सदस्यको आफ्नो जिम्मेवारी निभाउन आवश्यक सीप [SKILLS] विकास गराउने लक्ष्य राखिएको छ। उत्कृष्ट प्रहरी संगठनको परिचय दिने बेलायती प्रहरीको अनुभव र विशेषतालाई नेपाल प्रहरीको कार्यशैलीमा समाहित गराउन बेलायती प्रहरी परामर्शदाताबाट प्रहरी प्रतिष्ठानमा एकवर्षको लागि सेवा उपलब्ध गराइएको छ। विदेशको प्रहरी कार्यशैली बारे जानकारी लिई हाम्रो कार्यस्तरलाई अभिबृद्धि गर्न विदेश तालीमको प्रकृयालाई गत वर्ष अधिक पारिएको थियो र आगामी दिनहरूमा यसलाई अझ विस्तृत गराउने लक्ष्य रहेको छ।

आजको खुल्ला परिवेशको यथार्थतालाई आफ्नो व्यक्तिगत स्वार्थ र स्वाबलम्बनलाई




आजको प्रजातान्त्रिक परिप्रेक्ष्यमा श्री ५ को सरकारको नीति र जनताको आकांक्षानै प्रहरीको कर्मभूमि हो।
The policies of His Majesty's Government and the aspirations of the people are the field of operations of the police.




"बदलिंदो समाजमा प्रहरीको भूमिका" कार्यशाला गोष्ठीमा अध्यक्षता ग्रहण गर्नुहुँदै प्रहरी महानिरीक्षक मोतीलाल बोहरा।
IGP Motilal Bohara chairing the workshop seminar on the "Role of police in a changing society".

सर्वोपरि ठानी असीमित चाहनाको परिकल्पना र राष्ट्रिय नीतिको विरोध गर्ने कार्यले गर्दा दैनिक शान्ति सुव्यवस्था कायम राख्ने कार्यमानै प्रहरीले अधिकतम् समयको खपत गर्नु परिरहेको यथार्थमा आफ्नो विकासको लागि गरिनु पर्ने तालीमको निरन्तरतामा हामी पूर्णरूपमा लाग्न नसक्नु हाम्रो सामु एउटा गम्भीर समस्याको रूपमा रहेको छ।

**प्रहरी सुधार सुझाव आयोगबाट तयार पारिएका सुझावहरूलाई यथाशीघ्र कार्यरूप दिई संगठनको हरेक पक्षमा गर्नुपर्ने सुधारका क्रियाहरूलाई अल्पकालीन र दीर्घकालीन योजना बनाई अगाडि बढाउँदै जानु परेको छ।**

प्रहरी सेवालाई अझ जनमुखी बनाई समाजमा देखापरेका विविध सामाजिक विकृतिका पक्षहरूमा समुदायलाई पहिचान गराई समुदायबाटनै त्यस्ता विकृति हटाउन अभिप्रेरणा गराउने कार्यशैली प्रहरीले अंगीकार गर्दै जाने लक्ष्य अनुसार **सामुदायिक सेवाको रूपमा स्कूल सम्पर्क अधिकृत तथा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिँदै जाने लक्ष्य रहेको छ।**

मानव अधिकारको संवेदनशील प्रसंग आज विश्वको सशक्त विषयवस्तुको रूपमा अघि आएको परिप्रेक्ष्यमा नेपाल प्रहरीले विश्व मानव अधिकारका विविध प्रसंगलाई अंगीकार गर्दै प्रहरीको व्यावसायिकतामा निपुणता ल्याउने र मानव अधिकार अक्षुण्ण राख्दै जाने कुरामा निकै सजग र सतर्क भैसकेको छ। **मानव अधिकारको सुरक्षा र सम्वर्द्धन प्रजातन्त्रको स्थायित्वको प्रमुख आधारशिला हो भन्ने तथ्यलाई नेपाल प्रहरीले बुझी प्रजातन्त्रको सुदृढीकरणको राष्ट्रिय अभियानमा पूर्ण समर्पित रहँदै आएको छ।**

नेपाल प्रहरी प्राकृतिक तथा अन्य दैवीप्रकोपको अवस्थामा पूर्ण रूपमा देशवासीको धनजनको सुरक्षामा समर्पित भएको छ। राष्ट्रवासीले समस्या र आपतको समयमा प्रहरीको सेवा आशा राख्ने परिपाटीलाई जीवन्त बनाएको छ।

राष्ट्रभित्रको शान्ति सुव्यवस्थामा मात्रै सीमित नरही संयुक्त राष्ट्र संघको आव्हानमा पूर्व युगोस्लाभिया, मोजाम्बिक तथा युद्धग्रस्त कम्बोडियामा शान्ति स्थापना गर्ने कार्यमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। **नेपाल प्रहरीको अनुशासन, कर्तव्यपरायणताको कदर आगामी दिनहरूमा नेपाल प्रहरीको यस्ता अभियानमा संलग्नता बढाउने आग्रहबाट प्रमाणित हुन्छ।**

आजको विश्वमा एउटा ठूलो समस्याको रूपमा देखापरेको लागू औषधको ओसार - पसार, दुर्व्यसन जस्ता कार्यहरूलाई निरूत्साहित पार्न नेपाल प्रहरी पूर्णरूपमा समर्पित रहेको छ। लागू औषधको व्यापकताबाट सृजना हुने अन्य अपराधलाई समेत मध्यनजर राखी समुचित कार्यनीति निर्माण गरी अगाडि बढ्न नेपाल प्रहरी दृढ रहेको छ।

अन्तर्राष्ट्रिय आतंकवादका घटनाहरूले संसार त्रसित भएको आजको परिप्रेक्षमा हामी पनि यस्ता खतराहरूबाट टाढा रही रहन सकिन्न। छिमेकी मुलुकहरूमा भइरहेको राजनैतिक मत-मतान्तर, धार्मिक र सामाजिक मतभेदका कारणहरूबाट सिर्जना भएको कलहहरूलाई आतंकवादी समूहहरूबाट अतिनै भयावह र निकृष्ट मानव संहारका घटनाहरू घटाउने कार्यहरू हुँदै आएको छ। यसै परिप्रेक्षमा हाम्रो राष्ट्रमा पनि यस्ता घटनाहरू र शैलीहरूको प्रवेशले राष्ट्रिय नेता र उच्च ओहदाका व्यक्तिहरूउपर हुनसक्ने सांघातिक हमला र अन्य विध्वंसात्मक घटना विरूद्ध कारवाही गर्न र त्यस्ता घटना हुन नदिन आतंककारी विरूद्ध प्रहरी कारवाहीको कार्ययोजनाको विकास गर्न संगठन अगाडि बढेको छ। सूचना संकलन गरी सुरक्षाको कार्ययोजना तयार राख्ने कार्य सर्वत्र प्रहरी संगठनको दायित्व भित्र रहने यथार्थलाई मध्यनजर राखी राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रहरी संगठनहरूसंग सम्पर्क राखी यस्ता गतिविधिको अभिलेख राख्ने एउटा इकाईको गठनलाई प्राथमिकता दिन परेको छ।

संगठनको प्रत्येक वर्गको सेवाप्रतिको समर्पणलाई अक्षुण्ण राख्न सेवाले प्रदान गर्नुपर्ने विविध सहुलियत र सुविधालाई पूर्णरूपमा ध्यानमा राखी शिक्षा, स्वास्थ्य र विविध पक्षमा विशेष ध्यान दिइएको छ र आगामी दिनहरूमा कल्याण योजना अन्तर्गत विविध क्षेत्रमा सेवा अभिवृद्धि गराउँदै लगिने छ।

**नेपाल प्रहरीको इतिहास अनगिन्ति वीर, ज्ञात अज्ञात अमर प्रहरीको साहसिक र सह्राहनीय योगदानका गाथाले भरिपूर्ण छ। ती अमर प्रहरीको योगदानलाई आजको प्रहरी कर्मचारीको प्रेरणाको श्रोत बनाउने र सेवामा आफ्नो प्राण अर्पण गर्ने अमर प्रहरीको संझना गर्ने प्रतीकको आवश्यकतालाई हृदयंगम् गरी दुइवर्षभित्र पूर्णरूपमा निर्माण गर्ने अभिप्राय लिई थालनी गरिएको प्रहरी स्मारकको निर्माण कार्य तीब्रतर रूपमा भइरहेको छ।**

अवकाश प्राप्त कर्मचारीहरू सेवा पश्चात् उत्पादनशील कार्यमा संलग्न रही पूर्ण सम्मानका साथ जीविकोपार्जन गर्न सक्ने स्थिति बनाईराख्न विशेष ध्यानदिनु पर्ने अपरिहार्यतातर्फ प्रशासन विभागलाई योजना अभिभारा दिइएको छ।

संगठनको इतिहासलाई लिपिवद्ध गर्ने र अवकाश प्राप्त प्रहरी कर्मचारीहरूप्रति सम्मान अभिवृद्धि गराउने र अवकाश प्राप्त प्रशिक्षित जनशक्तिको प्रहरी कार्यमा सहयोग सेवा कार्यलाई अगाडि बढाउन पर्ने अपरिहार्यतालाई महसुस गरी



जनसमुदायका बीचमा प्रहरी महानिरीक्षक।
The IGP among members of the public.



तन्दुरूस्तीको लागि सन्तुलित खाना। प्रहरी महानिरीक्षकबाटप्रहरी खाद्य भण्डारको निरीक्षण।
Balanced diet for health. Inspecting the police food stores while inspecting the police office.

अवकाश प्राप्त कर्मचारीहरूसंगको सम्पर्कलाई निरन्तरता दिइनु परेको छ।

संगठनको विविध पक्षमा सोचिएको सुधारका प्रयासहरूमा श्री ५ को सरकारले दृढता र प्रत्येक दर्जाका अधिकृत जवानहरूको सत्प्रयासबाट निश्चित प्रगति हुने कुरामा मेरो पूर्ण विश्वास रहेको छ, भन्ने धारणा व्यक्त गर्नु हुन्छ।

नेपाल प्रहरीले आजको बदलिंदो परिवेशमा आफ्नो भूमिकालाई निर्वाह गर्न व्यावसायिक सीपको विकास, परिमार्जित संगठनात्मक स्वरूप, वैज्ञानिक तथा विशिष्ट कार्यनीति तथा मानवीय पक्षलाई बढी अंगीकार गरी अगाडि बढ्न पर्ने समयको माग रहेको छ। यसै परवेशमा नियन्त्रणको दायरा [SPAN OF CONTROL], निर्णय प्रक्रियामा सरलता [DECISION FLEXIBILITY] र सेवाको विशिष्टता [QUALITY OF SERVICE] लाई ध्यानमा राखी कार्य विभाग तथा प्रशासन विभाग अन्तर्गत समग्रमा प्रहरीको कार्यहरू समेटी अगाडि बढ्दै गइरहेको परिप्रेक्षमा दुवै विभागले हालसम्म गरेका कार्यहरू सम्बन्धमा दुवै विभाग प्रमुखहरूको धारणा यहाँ उल्लेख गर्नु प्रासंगिक ठानिएको छ।

नेपाल प्रहरी सेवामा प्रहरी निरीक्षकको खुल्ला प्रतियोगिताबाट बि.सं. २०२७ मा आफ्नो सेवा प्रारम्भ गर्नु भएका **प्रहरी अतिरिक्त महानिरीक्षक अच्युत कृष्ण खरेलले** प्रहरी संगठनको विविध क्षेत्रहरूमा कार्यरत् रहनु भई स्वदेश तथा विदेश दुवै क्षेत्रको विविध अनुभव बटुल्नु भएको छ। आफ्नो सेवाप्रतिको कर्तव्यनिष्ठाको कदर स्वरूप **श्री ५ महाराजाधिराज सरकार**बाट विख्यात त्रि.स.प. तेश्रोबाट विभूषित हुनु भएका प्रहरी अतिरिक्त महानिरीक्षक संगठनभित्र प्रगतिकामी [PROGRESSIVE] विचार राख्ने अधिकृतको रूपमा चिनिनु हुन्छ। उहाँले कार्य विभागको जिम्मेवारी वहन गर्नु भएपश्चात् श्री ५ को सरकारको नीति र विभागीय प्रमुखको कार्यनिर्देशन [LINE OF ACTION] लाई विविध योजना र कार्यक्रमहरूको माध्यमबाट कार्यान्वयन गर्दै आउनु भएको छ। उहाँको सोचाइमा राजनैतिक मत - मतान्तर, जनताको असीमित चाहना, बढ्दो शहरीकरण र औद्योगिकीकरणले सामाजिक मूल्य र मान्यतामा ल्याएको ह्रासबाट सुरक्षाका यावत् चुनौतिहरू सिर्जना भएका छन्। कार्य विभागले आफ्नो अन्तर्गतका अपराध अनुसन्धान महाशाखा, सुरक्षा महाशाखा सबैलाई स्पष्ट कार्यनीति तोकी निश्चित लक्ष्य राखी सुरक्षा कार्य अगाडि बढाउँदै आएको छ। शान्ति सुरक्षासंग सम्बन्धित सम्पूर्ण कार्यहरूमा स्पष्ट कार्यनीति, निरन्तर सुपरीवेक्षण र समयानुकूल आवश्यकताहरूको [LOGISTICS SUPPORT] उपलब्धतामा विशेष ध्यान पुऱ्याइएकोले विगतका वर्षमा भएका विविध घटनाहरूमा धनजनको क्षतिलाई सह्यनीय रूपमा न्यून गरिएको छ।



अपराध अनुसन्धान भन्दा नियन्त्रण पक्षलाई सबल बनाइएको कारण अपराधको घटनाहरू धेरै कम भएको आँकडाले प्रष्ट पारेको छ। मुख्य शहरहरूमा भएका केही विशेष सार्वजनिक महत्व राख्ने अपराधको सफल अनुसन्धानबाट प्रहरीको कार्य दक्षतामा भएको प्रगति झल्काउँदछ। अपराध नियन्त्रणको पक्षमा प्रहरीको तैनाथीमा अभिवृद्धि, सवारी गस्ती, पैदल गस्तीमा वैज्ञानिक परिपाटी, जनताबाट खबर आदान-प्रदान, अपराध रोकथाम सम्बन्धी जनचेतनामा अभिबृद्धि [AWARENESS] जस्ता विविध गतिविधिको कार्यान्वयनबाट अपराध रोकथामको पक्ष अतिनै प्रभावशाली रूपमा अगाडि बढेको छ।

अपराध अनुसन्धानको जटिल कार्यमा प्रहरीले आफ्नो सम्पूर्ण योग्यता र सीपको प्रयोग गरी बटुलेको सबूद प्रमाणको परीक्षणकार्यमा देखिएको समस्यालाई दृष्टिगत गरी प्रहरी संगठनभित्रनै एउटा स्तरीय प्रहरी विधिविज्ञान प्रयोगशालाको स्थापना अपरिहार्य भएकोले त्यसको विकासको लागि प्रयास अगाडि बढाई सकेको छ। अपराधलाई सबूद प्रमाणको आधारमा पुष्टि गरी अदालत समक्ष अपराधीलाई पुऱ्याउने प्रक्रियामा वैज्ञानिक साधन र उन्नत प्रविधिको प्रयोगमा विशेष ध्यान पुऱ्याइएको छ। परम्परागत रूपमा यातनाबाट अपराध खुलाउने प्रवृत्तिलाई पूर्णतः हालको प्रहरीले परित्याग गरेको उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

प्रक्रियागत त्रुटिबाट अपराधीले अपराध अनुसारको सजाय यदाकदा नपाउने स्थितिलाई



प्रहरी अतिरिक्त महानिरीक्षक अच्युतकृष्ण खरेल मध्यक्षेत्रको निरीक्षणको क्रममा।
Additional Inspector General of Police Achyut Krishna Kharel in the course of inspecting the central region.



जनताको जीउ-धनको सुरक्षा गर्नु प्रहरीको कर्तव्य हो। काठमाडौंमा गत भदौ ३ गतेको घटनामा जलाइएको सवारीको आगो निभाउने कार्यमा तल्लीन प्रहरी बारुण यन्त्र।
Safeguarding the life and property of the public is the duty of the police. The police fire brigade saving a burning vehicle during an incident in Kathmandu on Bhadau 3.

मध्यनजर राखी आवश्यक कानूनी सुधारको लागि विस्तृत अध्ययन पश्चात् मन्त्रालयमा पत्राचार गरिसकेका छौं। जनताले सुरक्षाको प्रत्यक्ष अनुभूति गरी आफ्नो व्यक्तिगत तथा सामूहिक विकासको कार्यमा निर्वाध रूपमा समर्पित रहनसक्ने स्थितिको स्थापनामा प्रहरी शक्तिको परिचालन व्यापक गरिएको छ। प्रहरीले जनताको उजूरी लिने र तत्पश्चात् पुऱ्याउनु पर्ने सुविधाहरू निष्पक्ष, नीर्भिक र सेवाभावले उपलब्ध गराउने तत्परता अभिबृद्धिमा विशेष जोड दिइएको छ। विभागीय नीति अनुरूप कार्य संपादनमा उदासीन प्रहरी कर्मचारीलाई विभागीय नियमानुसार कारवाहीमा समेत अभिबृद्धि गरिएको छ।

राष्ट्रको सरकारप्रमुखको सुरक्षाको प्रत्यक्ष जिम्मेवार प्रहरी संगठनले यस वर्ष सुरक्षा कार्यमा विशेष ध्यान पुऱ्याएको छ। अति संवेदनशील जिम्मेवारीको लागि उपयुक्त जनशक्तिको चयन र तालीमतर्फ विशेष ध्यान राखी समुचित सुरक्षा प्रणाली अपनाइएको छ। यसको अतिरिक्त राष्ट्रप्रमुखको विभिन्न सवारी, विदेशी विशिष्ट अतिथिहरूको सुरक्षा त्रुटिरहित रूपमा गरिंदै आएको छ। वैज्ञानिक श्रोत र साधनको प्रभावकारीतालाई मध्यनजर राखी यसको उपयोगतर्फ विभागलाई आवश्यक राय प्रस्तुत गरिएको छ।

संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापना कार्यमा नेपाल प्रहरीबाट ५० जना युगोस्लाभियामा र ५० जना अधिकृत मोजाम्बिकमा कार्यरत् छन्। शान्ति प्रवोधकहरूको कार्यबारे स्थलगत भ्रमण समेत गरी आवश्यक निर्देशन प्रदान गर्ने कार्य पनि गरिएको छ। यस विभाग अन्तर्गतका U.N. शाखाले शान्ति प्रवोधकहरूको कार्यको UNITED NATIONS संग सम्पर्क कायम गर्ने र उनीहरूको अन्य आवश्यक प्रबन्धको जिम्मेवारी सम्हालेको छ।

सूचना प्रवाह र सम्पर्कलाई प्रहरी कार्य सफलताको आधारशिलाको रूपमा मान्न सकिन्छ। यसर्थ संचार र सवारीको व्यवस्थालाई अधिक बनाउने विभागीय नीतिलाई कार्य विभागबाट अधिराज्यका विकटता, संवेदनशीलता समेतलाई मध्यनजर राखी प्राथमिकताको आधारमा यस आर्थिक वर्ष २०५१।५२ मा २४४ स्थानमा HF र १६१ स्थानमा VHF संचार स्टेशन स्थापना गरिएको छ। उपत्यकामा UHF संचार व्यवस्था कायम. गरिएको छ। सवारीसाधनको हकमा यसवर्षदेखि तराईको "क" वर्गको ई.प्र.का. मा समेत सवारीसाधन उपलब्ध गराइएको छ। उपत्यकाको व.प्र.का. र प्राय सबै ई.प्र.का. मा सवारीसाधनको व्यवस्था गरिसकेको छ। यस आर्थिक वर्षमा विभिन्न किसिमका गरी जम्मा १६२ वटा नयाँ सवारीसाधन उपलब्ध गराइएको छ। अझै पनि प्रहरी परिचालन [MOBILITY] लाई समयसापेक्ष र वृहद [INTENSIVE] गराउँदै जान सवारीसाधनको आपूर्तिलाई बढाउँदै जानु पर्ने देखिन्छ।

समष्टिगत रूपमा हेर्दा संगठनको गतवर्ष लक्षित योजनालाई कार्य विभागबाट धेरै हदसम्म पूरा गर्न सकेको उहाँको धारणा रहेको छ।

प्रहरी निरीक्षकको खुला प्रतियोगिताबाट आफ्नो सेवा प्रारम्भ गर्नु भएका **प्रहरी अतिरिक्त महानिरीक्षक ध्रुव बहादुर प्रधानले** संगठनको विविध क्षेत्रमा विविध दायित्वहरूलाई सफलतापूर्वक निर्वाह गर्नु भई एउटा योग्य प्रहरी अधिकृत र कुशल प्रशासकको रूपमा आफ्नो विशिष्टता कायम गर्नु भएको छ। कानून र विज्ञानमा स्नातक र जनप्रशासन विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नु भई विशेषतः संगठनको विकासको विविध योजनाहरूमा संलग्न रहँदै आउनु भएका र प्रहरी सुधार सुझाव आयोगमा समेत कार्यरत् रहनु भई जनताको इच्छा बमोजिम सेवा प्रदान गर्न र आजको परिवर्तित जटिल परिवेशको विविध समस्यासंग जुध्न सक्षम प्रहरी शक्तिको विकासमा उहाँले विशेष योगदान पुऱ्याउँदै आउनु भएको छ। संगठनको विकासमा विगत वर्षदेखि प्रहरी प्रशासन विभागको प्रमुखको हैसियतले कार्यरत् रही विभागको नीति र लक्ष्य प्राप्तिमा अपनाउनु भएको कार्यक्रम र त्यसको प्रभावकारिताको विषयमा उहाँले व्यक्त गर्नु भएको धारणा यसप्रकार रहेको छ।

बहुआयामिक विकासको लागि तत्काल [IMMEDIATE] र दूरगामी [LONGTERM] प्रभाव पर्ने कार्यहरूमा विभागको गतिलाई प्रवाहित गराई सकारात्मक प्रभावका किरणहरूको अनुभूति भएको उहाँ बताउनु हुन्छ। संगठनप्रति जनताको नकारात्मक अवधारणालाई हटाउने प्रयासलाई प्राथमिकता दिई सेवाभावले प्रेरित प्रहरी जनशक्तिको तयारीमा विभागको नीतिलाई पूर्णतः अवलम्बन गरिएको छ। संगठन विकासको प्रयासमा समाजको हितका निम्ति परिलक्षित रहनुपर्ने यथार्थमा रही विभागीय नीति र श्री ५ को सरकारबाट प्राप्त रकमको परिधि तथा उपलब्ध मानवश्रोतभित्र रही यसलाई परिचालन गर्न अतिनै प्रभावकारी [METICULOUS] योजना कार्यन्वयनमा प्रशासन विभाग केन्द्रित रहेको छ।

जनपद र सशस्त्र प्रहरीलाई वर्गीकरण गरी आ-आफ्नो निश्चित जिम्मेवारी तोकिएको छ। प्रजातन्त्रको खुला परिवेशमा भइरहने विरोध, सभा, जुलुस र हडताल जस्ता गतिविधिलाई निश्चित परिधिभित्र राखी हिंसक गतिविधिबाट समाजलाई रोक्न मध्य क्षेत्र तथा पूर्व क्षेत्रमा १।१ दंगा गण





उप-निर्वाचनको क्रममा निर्वाचन सुरक्षामा तैनाथ प्रहरीहरू।
Police personnel ensuring security during a by-election.

गठन गरिएको छ। सेवा विशिष्टीकरण गर्ने लक्ष्य अनुरूप उपत्यका अपराध अनुसन्धान समूहको गठन भैसकेको छ। आगामी दिनहरूमा ट्राफिक निर्देशनालय, [CAPITAL POLICE] राजधानी प्रहरीको गठन बारे श्री ५ को सरकार समक्ष प्रतिवेदन प्रस्तुत गरिएको छ। निष्कृय रूपमा रहेको विगत केही समय यता ठूलो रकम खर्च गरी खरिद गरिएको कम्प्यूटरलाई वर्तमान प्रहरी महानिरीक्षकको पहलमा [INITIATIVE] उत्साहपूर्ण रूपमा हाल कार्य संचालन भइरहेको छ। प्रहरी प्रधान कार्यालय भित्रको LOCAL AREA NETWORKING लाई पूरा गराई आगामी वर्ष क्षेत्रहरूसंग सम्पर्क कायम राख्ने दिशातर्फ अगाडि बढेका छौं। विभिन्न अभिलेख र वितरण प्रणालीको अद्यावधि रेकर्ड कायम राख्न SOFTWARE तयारीमा पूर्ण रूपमा जुटेका छौं।

जनशक्ति तयारीको सन्दर्भमा विद्यमान तालीम प्रक्रियालाई सुधार गरी समयसापेक्ष बढी व्यावसायिक तालीम पाठ्यक्रम विकासमा पूर्णतः विभाग अगाडि बढेको छ। यसै सन्दर्भमा प्रजातान्त्रिक परिपाटीमा प्रहरीले अंगीकार गर्नुपर्ने विविध भूमिकामा पूर्ण सक्षम रहन तालीम कार्यक्रममा, मानव अधिकारका विविध पक्षहरू [HUMAN RIGHTS ISSUES], सांस्कृतक संवेदनशीलता [CULTURAL SENSITIVITY] र विविध मानवीय पक्ष [HUMAN FACTORS] हरू समावेश भएको पाठ्यक्रम विकासमा विशेष जोड दिइएको छ। प्रतिष्ठानको स्थापना पश्चात् प्रतिष्ठान अनुरूपको शैक्षिक वातावरणको तयारी र जनशक्ति उत्पादनलाई प्रमुख प्राथमिकता दिइएको छ। संगठनको आवश्यकतालाई मध्यनजर राखी के कस्ता जनशक्तिको आवश्यकता पर्दछ, अध्ययन पश्चात् वार्षिक तालीम क्यालेण्डर तयार गर्ने परिपाटीलाई अझै वैज्ञानिक र प्रभावकारी यस वर्ष बनाइएको छ।

पाठ्यसामग्रीको अभावलाई दृष्टिगत गरी यस वर्ष प्रहरी व्यवसायको विविध पक्षलाई समेटी पुरानो पुस्तकहरूलाई परिमार्जित [REVIEW] र नयाँ विषयवस्तुको पुस्तकहरू प्रकाशन गरिएका छन्।

स्वास्थ्य र मनोरन्जनलाई दृष्टिगत गरी खेलकूदमा निरन्तरता प्रदान गरिएको छ। विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रहरी खेलाडीको सहभागिता अभिवृद्धि भएको छ। केन्द्रीय स्तरमा मल्टी जीम [MULTI GYM], विलियर्ड [BILLIARD] स्थापना गरिएको छ र आगामी दिनमा क्षेत्रीय स्तरमा पनि थप गर्दै जानेछ।

प्रहरीको कार्यको प्रकृतिलाई मध्यनजर राखी व्यक्तिगत सुरक्षा र कार्यक्षमता अभिवृद्धि गराउने उद्देश्य अनुरूप उच्च स्तरीय वैयक्तिक सामग्री [INDIVIDUAL EQUIPMENT] र अन्य सामग्रीहरू खरिदतर्फ विशेष ध्यान दिई आधुनिक उच्चस्तरीय सामग्री आपूर्ति गरिएको छ। भीड नियन्त्रण तथा अन्य प्रहरी कारवाहीमा कम क्षति पुऱ्याउन तर प्रभावकारी सामग्रीहरू आपूर्ति गरिएको छ।

भौतिक सुविधालाई आत्मनिर्भर हुने प्रक्रिया अन्तर्गत यस वर्ष अधिराज्यभरि गरी १३० वटा निर्माण कार्यमा ५१ वटा पूरा भैसकेका र बाँकी ७९ वटा निर्माणाधीन अवस्थामा रहेका छन्। विभिन्न स्थानमा गरी जग्गा खरिदतर्फ ३३० रोपनी र जनसहयोगबाट ७७० रोपनी जग्गा उपलब्ध भएको छ। उपत्यकामा घरभाडाको जटिल समस्यालाई दृष्टिगत गरी उपत्यका बाहिरका प्रहरी अधिकृतहरूको लागि सिनियर अधिकृत आवासमा आत्मनिर्भर गराउने लक्ष्य अनुरूप यस वर्ष अधिकृतहरूलाई आवासको व्यवस्था गरिएको छ। जुनियर अधिकृत र प्र.ह. लाई समेत आवास व्यवस्था गरिएको छ।

प्रहरी कल्याण योजनालाई अझ विस्तृत र वृहद बनाउने योजना अनूरूप आर्थिक श्रोतको विविध कार्यक्रम लागू गरिएको छ। बुटवलमा सपिङ कम्प्लेक्स, काठमाडौंको भृकुटीमण्डपमा सपिङ्ग कम्प्लेक्सहरूको निर्माण पूरा हुने क्रम रहेको छ। पेट्रोल पम्पहरूको स्थापनाबाट आय हुने वार्षिक मुनाफाबाट कल्याण फण्डमा विशेष योगदान पुगेको छ। शैक्षिक क्षेत्रमा दीपेन्द्र प्रहरी स्कूलको क्षमतामा अभिवृद्धि गरी बढी भन्दा बढी प्रहरीको सन्ततिलाई शिक्षाको सहुलियत उपलब्ध गराउने कार्यक्रमहरू अगाडि रहेको छ। यसवर्ष ७५ जिल्लामा प्रहरी जवान तथा परिचरहरूको जेहेन्दार सन्ततिलाई शिक्षाको लागि आर्थिक सहायता अनुरूप मासिक रू. २००/- को व्यवस्था गरिएको छ। स्वास्थ्यको क्षेत्रमा भू.पू. हरू र प्रहरी परिवारको आश्रितहरूलाई समेत विशेषज्ञको सुविधा उपलब्ध गराइएको छ। यसवर्ष सुदूर पश्चिम क्षेत्रमा १५ शैय्याको क्षेत्रीय अस्पताल निर्माणतर्फ आवश्यक पूर्वाधार जुटाउने कार्य शुरू भैसकेको छ। सीपमूलक व्यावसायिक तालीम प्रदान गर्नेतर्फ अध्ययन जारी राखिएको छ र विविध क्षेत्रहरूमा सेवा र सहयोग उपलब्ध गराउने कार्य थालनी गरिएको छ।

**सूर्यको किरणले विहानीको तुवाँलो हटाई प्रकृतिको मनोरम सुन्दरतालाई उद्भासित गरे झैं नेपाल प्रहरीको सुनौलो इतिहासले वर्तमानलाई डोऱ्याई भविष्यको सुनौलो परिकल्पनातर्फ अग्रसर हुने क्रममा नयाँ क्षितिजको आभाष शुभसंकेतको रूपमा देखिन थालेको छ।**



प्रहरी : उद्धारकार्यमा।
Police engaged in relief operation.




जनचाहना अनुरूप कार्यशैलीमा गर्नुपर्ने परिमार्जनका सम्बन्धमा
प्रहरी महानिरीक्षकबाट अधिराज्यका वरिष्ठ प्रहरी अधिकृतहरूलाई सम्बोधन।
The IGP addressing senior police officers on
public aspirations and police operational procedure.

# Towards new horizons

Nepal Police was formally established in 1955. During various political systems and times in Nepal's history, the police were used more for individual ends and for supporting the ruling government. This has changed since the restoration of multi-party democracy. Now police work is much more comprehensive and sensitive, in which the concept of **"police force"** has given way to **"police service"**.

At the present, Nepal Police is rapidly becoming public-oriented and fully professional, mainly because of strong leadership, well-organized management and high morale among the police. This is specially evident under the current Inspector General of Police, whose tenure has made Nepal Police able to remove all doubts and chaos and move positively towards organizational goals.

The Inspector General of Police had formulated a two-year plan after taking over the helm of Nepal Police. Here we present his analysis of the achievements during that phase and future plans to fulfill Nepal Police's goals. The police organization has established itself as an extensive organization. Considering the changing social context, the course of national and international events, and the new scenarios emerging in crime and criminal methods, it is certain that the police organization will be expanding further in the days ahead. Since the development of the administrative machinery is vital for maximum mobilization of the human and physical resources, the program to impart training to all officer-level police personnel on a compulsory basis has been on-going. Another objective is to widen specializational trainings in order to enhance the necessary skills of every police member to enable him to fulfill his responsibilities. The services of a consultant from the highly-regarded British police have been made available to the National Police Academy for a year so that the Nepal Police can gain from the experience and specialty of the British police.

It is unfortunate that the time we ought to be spending in regular training is spent on maintaining law and order in an environment where certain individuals and organizations create chaos for their personal benefits. In this context, it is very necessary that we incorporate the suggestions given to us by the **Police Reform Recommendation Commission** so that we can formulate short-term and long-term goals for our organization. As we wish to be more public-oriented, we want to point out community decaying factors to our communities, establish partnership to obliterate those factors on the basis of community policing, and incorporate school-liaison program and other awareness-increasing activities.

Given the sensitive issue of **human rights in the world**, Nepal Police has been very alert in incorporating international human rights charters in its professional activities. **It fully understands that protection of human rights is the foundation of democracy.**

Nepal Police has committed itself to saving the life and property of the Nepalese citizens during natural disasters. It has also extended its help internationally by helping protect peace in former Yugoslavia, Mozambique and Cambodia at the request of the United Nations. Furthermore, Nepal Police is committed to discouraging drug abuse and drug trade, which has become an international problem. International terrorism, which has disrupted peace all over the world, is also a concern for Nepal Police. It is common that terrorists take advantage of political differences and social and religious strife. Taking into account the possibility of terrorist strikes against national leaders and other disruptive



शिन्सु विश्वविद्यालयका प्रो. यामादा र उहाँका सहयोगीहरूसंग प्रहरी महानिरीक्षकज्यू
The IGP with Prof. Yamada of Shinsu University and his associates.



प्रहरीका सन्ततिको शिक्षाबारे जानकारी हासिल गर्ने क्रममा
प्रहरी महानिरीक्षकज्यू दीपेन्द्र प्रहरी विद्यालय, दाङमा।
The IGP at DPBS Dang being apprised about the education of the children of police personnel.

activities in our country also, Nepal Police has initiated anti-terrorist procedures.

Since gathering information about terrorist movements and preparing appropriate security measures lie within the responsibility of the police, the establishment of an unit to exchange information with national and international police organizations is a priority issue.

Nepal Police is specially aware of the **enhancement of police morale** through various welfare schemes. We have paid special attention to service in education, health and other sectors. For this it has established a Welfare Plan under which various sectors of the police and its family will be provided with services. The organization is also working toward building a Police Memorial to remember those police in Nepal's history who have given their lives in the service of the country. Those police members who have retired are also given priority in the police plan. The administrative division has been entrusted with the responsibility of ensuring that these retirees are able to make a honorable living after retirement and that they are in constant contact with the organization so that their help can be sought in police work.

Given the changing conditions of today's world, and in order for Nepal Police to have effective span of control, decision flexibility, and quality of service in police work, two specific departments have been entrusted with specific police functions. In this context, it is therefore appropriate that we include the opinions of the heads of the Operation Department and the Administration Department regarding the achievement and future plans.

**Operation Department**

Additional Inspector General of Police Achyut Krishna Kharel, who joined the police service as gazetted officer through an open competition in 1970, has worked in various departments and has gained immense valuable experiences nationally and internationally. Decorated with Trishakti Patta III by **His Majesty the King**, he is known as a progressive officer in the department. Since taking over as chief of the Operation Department, he has efficiently implemented various plans and programs of His Majesty's Government incorporating the line of actions of the Inspector General. In his opinion, political strife, infinite expectations of the public and increasing industrialization have provided new challenges in the area of security. Towards this end, the crime investigation department and the security department under the Operation Department have been operating with specific goals.

Focusing more on **crime control** than in **crime investigation** has led to a significant decrease in criminal activities in the country. For crime control, Nepal Police has been employing activities such as a scientific approach in mobile patrolling and foot patrolling, communication and information sharing from the public, and inculcate awareness among the public about crime prevention. In the area of crime investigation, a necessity is felt for a scientific laboratory where the evidence to a criminal case can be corroborated scientifically. In this context, it is appropriate to mention that the police have totally abandoned the traditional way of proving the confession from criminals through inhumane manner.

It is the police's duty to ensure that the public feels secure to go about its daily routine. Therefore, Nepal Police has been stressing that public complaints and reports should be solved with **objectivity, courage and an attitude of service**. As the police is also directly responsible for providing security to the head of the government, appropriate training and human resources have been optimized to provide maximum security. Technical assistance will be further incorporated to enhance security of VVIP and other special dignitaries in the future.

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४६ औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारमा चिरायु, सुस्वास्थ्य तथा अटल सौभाग्यका लागि सभक्ति मंगलमय शुभकामना टक्रयाउँदछौं।



राजकुमार नार लोली
आर्दशनगर, विरगंज
फाने नं. २१८४०

जे. पी. अग्रवाल
आर्दशनगर, विरगंज
फाने नं. २१८४०

At the request of the United Nations, Nepal Police has sent 50 officials to former Yugoslavia and 50 to Mozambique. The U.N. section under the Operation Department has the job of co-ordinating among the Nepalese contingent, United Nations and other departments.

As communication is the foundation of good police work, Nepal Police has established HF stations in 244 areas and VHF stations in 161 areas of the country in fiscal year 1993/94. As for vehicle distribution, starting this year even the "Ka" category area police offices have been provided with vehicles. In the Kathmandu Valley, all ward police offices and almost all area police offices are equipped with vehicles. The number of new vehicles of various types provided during the fiscal year 1993/94 was 162, with more planned in the future.

**Administration Department**

Additional Inspector General of Police Dhruba Bahadur Pradhan has been successfully performing his duties at various departments since he joined the police service. **A Bachelor in Law and Science and a Master in Public Administration**, he has been specially active in development of the blueprints for police organization in the past and has worked in the **Police Reform Recommendation Commission.**

He states that the Administration Department has been moving forward with its immediate and long-term goals in the multi-faceted development efforts of the organization. The department has been meticulous in remaining within its budget and at the same time utilizing the human resources to the maximum degree so that the public can view the police in a more positive light.

·In order to prevent the violence that might emanate from the protests, gatherings and strikes in our new democracy, one unit of riot control battalion each has been established in the country's central region and eastern region. In the coming days, there will be a **Capital Police in** Kathmandu. The computer section has been totally activated. The local area networking within the Police Headquarters will be completed this year and wide area networking is our next priority. A software system is also being developed to keep our police and criminal records.

The Administration Department has been moving forward in developing course materials designed to make the police more cautious towards **human rights, cultural sensitivity** and other **human factors** in their work.

Appropriate all round development of human resources in the organization has been stressed at the National Police Academy. The old training courses and materials have been reviewed and replaced by new updated materials. Even in the field of sports, at the central level a multi-gym and a billiard board have been installed, which will soon be a common feature at regional levels.

To increase the safety of police personnel and their work potential, procurement of standard quality individual equipment and unit equipment has been emphasized. In the area of physical facilities, Nepal Police has constructed 51 buildings this year, with 79 under construction throughout the Kingdom. Similarly, 330 *ropanis* of land have been purchased while 770 *ropanis* have been acquired through public help.

Under the Police Welfare Plan, a shopping complex in Butwal and in Kathmandu's Bhrikuti Mandap are under construction. In education, Dipendra Police Boarding School has been active in providing education to the children of the police. Similarly, economic assistance of Rs. 200 per month for the education of the bright children of police constables in 75 districts has been initiated from this year onwards. A plan is already underway to construct a 15-bed regional hospital in the far western region.

It is not an exaggeration to say that the golden past of Nepal Police is guiding its present and will take it to the bright rays of the future.





डानिडाका प्रतिनिधिहरूसंग रा.प्र.प्र.प्र. को विकास सम्बन्धी छलफल

AIGP Discussing plans to improve National Police Academy with DANIDA Representatives.











# वार्षिक प्रहरी गतिविधि
# २०५०-५१
# A Pictorial Flashback of 1993-94

# वार्षिक प्रहरी गतिविधि
# A PICTORIAL FLASHBACK OF 1993-94

### २०५० असोज

२९ - स्थानीय निकाय तथा महानुभावहरूको सहयोग जुटाई प्रहरी चिकित्सक टोलीद्वारा दीपायल, मंगलसेन, सांफेबगरमा निःशुल्क स्वास्थ्य शिविर खडा गरी स्वास्थ्य सेवा प्रदान।

### Asoj 2050
### (September-October 1993)

**29** - A police medical team organized a free health camp and provided health services at Dipayal, Mangalsen and Sanfebagar with the cooperation of local units and people.



### २०५० कार्तिक

२१ - बाढी पहिरोबाट पीडित ४३५ जना प्रहरी अधिकृत तथा जवानहरूलाई प्रहरी कल्याण कोषबाट करिब ३ लाख आर्थिक सहयोग। वीरगति प्राप्त गरेका प्रहरी जवान नरेन्द्र प्रसाद श्रेष्ठको परिवारलाई सोही कोषबाट रू. २५,०००।- सहयोग। श्री श्रेष्ठले नवलपरासी जिल्ला स्थित झराई खोलामा आएको बाढीले बगाई ल्याएको बच्चालाई उद्धार गरेपछि पानीको भुमरीमा परी वीरगति पाउनु भएको थियो।

### Kartik 2050
### (October-November 1993)

**21** - Financial assistance amounting to Rs. 3,00,000 was provided from the Police Welfare Fund to 435 police officers and other police personnel affected by floods. The family of Police Constable Narendra Prasad Shrestha who died in a flood relief operation was also provided assistance of Rs. 25,000 from the Fund. Mr. Shrestha was killed when he got caught in a whirlpool after saving a child being swept away by the Jharai Khola in Nawalparasi district.



२१ - काठमाण्डौंमा नेपाल भूतपूर्व प्रहरी संघको दोश्रो राष्ट्रिय सम्मेलन आयोजना।

**21** - The second national convention of Nepal Ex-Policemen's Association was held in Kathmandu.



२३ - **श्री ५ बडामहारानी सरकारको** ४५ औं शुभजन्मोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीद्वारा बीटिङ्ग रिट्रीट कार्यक्रम प्रस्तुत। सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो।

**23** - On the occasion of the 45th Auspicious Birthday of **Her Majesty the Queen**, the Nepal Police organized the Beating the Retreat program. The Rt. Hon. Prime Minister Girija Prasad Koirala was the Chief Guest at the program.

२३ - महाराजगंजमा जुनियर प्रहरी अधिकृत तथा जवानहरूको परिवारका लागि करीब ३२ लाख रूपैयाँको लागतमा निर्माण हुने आवास भवनको प्रहरी महानिरीक्षकबाट शिलान्यास।

**23** - The Inspector General of Police laid the foundation stone of a residential building being built at a cost of Rs. 3.2 million for the families of junior police officers and constables at Maharajgunj.




### २०५० मंसीर

१८ - घातक एड्स रोग नियन्त्रण बारेमा जनचेतना जगाउने क्रममा महिला प्रेरणा समूहद्वारा प्रहरीका लागि अनुशिक्षण कार्यक्रम आयोजना।

### Mangsir 2050
### (November-December 1993)

**18** - An orientation program was organized for police personnel by the Mahila Prerana Samuha about raising public awareness for the control of the deadly disease AIDS.

१८ - क्षेत्रीय प्रहरी तालीम केन्द्र, भरतपुरद्वारा काठमाण्डौं नगरपालिकाको सुरक्षकहरूलाई प्रदान गरिएको ३ महिने नगर सुरक्षा तालीम सम्पन्न।

**18** - A three-month training course on city security was conducted by the Regional Police Training Center, Bharatpur, for the security personnel of Kathmandu Municipality.



२०५० पुस

१४ - श्री ५ महाराजाधिराज सरकारबाट प्रहरी कार्य दक्षता प्रतियोगिता २०५० मा प्रथम हुने क्षेत्रीय प्रहरी इकाई कार्यालय, रूपन्देहीका प्रमुखलाई *किंग्स ब्याटन* प्रदान।

**Push 2050**
**(December 1993-January 1994)**

**14 - His Majesty the King** presented the *King's Baton* to the chief of the Regional Police Unit Office, Rupandehi, which came first in the Police Work Efficiency Competition in 2050 (1993).




१५ - श्री ५ महाराजाधिराज सरकारको ४९ औं शुभजन्मोत्सव नेपाल प्रहरीले श्री ५ महेन्द्र पुलिस क्लबमा विविध सौँस्कृतिक कार्यक्रमको आयोजना गरी मनाइयो। श्री ५ युवराजाधिराज सरकार समारोहमा सवारी होइबक्सेको थियो।

**15** - On the occasion of the 49th Auspicious Birthday of **His Majesty the King**, the Nepal Police organized a variety cultural program at the Mahendra Police Club. His Royal Highness the Crown Prince graced the program.

२६ - प्रहरी महानिरीक्षकबाट पुस १७ गतेदेखि पूर्व क्षेत्र र मध्य क्षेत्रका विभिन्न प्रहरी कार्यालयहरूको निरीक्षण तथा स्थानीय प्रहरीहरूलाई विभागीय नीति र कार्य बारे निर्देशन।

**26** - Starting Push 17, the Inspector General of Police went on an inspection visit of police stations in the eastern and central regions and gave instructions on departmental policy and activities to local police personnel.



२०५० माघ

३ - २६ औं प्रहरी महानिरीक्षक शील्ड फूटबल प्रतियोगिता र प्रथम प्रहरी बुद्धिचाल प्रतियोगिता सम्पन्न। फूटबल प्रतियोगितामा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान विजयी भएको थियो।

**Magh 2050**
**(January-February 1994)**

**3** - The 26th IGP Shield Football Tournament and the first Police Chess Tournament was held. The National Police Academy won the football tournament.



४ - प्रहरी अतिरिक्त महानिरीक्षक अच्युत कृष्ण खरेलको नेतृत्वमा २ सदस्यीय प्रहरी टोलीले युगोस्लाभियामा शान्ति कायम गर्ने कार्यमा कार्यरत् नेपाल प्रहरीका प्रहरीहरूको गतिविधि बारेमा स्थलगत निरीक्षण र निर्देशन।

**4** - A two-member police team led by Additional Inspector General of Police Achyut Krishna Kharel made spot observation of activities and gave directions to the Nepal Police personnel engaged in peace-keeping operations in Yugoslavia.



५ - काठमाडौंमा प्रहरीले करीब ८ करोड ३२ लाख मूल्यका **११५ किलो ९२० ग्राम सुन र १६२ किलो २०० ग्राम अवैध चाँदी** सहित ४ जना व्यक्तिलाई पक्राउ।

**5** - Police arrested four persons along with 115 kilos and 920 grams of contraband gold and 162 kilos and 200 grams of silver worth about Rs. 83.2 million in Kathmandu.



### २०५० फागुन

१४ - भरतपुर नगरपालिका वडा नं. १ नमूना गाउँ चिमुरा स्थित नारायणी नदीमा प्र.ना.म.नि. रामकाजी बान्तवाबाट प्रहरी उद्धार नौका शुभारम्भ।

**Fagun 2050 (February-March 1994)**

**14** - The police rescue boat on the Narayani river at model village Chimura of Bharatpur Municipality Ward No. 1 was inaugurated.



१५ - कर्तव्यपालनमा अभूतपूर्व साहस देखाई प्राणोत्सर्ग गर्ने वीर प्रहरीहरूको सम्मानमा प्रहरी प्रधान कार्यालयको हाताभित्र प्रहरी महानिरीक्षकबाट प्रहरी स्मारकको शिलान्यास।

**15** - The Inspector General of Police laid the foundation stone of the police memorial inside the premises of Police Headquarters in honor of the brave police personnel who displayed extraordinary courage and gave up their lives in the line of duty.

१५ - काठमाडौं उपत्यकामा बढ्दो विकृति र अपराध प्रवृत्तिका संभावनालाई नियन्त्रण गर्न र अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन छुट्टा छुट्टै प्रहरी अनुसन्धान समूह र उप-समूहहरू गठन र कार्यारम्भ।

**15** - A separate police investigation group and sub-groups were established in order to control increasing degradation in the Kathmandu Valley and possible rise in criminal trends as well as to make investigative work more effective.

२० - फागुन १५ गते देखि नारायणी, जनकपुर, भरतपुरमा स्थानीय प्रहरीहरूलाई नेपाल अधिराज्यको संविधान, वर्तमान परिप्रेक्ष्यमा प्रहरीको काम-कर्तव्य, आचरण-व्यवहार, मानव अधिकार विषयमा स्थलगत अनुशिक्षण प्रदान।

**20** - From Fagun 15 (February 27) local police personnel of Narayani, Janakpur and Bharatpur were given on-the-spot orientation regarding the Constitution of the Kingdom of Nepal, the work of police in the present context, duties, procedure and behavior of the police, and human rights.

### २०५० चैत्र

५ - प्रहरी फुटबल खेलाडी देव नारायण चौधरी र सूर्यमान श्रेष्ठ मलेशियाको कगार टीमबाट अर्धपेशेवारको रूपमा खेल्न अनुबन्धित भई त्यसतर्फ प्रस्थान।

**Chaitra 2050 (March-April 1994)**

**5** - Police football players Dev Narayan Chaudhary and Suryaman Shrestha left for Malaysia after receiving a contract to play as semi-professionals with the Kangar team there.



१७ - प्रहरी सुधार सुझाव आयोगद्वारा श्री ५ को सरकारमा प्रतिवेदन प्रस्तुत।

**17** - The Police Reform Recommendation Commission presented its report to His Majesty's Government.

२६ - उपत्यका ट्राफिक प्रहरी कार्यालयको आयोजनामा २ दिने ट्राफिक व्यवस्थापन तथा वायु प्रदूषण नियन्त्रण गोष्ठी सम्पन्न। गोष्ठीमा यातायातसंग सम्बद्ध र सामाजिक संघ-संस्थाबाट पनि प्रतिनिधित्व।

**26** - A two-day seminar on traffic management and air pollution control was organized by the Valley Traffic Police Office. The seminar was participated in by representatives from transport-related institutions and social organizations.



१५ - **श्री ५ महाराजाधिराज सरकारबाट** प्रहरी अधिकृत तथा जवानहरूलाई पदकद्वारा सुशोभित। शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफबाट ४९ जना प्रहरीहरूलाई मान, पदवी, अलंकार बक्स भएको थियो।

**15** - **His Majesty the King** decorated police officers and constables. Forty-nine police personnel had been awarded medals and decorations on His Majesty's Auspicious Birthday.

२७ - वीरेन्द्र प्रहरी अस्पतालको वार्षिक उत्सव। प्रहरी कल्याण कोषबाट प्रहरीका परिवार तथा अवकाश प्राप्त प्रहरी कर्मचारीहरूको उपचारका लागि अक्षयकोषमा थप रु. ३५ लाख सहयोग र उनीहरूको उपचारको लागि शैय्या समेत थप

**27** - The anniversary of Birendra Police Hospital was celebrated. Assistance from the Police Welfare Fund amounting to Rs. 3.5 million was provided to the families of police and retired police personnel, and the number of beds increased for their benefit.

## २०५१ वैशाख

१ - नेपाल प्रहरीद्वारा काठमाडौं न.पा. ओडा नं. ३ र ४ महाराजगंजका केही क्षेत्रहरूमा सामुदायिक प्रहरी सेवा कार्यक्रम परीक्षणको रूपमा संचालन। कार्यक्रम अर्न्तगत स्थानीय व्यक्तिहरूबाट पर्यावरण सम्बन्धी, सौन्दर्य उपसमिति र युवा क्रियाकलाप समिति गठन भई कार्य भइरहेको।

## Baisakh 2051 (April-May 1994)

1 - Nepal Police initiated the community police service program at a few areas of Maharajgunj Ward Nos. 3 and 4 of Kathmandu Municipality on a trial basis. An environment beautification sub-committee and a youth activities committee, formed under the program by the local residents, are in operation.



२ - जापानको राष्ट्रिय प्रहरी एजेन्सीले प्रदान गरेको युजर टर्मिनल र ताकाराजुका सिटीले प्रदान गरेको वारूण यन्त्रको साँचो क्रमश: जापानको राष्ट्रिय प्रहरी एजेन्सीका हिरोयुकी ताकाहासी र ताकाराजुका नेपाल सोसाइटीका अध्यक्ष कुशुमा होरीले प्रहरी महानिरीक्षकलाई हस्तान्तरण।

कम्प्युटर प्रविधियुक्त अत्याधुनिक संचार उपकरण युजर ऐजेन्ट टर्मिनलको संचालन तथा संभार सम्बिधि बारे १३ जना प्रहरी अधिकृतहरूलाई प्रशिक्षण पनि प्रदान गरिएको थियो।

प्रहरी महानिरीक्षकबाट प्रहरी प्रधान कार्यालयमा युजर ऐजेन्ट टर्मिनलको उद्घाटन।

2 - A user terminal presented by the National Police Agency of Japan was handed over to the Inspector General of Police by Hiroyuki Takahasi of the National Police Agency of Japan, and the keys of a fire engine presented by Takarajuka City was handed over by the chairman of Takarajuka Nepal Society Kusuma Hori.

Training on the operation and care of the user agent terminal, an ultra-modern computerized communication equipment, was also provided to 13 police officers.

The user agent terminal was inaugurated by the Inspector General of Police at Police Headquarters.



१८ - श्री ५ महेन्द्र पुलिस क्लबमा विलियर्ड र मल्टीजीमको उद्घाटन। सर्वसाधारणले पनि साधारण सदस्यता लिई खेल खेल्न सक्ने।

18 - Billiards and multi-gym facilities were inaugurated at the Mahendra Police Club. The general public are also allowed to make use of the facilities by taking out ordinary membership.



२१ - प्रहरी अतिरिक्त महानिरीक्षक ध्रुव बहादुर प्रधानबाट मध्य पश्चिम क्षेत्र अन्तरगत प्रहरी कार्यालयहरूको निरीक्षण भ्रमण। यस अघि पुर्वक्षेत्रको समेत भ्रमण गर्नु भएको थियो।

21 - Additional Inspector General of Police Dhruba Bahadur Pradhan made an inspection of the police offices in the mid-western region. Prior to this, he had made an inspection of the eastern region.

२५ - बैशाख ७ देखि २५ सम्म पश्चिम क्षेत्र र म.प.क्षेत्रमा नेपालको संविधान र मानव अधिकार एवं प्रहरी काम-कर्तव्य, आचरण व्यवहार विषयमा स्थानीय प्रहरीहरूलाई स्थलगत अनुशिक्षण प्रदान।

25 - From Baisakh 7 to 25 (April 20-May 8), local police personnel in the western and mid-western regions were given on-the-spot orientation on the subjects of the Constitution of Nepal and human rights, duties and responsibilities of the police, as well as police procedure and behavior.



## जेठ २०५१

६ - नेपाल प्रहरीका फूटबल खेलाडी प्रहरी हवल्दार राजु पुलामीलाई जर्मन ओलम्पिक युवा सोसाइटीबाट सन् १९९३ को फेयर प्ले को प्रमाण-पत्र र पुरस्कार प्रदान।

## Jeth 2051 (May-June 1994)

6 - Nepal Police football player Police Head Constable Raju Pulami was awarded the 1993 Fair Play certificate and prize by the German Olympic Youth Society.

११ - प्रहरी महानिरीक्षक मोतीलाल बोहराको नेतृत्वमा ४ सदस्यीय प्रहरी टोलीबाट मित्रराष्ट्र चीन सरकारको निमन्त्रणामा सप्ताहव्यापी चीनको र दक्षिण कोरियाको पुलिस ऐजेन्सीका प्रमुखको निमन्त्रणामा ३ दिने औपचारिक भ्रमण। नेपाल प्रहरीको इतिहासमा यो पहिलो अवसर हो।

11 - A four-member police delegation led by Inspector General of Police Motilal Bohara returned from a week-long visit to China at the invitation of the government of friendly country China as well as a three-day official visit to South Korea at the invitation of the Chief of the Police Agency of South Korea. This kind of official visit by the Nepal Police is the first in its history.

१४ - संयुक्त राष्ट्रसंघको अनुरोधमा मोजाम्बिकमा प्रहरी पर्यवेक्षकको रूपमा कार्य गर्न प्रहरी उपरीक्षक रूपसागर मोक्तानको नेतृत्वमा ५० जना सिनियर अधिकृतहरू प्रस्थान।

14 - A team of 50 senior officers led by Superintendent of Police Roopsagar Moktan departed for Mozambique to work as police supervisors at the request of the United Nations.



१७ - प्रहरी अतिरिक्त महानिरीक्षक अच्युतकृष्ण खरेलबाट मध्य क्षेत्र अन्तर्गत प्रहरी कार्यालयहरूको निरीक्षण। यसै गरी उहाँले पश्चिम क्षेत्रको समेत निरीक्षण भ्रमण गर्नु भएको थियो।

**17** - Additional Inspector General of Police Achyut Krishna Kharel made an inspection of the police offices in the central region. He also made an inspection of the western region.

## २०५१ असार

१३ - श्री ५ युवराजाधिराज सरकारको २४ औं शुभजन्मोत्सव तथा दीपेन्द्र प्रहरी आवासीय माध्यमिक विद्यालयको ११ औं वार्षिकोत्सव सम्पन्न। प्रवेशिका परीक्षामा सो विद्यालयबाट उच्चतम अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीलाई प्रहरी परिवार महिला संघबाट सुनको पदक प्रदान। आगामी सत्रदेखि १०+१२ कक्षा शुरू गर्ने योजना। साथै सबै जिल्लाबाट समेट्ने गरी प्रहरी हवल्दार, प्रहरी जवान र परिचरका सन्ततिहरूलाई समानुपातिक रूपमा.छात्रवृत्ति र कल्याणकोषबाट विद्यालय शुल्क वापत आर्थिक सहयोग उपलब्ध गराइने।

**Asar 2051 (June-July 1994)**

**13** - The 24th Auspicious Birthday of His Royal Highness the Crown Prince as well as the 11th anniversary of Dipendra Police Boarding School were celebrated. Students of the school obtaining the highest marks in the Prabesika Examination were awarded gold medals by the Police Family Women's Association. Classes in 10+2 were planned from the next academic year. Scholarships and financial assistance from the Welfare Fund in the form of school fees are also to be provided to the family members of police head constables, constables, and women police from all the districts.

१६ - १ प्रहरी महानिरीक्षकबाट वीरेन्द्र प्रहरी अस्पताल, मध्यक्षेत्र प्रहरी कार्यालय, उपत्यका ट्राफिक प्रहरी कार्यालय, नगर प्रहरी कार्यालयको निरीक्षण, कार्यप्रगतिको जानकारी हासिल र निर्देशन।

**16** - Beginning Asar 16 (June 30), the Inspector General of Police made inspection visits of the Birendra Police Hospital, the Central Region Police Office, the Valley Traffic Police Office, and the City Police Office to be apprised about their progress and gave necessary directions.

## २०५१ साउन

१ - प्रहरीको आन्तरिक श्रोतसाधनको परिचालन गरी क्षेत्रीय प्रहरी कार्यालय, दिपायलको हाताभित्र शिशु पाठशाला भवन निर्माण गरी प्रहरीका स-साना बाल-बालिकालाई निःशुल्क प्रारम्भिक शिक्षा प्रदान गर्ने व्यवस्था।

**Srawan 2051 (July-August 1994)**

**1** - A nursery school building was constructed in the premises of the Regional Police Office, Dipayal, by mobilizing the internal resources of the police in order to provide free primary education to the children of police personnel.



४ - सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाबाट राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा प्रहरी अधिकृत (प्र.नि.), प्रहरी अधिकृत (प्राविधिक), प्रहरी अधिकृत (अल्पकालीन) आधारभूत तालीमको संयुक्त दीक्षान्त समारोहमा उत्कृष्ट प्रशिक्षार्थीहरूलाई पुरस्कार वितरण तथा संबोधन।

**4** - The Rt. Hon. Prime Minister Girija Prasad Koirala awarded prizes to outstanding trainees and addressed the joint convocation ceremony of the Police Officer (inspector), Police Officer (technical) and Police Officer (short-term) basic training courses held at the National Police Academy.

१६ - प्रहरी प्रधान कार्यालयको तत्वावधानमा काठमाण्डौ शहरी क्षेत्रको मुख्य मुख्य स्थानहरूमा विभिन्न विद्यालयका विद्यार्थीहरू ट्राफिक ज्ञान र चेतना जगाउन स्वयंसेवकको रूपमा सहभागी।

**16** - Student volunteers from different schools carried out a program to spread traffic education and awareness in the main areas of Kathmandu city under the organization of Police Headquarters.



२१ - श्री ५ को सरकारले आगामी कार्तिक महिनामा प्रतिनिधि सभा सदस्यको लागि मध्यावधि निर्वाचन गर्ने निर्णय अनुसार सो निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न तदनुरूप सुरक्षा व्यवस्था मिलाउन केन्द्रीय स्तरमा प्रहरी प्रधान कार्यालयमा प्रहरी नायव महानिरीक्षक कृष्ण मोहन श्रेष्ठको अध्यक्षतामा केन्द्रीय निर्वाचन सेल गठन भई कार्य संचालन।

**21** - In accordance with the decision of His Majesty's Government to hold mid-term elections to the House of Representatives in Kartik (November), a Central Election Cell was established at the central level at Police Headquarters in order to make security arrangements for the conduct of the elections in a peaceful manner. The Cell is operating under the chairmanship of Deputy Inspector General of Police Krishna Mohan Shrestha.





**२०५१ भदौ**

१२ - मोजाम्बिकमा शान्ति स्थापनाको लागि प्रहरी पर्यवेक्षकको रूपमा कार्यरत् प्रहरी नायव उपरीक्षक यादव प्रसाद शर्मा साउन २७ गते सवारी दुर्घट्नामा पर्नु भई जोहानसवर्गमा उपचार हुँदाहुँदै भदौ ७ गते स्वर्गारोहण। भदौ १२ गते उहाँको शव काठमाण्डौं ल्याई प्रहरी सम्मानका साथ पशुपति आर्यघाटमा दाहसंस्कार।

**Bhadau 2051**
**(August-September 1994)**

**12** - Deputy Superintendent of Police Yadav Prasad Sharma was injured in an automobile accident on Srawan 27 (August 11) while on peace-keeping duty in Mozambique as a police supervisor. He died in a hospital in Johannesburg while undergoing treatment. His body was brought to Kathmandu on Bhadau 12 (August 28), and his last rites were performed at Pashupati Aryaghat with police honors.

१६ - नेपाल प्रहरीको इतिहास लेखन, संपादन तथा प्रकाशनका लागि प्रहरी अतिरिक्त महानिरीक्षक श्री ध्रुव बहादुर प्रधानको संयोजकत्वमा समिति गठन र कार्य शुरू। सो समितिको सहयोगार्थ प्र.व.उ. श्यामभक्त थापाको अध्यक्षतामा उप-समिति गठन।

**16** - A committee to prepare, edit and publish the history of Nepal Police was established and is functioning under the convenorship of Additional Inspector General of Police Dhruba Bahadur Pradhan. A sub-committee to assist the committee was formed under the chairmanship of Senior Superintendent of Police Shyambhakta Thapa.

२२ - नेपाल प्रहरी र जापानको सिन्सु विश्वविद्यालयको संयुक्त दल यसै वर्षबाट पर्वतारोहणको लागि खोलिएको मनाङ जिल्ला स्थित **ग्याजिकाङ हिमाल** आरोहण गर्न त्यसतर्फ प्रस्थान। नेपाल प्रहरीका १२ सदस्य रहेको सो आरोहण दललाई प्रहरी महानिरीक्षक लगायत वरिष्ठ प्रहरी अधिकृतहरूले शुभकामना सहित बिदाई गर्नु भएको थियो।

**22** - A joint Nepal Police and Shinsu University of Japan expedition departed to scale Gyajikang Himal situated in Manang district. The expedition team, which includes 12 members from the Nepal Police, was given a warm send-off by the Inspector General of Police and senior police officers.

२२ - रेडक्रसको अन्तर्राष्ट्रिय समिति र नेपाल रेडक्रस सोसाइटीको आयोजनामा प्रहरी अधिकृतहरूको निमित्त ३ दिने **प्रहरी कार्य र मानव अधिकार विषयक गोष्ठी** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सम्पन्न।

**22** - A three-day seminar on police work and human rights was organized for police officers by the International Committee of the Red Cross and the Nepal Red Cross Society at National Police Academy.



२३ - नेपालका लागि बेलायतका महामहिम राजदूत टिमोटी जर्जले प्रशिक्षित र असल नशलको प्रजनन कुकुर, बैण्ड बाजा, र सो संबन्धी पुस्तकहरू प्रहरी महानिरीक्षक मोतीलाल बोहरालाई हस्तान्तरण।

**23** - Ambassador of the United Kingdom to Nepal, His Excellency Timothy George, handed over breeder dogs, musical instruments and books to Inspector General of Police Motilal Bohara.



३० - **अधिराज्यव्यापी वरिष्ठ प्रहरी अधिकृत वार्षिक सम्मेलन**को सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाबाट उद्घाटन तथा संबोधन। सम्मेलनको असोज १ गते माननीय गृह मन्त्री श्री शेर बहादुर देउवाज्यूले समापन गर्नु भयो। अधिराज्यका ३५ जना वरिष्ठ प्रहरी अधिकृतहरू सहभागी भएको सो सम्मेलनमा **शान्ति सुव्यवस्था, अपराध स्थिति र सो को प्रभावकारी नियन्त्रण, मानव अधिकार संरक्षण, मध्यावधि निर्वाचन** समेतका विषयहरूमा गहन छलफल भएको थियो।

**30** - The Rt. Hon. Prime Minister Girija Prasad Koirala inaugurated and addressed the Nation-wide Senior Police Officer's Annual Conference. The conference was concluded on Asoj 1 (September 17) by Hon. Home Minister Sher Bahadur Deuba. Participated in by 35 senior police officers from around the Kingdom, the conference carried out detailed discussions on subjects including maintenance of peace, the crime situation, protection of human rights, and mid-term polls.







**२०५१ असोज**

३ - सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको आयोजनामा दुई दिने **बदलिंदो समाजमा प्रहरीको भूमिका** विषयक कार्यशाला गोष्ठीको उद्घाटन।

**Asoj 2051**

**(September-October 1994)**

**3** - A workshop seminar organized by the National Police Academy on the subject of "The role of police in a changing society" was inaugurated by the Rt. Hon. Prime Minister Girija Prasad Koirala.




६ - प्रहरी प्रधान कार्यालयको आयोजनामा तथा माइती नेपाल र पद्म कन्या क्याम्पसको सहयोगबाट सिन्धुपाल्चोक जिल्लाको ६ वटा गा.वि.स.हरुमा **जीउ मास्ने बेच्ने अपराध नियन्त्रण बारेमा जनचेतना जगाउने कार्यक्रम** संचालन। ३ दिने सो कार्यक्रमका लागि ८ वटा टोली गठन गरी प्रत्येक टोलीमा प्रहरी, माइती नेपाल, पद्म कन्या क्याम्पसका शिक्षक तथा विद्यार्थीहरू, पत्रकार, महिला प्रहरी, प्रहरी परिवार महिला संघका प्रतिनिधि र जीउमास्ने बेच्ने अपराधमा पीडित महिला समेत संलग्न गराइएको थियो।

**6** - A program to raise public awareness against women trafficking was organized in six VDCs of Sindhupalchok district by Police Headquarters in cooperation with Maiti Nepal. Eight teams were formed to conduct the three-day program, with each team including police personnel, Maiti Nepal, teachers and students of Padma Kanya Campus, journalists, women police, representatives of the Police Family Women's Association, as well as women victims of flesh trade criminals.

१३ - प्रहरी अतिरिक्त महानिरीक्षक अच्युतकृष्ण खरेलद्वारा नागरिक उड्डयन तालीम केन्द्रद्वारा संचालित हवाई सुरक्षा आधारभूत तालीम तथा अन्य प्राविधिक तालीमका प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र-वितरण।

**13** - Additional Inspector General of Police Achyut Krishna Kharel distributed certificates to trainees taking part in the basic aviation security training and other technical training organized by the Civil Aviation Training Center.

१९ - असोज १२ गतेदेखि १८ गतेसम्म इटालीको राजधानी रोममा आयोजना भएको इन्टरपोलको ६३ औं महासभामा नेपाल प्रहरीको तर्फबाट प्रहरी महानिरीक्षक मोतीलाल बोहराको नेतृत्वमा प्र.ना.म.नि. ढालमान थापा, प्र.ना.उ. राजेश बन रहेको ३ सदस्यीय प्रहरी प्रतिनिधिमण्डल सहभागी।

**19** - A three-member delegation from the Nepal Police, led by Inspector General of Police Motilal Bohara and including Deputy Inspector General of Police Dhal Man Thapa and Deputy Superintendent of Police Rajesh Bon participated in the 63rd Interpol convention held in the Italian capital Rome from Asoj 12 to 18 (September 28-October 4).

३० - जापानको हिरोसिमामा आयोजित १२ औं एसियाली खेलकूद प्रतियोगितमा नेपालको तर्फबाट १० जना प्रहरी खेलाडीहरू सहभागी। नेपालको तर्फबाट प्रहरी खेलाडीहरू फूटबल, जूडो, बक्सिङ र एथ्लेटिक्स खेलहरूमा सहभागी।

**30** - Ten police sportsmen from Nepal participated in the 12th Asian Games held in Hiroshima of Japan. The police sportsmen representing Nepal took part in football, judo, boxing, and athletics.

**विविध**

आ.व. २०५०।५१ मा आधारभूत र विविध प्रशिक्षण बाहेक व्यावसायिक उन्नत तालीम मध्ये सुरक्षातर्फ ६४६, अपराध अनुसन्धान तर्फ १०८२, कार्य तर्फ २९१७, प्रशासन तथा व्यवस्थापन तर्फ ७६९ जना

प्रहरी अधिकृत तथा जवानहरूलाई प्रशिक्षण दिइएको थियो। वैदेशिक व्यावसायिक तालीम तथा सेमिनारहरूमा ९ जनसहभागी भई फर्केका छन् भने १० जनाले तालीम हासिल गरिरहेका छन्।

### Miscellaneous

Besides basic and miscellaneous trainings, 646 police officers and constables received advanced vocational training in security, 1,082 in crime investigation, 2,917 in operations, and 769 in administration and management during the fiscal year 2050/51. If nine persons sent abroad for practical trainings and seminars have returned, 10 persons are still undergoing training.

### भवन निर्माण तथा अन्य

भवन निर्माण तर्फ ७० वटा योजनाहरू संचालन गरिएकोमा ३६ योजनाहरूको निर्माण कार्य सम्पन्न भयो भने २४ योजनाहरूको ७० प्रतिशत भन्दा बढी र १० योजनाहरूको निर्माण कार्य ५० प्रतिशत पूरा भएको छ।

### Building Construction and Others

Out of the 70 construction projects which were initiated, 36 projects have been completed, 24 projects are more than 70% done, and the remaining 10 projects are at the 50% stage of construction.

### पुस्तक प्रकाशन

प्रहरी कर्मचारीहरूको पेशागत ज्ञान अभिवृद्धि गर्दै लैजाने उदेश्यले प्रहरी प्रधान कार्यालयमा गठित पाठ्यपुस्तक प्रकाशन समितिको सक्रियताबाट यस वर्ष **प्रहरी गस्ती युक्ति र तरीका, विशिष्ट व्यक्तिको सुरक्षा, भीड मनोविज्ञान तथा व्यवस्थापन, अदालती चिकित्सा विज्ञान, प्रहरी ज्ञानमाला,** र अपराध अनुसन्धान (गाइड बुक) प्रकाशित भइसकेका छन् भने अन्य उपयोगी पुस्तकहरू पनि प्रकाशाधीन छन्।

### Book Publication

This year, books on the relevance and procedure of police patrol, protection of VIPs, crowd psychology and management, forensic medicine, police hand book and crime investigation (guide book) were published with the efforts of the course book publication committee. The committee, which was established at Police Headquarters with the objective of raising the professional knowledge of police personnel, is in the process of publishing other useful books.



# मानवीय श्रोतको विकास



प्रहरी दीक्षान्त समारोह।
Passing out Parade.

नेपाल प्रहरीले श्री ५ को सरकारको उच्च प्राथमिकता प्राप्त शान्ति सुरक्षा कायम गर्न अहं भूमिका खेलेको छ र भावी दिनहरूमा समेत खेल्नेछ। बदलिएको राजनैतिक परिवेश र द्रुतगतिले बदलिरहेको सामाजिक वातावरणलाई हृदयंगम् गर्दा प्रहरीको कार्यशैलीको आधुनिकीकरणमा पनि गति आउनु पर्ने तथ्यलाई महशुस गरी नेपाल प्रहरी त्यसतर्फ सजग रहेको छ।

कुनै पनि संगठनको कार्यशैली भन्नाले उक्त संगठनमा कार्यरत् कर्मचारीहरूको Way and dealing नै हो भन्दा अत्युक्ति नहोला। तसर्थ संगठनको आधुनिक कार्यशैलीको संचार गर्न, तदअनुरूप व्यावसायिक ज्ञान र सीपयुक्त बनाई परिचालन गर्न र यदाकदा विद्यमान भएको भान हुने रूढिगत धारणाहरू परिवर्तन गर्न संगठनमा कार्यरत् कर्मचारीहरू वा मानवीय श्रोतको विकास गर्न तालीम, प्रशिक्षण, चेतना अभिवृद्धि कार्यक्रमका साथै कार्यशाला गोष्ठीहरूको आयोजना गर्नु नितान्त आवश्यक हुन जान्छ।

नेपाल प्रहरीले जनशक्ति विकासका लागि केन्द्रमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, सशस्त्र प्रहरी तालीम केन्द्र र केन्द्रीय कुकुर तालीम केन्द्र खडा गरेको छ भने क्षेत्रीय स्तरमा पाँचवटा क्षेत्रहरूमा क्षेत्रीय प्रहरी तालीम केन्द्रहरूको स्थापना गरेको छ। यी प्रतिष्ठान तथा तालीम केन्द्रहरूमा प्रहरी प्रधान कार्यालयबाट प्राप्त निर्देशन अनुसार समयसापेक्ष तरीकाबाट प्रशिक्षण दिने कार्य भइनै रहेको छ। गत आ.व. ०५०।०५१ मा प्राप्त तालीमको संख्यात्मक तालिका निम्न बमोजिम रहेको छ:-

### आ.व. २०५०।०५१ मा तालीम प्राप्त संख्यात्मक तालिका

| सि.नं. | तालीमको नाम | लक्ष्य | उपलब्धी | दर्जा |
|---|---|---|---|---|
| | **अपराध अनुसन्धान समूह:** | | | |
| १. | अपराध अनुसन्धान | ५० | ६४ | सि.अ. |
| २. | लागु औषध | ४० | २० | " |
| | **कुल जम्मा** | ९० | ८४ | |
| १. | अपराध अनुसन्धान | ५२० | ३९६ | जुनियर अधिकृत |
| २. | घटनास्थल विशेषज्ञ | १०० | १०५ | " |
| ३. | फिंगरप्रिन्ट | २५ | ४ | " |
| | **कुल जम्मा** | ६४५ | ४७८ | |
| | **सुरक्षा समूह:** | | | |
| १. | भी. आई. पी. | ३० | ६२ | सि.अ. |
| २. | विमानस्थल सुरक्षा तालीम | १५ | १३ | सि.अ. |
| | **कुल जम्मा** | ४५ | ७५ | |
| १. | सुरक्षा (जु.अ.) तालीम | ९० | ४९ | जुनियर अधिकृत |
| २. | हवाईसेवा सुरक्षा तालीम | १४ | ११ | जुनियर अधिकृत |
| | **कुल जम्मा** | १०४ | ६० | |
| | **प्रशासन तथा कार्यालय संचालन:** | | | |
| १. | सामान्य प्रहरी प्रशासन तालीम | ३० | १७ | सिनियर अधिकृत |
| २. | वित्तीय व्यवस्थापन | | १ | " |
| ३. | ह्यूमन रिसोर्स म्यानेजमेन्ट | | १ | |
| ४. | श्रव्यदृश्य व्यवस्थापन | | ६ | |
| | **कुल जम्मा** | | २५ | |
| १. | चौकी कमाण्डर तालीम | १५० | ११४ | जुनियर अधिकृत |
| २. | आर्थिक प्रशासन | | १७२ | " |
| ३. | श्रव्यदृश्य व्यवस्थापन | | १६ | " |
| | **कुल जम्मा** | १५० | ३०२ | |
| | **प्रहरी कार्य समूह:** | | | |
| १. | कमाण्ड (सि.अ.) तालीम | १०० | ७६ | सि.अ. |
| २. | प्रशिक्षक प्रशिक्षण | ८ | ८ | " |
| | **कुल जम्मा** | १०८ | ८४ | |
| १. | कमाण्डर (जु.अ.) तालीम | ५१० | २१३ | जुनियर अधिकृत |
| २. | प्रशिक्षक प्रशिक्षण | १५ | १५ | " |
| ३. | प्लाटुन कमाण्डर | १०५ | ९६ | " |
| ४. | नक्सा अध्ययन | ३० | ३० | " |
| | **कुल जम्मा** | ६६० | ३५४ | |



प्रशिक्षार्थीहरूको व्यावसायिक ज्ञानको परीक्षाको घडी। प्रशिक्षणको अन्तिम क्षणमा परीक्षा दिँदै प्रशिक्षार्थीहरू।
Trainees sitting for an examination after completing their training.



मुलुक, मुकुट र मुलुकवासीको सेवामा दृढ रहने शपथ खाँदै प्रशिक्षार्थीहरू।
Trainees take an oath to be devoted to the service of the country, Crown and people.



अनुशासन, सहनशीलता, आत्मबल र सामूहिक भावना अभिवृद्धिका लागि सशस्त्र कवाज।
Armed training to develop discipline, self-confidence and team spirit.

विशेषतः राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा वरिष्ठ प्रहरी अधिकृत तथा अन्य प्रहरी अधिकृतहरूलाई आधारभूत तथा उन्नत प्रशिक्षण दिने कार्य गरिन्छ भने क्षेत्रीय प्रहरी तालीम केन्द्रहरूमा जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार तथा प्रहरी जवानहरूका लागि विभिन्न तालीमहरू संचालन गरिन्छ। त्यस्तै सशस्त्र प्रहरी तालीम केन्द्रको प्रहरी कार्य तालीमको लागि ज़िम्मेवारी छ भने केन्द्रीय कुकुर तालीम स्कूलमा डग हेण्डलीङ्ग सम्बन्धी तालीमहरू प्रदान गरिन्छ।

माथि लेखिएका तालीमहरूको अलावा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले सरकारी तथा गैरसरकारी निकायसंग सम्बद्ध कर्मचारीहरूलाई समेत प्रशिक्षण प्रदान गर्दै आएको छ। उदाहरणको लागि प्रमुख जिल्ला अधिकारीज्यूहरू, शाखा अधिकृतज्यूहरू, सैनिक अधिकृतज्यूहरू, कानून व्यवसायीज्यूहरू आदि। सोही अनुरूप प्रहरी अधिकृतहरूलाई पनि अन्य निकायका प्रशिक्षण दिने निकायहरूमा संलग्न गराइन्छ। प्रहरीसंग सम्बन्धित विविध क्षेत्रहरू जस्तो प्रशासन सम्बन्धी तालीमहरूमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा प्रहरी अधिकृतहरू संलग्न हुन्छन् भने विमानस्थल हवाई सुरक्षा सम्बन्धी तालीमहरूका लागि नागरिक उड्डयन तालीम केन्द्रमा संलग्न गराइन्छ त्यस्तै आर्थिक प्रशासन तालीमका लागि राजस्व प्रशासन तालीम केन्द्रमा संलग्न गराइन्छ।

बढ्दो जनसङ्ख्या, विज्ञान प्रविधिको द्रुततर विकास, विकसित समाजको (पश्चिमी) रहनसहनको देखासिकी, बदलिएको राजनैतिक परिवर्तन र विकास, बदलिंदो सामाजिक परिवेश, बढ्दो आतंकवाद, साम्प्रदायिक तथा धार्मिक कट्टरता आदिका साथै जनताका असीमित आकांक्षाले गर्दा फिजिएका जटिल समस्याहरूले हाँक दिइरहेको र यो क्रम ह्रास आउने कुनै लक्षण नदेखिएको परिप्रेक्ष्यमा व्यावसायिक ज्ञान र सीप अभिवृद्धि गर्दा कार्य विशिष्टीकरण (Job Specialization) को सिद्धान्त लिएर अगाडि बढ्नु पर्ने महसुस गरिएको छ।

प्रहरीले निर्वाह गर्नुपर्ने धेरै कर्तव्यहरू मध्ये अपराध अनुसन्धान पनि एक महत्वपूर्ण कार्य भएको हुँदा अपराध अनुसन्धानमा विशिष्टीकरण गराउँदै लैजाने र सोही क्षेत्रविशेषनै विभिन्न खुट्कीलामा बाँडफाँड गरी व्यवस्थित गरी कानूनी मान्यता समेत दिलाई विकसित गर्न प्रयास भैरहेको छ। त्यसका लागि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थित डिटेक्टीभ वीङ्गले प्रहरी परामर्शदाता बृटिश नगरिक डा. स्टेफेन जेम्स मेल्स र उहांकी श्रीमती वेण्डी मेल्सको समेत सहयोगबाट पाठ्यक्रमहरू विकास गर्ने कार्य भैरहेको छ।

संसारभरिनै फैलिएको आतंकवादको जालोबाट मुलुकलाई बचाउन नेपाल प्रहरीले हालसालै आतंककारी विरूद्ध प्रति-आतंककारी सेल गठन गरी त्यसका लागि उपयुक्त तालीम व्यवस्थापनमा व्यस्त रहेको छ।

फैलिंदै गएको प्रहरी संगठनमा कार्यरत् प्रहरी अधिकृतहरूलाई प्रशासनिक र व्यवस्थापकीय तालीमको समेत खाँचो भएको अनुभव गरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थित स्पेसल वीङ्गले डा. मेल्स समेतको सहयोग लिई उच्च व्यवस्थापकीय तालीमहरूको पाठ्यक्रमहरू तयार पार्नमा व्यस्त रहेको तथा तत्सम्बन्धी छोटो अवधिका तालीमहरू वा कार्यशाला गोष्ठी संचालनतर्फ क्रियाशील रहेको छ।

प्रशिक्षण कार्यमा संलग्न प्रशिक्षकवर्ग तथा अन्य वरिष्ठ प्रहरी अधिकृतहरूले समय समयमा देश विदेशमा संचालन हुने कार्यशाला गोष्ठी, तालीमहरूमा भाग लिन प्राप्त अवसर तथा अध्ययन भ्रमणहरूले समेत विभिन्न प्रशिक्षण शैली, पाठ्यक्रमहरू तथा कार्यशैली परिष्कृत हुँदै जाने कुरा पनि निर्विवाद छ।



प्रहरी कार्यक्षेत्रमा जान तम्तयार आफ्ना सन्ततिहरूलाई कार्यक्षेत्रमा सफलताको शुभाशिष दिँदै गौरवान्वित अभिभावकहरू।
Proud parents give blessings to their offspring going off to join police work.



आफ्नै अभिभावकहरूबाट दर्ज्यानी चिन्ह ग्रहण गर्न पाउँदा हर्षोल्लासले रमेका प्रहरीहरू कार्यक्षेत्रमा दृढ रहन अझ प्रेरणा पाएको महसुस गर्दछन्।
Police personnel are further encouraged by the presence of parents at their moment of glory.

२०५०।०५१ मा सेमिनार तथा विदेश तालीममा यस वर्ष संलग्न रहेका प्रहरी अधिकृतहरू:

१. लीगल वर्कशप अन रिजनल कोअपरेशन (श्रीलंका) — १ जना
२. एफ.बी.आई. नेशनल एकेडेमी कोर्स (अमेरिका) — १ जना
३. सेमिनार अन ट्राफिक एक्सीडेण्ट एण्ड लायबिलीटी (भारत) — १ जना
४. एम.डी. इन्टरनेशनल मेडिसिन (पाकिस्तान) — १ जना
५. एम. एस. जनरल सर्जरी — १ जना

त्यसका साथसाथै आफ्नो समाज सुहाउँदो र जनआकांक्षा अनुरूप प्रहरी जनशक्ति विकास गर्न कार्यशाला गोष्ठीहरूको आयोजना गर्नु पनि नितान्त आवश्यक हुन जान्छ। यसै सिलसिलामा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानद्वारा २०५१ भाद्र २९ र २०५१ आश्विन ३ र ४ गते दुई चरण गरी "बदलिंदो समाजमा प्रहरीको भूमिका" विषयक कार्यशाला गोष्ठीको आयोजना गरियो। जसले प्रतिष्ठानलाई आफ्ना प्रशिक्षण कार्यक्रमहरूलाई अझ बढी जनमुखी र जनसेवी बनाई सो अनुरूपका जनशक्तिको विकास गर्न अत्यन्तै सहयोग दिनेछ। यस क्रमलाई निरन्तरता दिनु पर्ने कुरा समेत सबैद्वारा महशुस गरिएको छ।



ज्ञानको भण्डार अभिबृद्धिगर्न पुस्तकालयको सहयोग लिदै प्रशिक्षार्थीहरू।
Trainees take the help of the library to increase their knowledge.

संयुक्त अधिराज्यमा प्रहरी अधिकृतको रूपमा २३ वर्षको लामो अनुभव र प्रहरी अप्रेशनको प्रमुखको रूपमा समेत ५ वर्ष सम्म कार्यरत् रहनु भई आफ्नो पेशामा व्यावसायिक रूपले अतिनै अनुभव प्राप्त डा. मेल्स हाल नेपाल प्रहरीमा वेलायत सरकार अन्तरगत परामर्शदाता (Consultant) को रूपमा कार्यरत हुनुहुन्छ। स्कटलाण्ड यार्ड (Scotland Yard) मा डिकेक्टीभ (Detective) को रूपमा कार्यरत् रहनु भएका उहाँका श्रीमती समेतले अपराध अनुसन्धान तथा रोकथाम विषयमा पाठ्यक्रमहरू पुनरावलोकन गरी समयसापेक्ष तालीम पाठ्यक्रम विकास गर्ने कार्यमा जुट्नु भएको छ। हाल राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा विद्यमान तालीमको पुनरावलोकन र अपराध अनुसन्धान तथा व्यवस्थापकीय तालीम कार्यक्रमको विकास गर्ने क्रममा समादेशक सहितका अधिकृतहरूसंग मिलेर कार्य गर्दा उत्साही रहनु भएका श्री मेल्सले हालको बदलिंदो परिवेशमा कार्य गर्न सक्षम जनशक्ति तयार गर्न अभिभारा लिएको रा.प्र.प्र.प्र.मा विद्यमान श्रोतसाधनहरूको यथेष्ठताको अभाव रहेको विचार व्यक्त गर्नु भएको छ। नेपाल प्रहरी संगठनलाई एशिया र विश्वमै एउटा आदर्श र संगठित रूपमा उभ्याउने प्रहरी महानिरीक्षकज्यूको लक्ष्यलाई सफलीभुत पार्न लाग्नुहुने कुरा उहाँले व्यक्त गर्नु भएको छ।

प्रहरी संगठनको विकास र विविध दायित्व निर्वाह गर्ने क्रममा कार्य विशिष्टीकरण अनुसार तालीम कार्यक्रमहरूको विकास गरी संचालन समेत गर्नुपर्ने टड्कारो रूपमा महशुस गर्नु भएका राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका समादेशक प्रहरी नायब महानिरीक्षक बलेन्द्र बहादुर सिंहले उक्त कार्यमा संयुक्त अधिराज्यका परामर्शदाता डा. स्टेफेन जेम्स मेल्सको सहयोगबाट विभिन्न उच्च तालीमहरूको विकास हुने विश्वास लिनु भएको छ। तालीमहरूको चापलाई मध्यनजर राखी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा विद्यमान श्रोतसाधनहरू अभिबृद्धि गर्न प्रयासरत् रहनु भएको छ। उहाँको सोचाइ तालीममा व्यावसायिक सीप अभिबृद्धि गर्नुका साथै मानवीय पक्षलाई (Human Factor) विशेष महत्व दिनु पर्दछ भन्ने रहेको छ।

# Better training for better policing



Nepal Police has played an important role in maintaining the government priority of "Peace & Security" and will keep doing so in the future. Given the changed political system and the rapidity with which the social environment is changing, Nepal Police has realized the need for modernization in the police work system.

It is not an exaggeration to say that the work system of any organization depends on the way it deals with its workers. In order to usher in modernization in the work system, to foster professional knowledge and skills, and to change orthodox views, it is necessary to develop the human resources of an organization. This can be done through training, teaching, awareness-development activities, and workshops and seminars.

To develop human resources, Nepal Police has established the National Police Academy (NPA), Armed Police Training Center and Central Dog Training Center at the central level and has established police training centers in five areas at the regional level. In these academies and centers, training sessions are being conducted according to the directions of the central office of Nepal Police. The following number of training sessions were conducted during the fiscal year 1993/94:

## TRAINING SESSIONS DURING FISCAL YEAR 1993/94

| Sl. No. | Name of training | Aim | Actual | Rank |
|---|---|---|---|---|
| | **Crime investigation group** | | | |
| 1. | Crime investigation | 50 | 64 | Senior officer |
| 2. | Narcotic drugs | 40 | 20 | Senior officer |
| | **Total** | **90** | **84** | |
| 1. | Crime investigation | 520 | 369 | Junior officer |
| 2. | Crime scene expert | 100 | 105 | Junior officer |
| 3. | Finger print | 25 | 4 | Junior officer |
| | **Total** | **645** | **478** | |
| | **Security group** | | | |
| 1. | VIP | 30 | 62 | Senior officer |
| 2. | Airport security | 15 | 13 | Senior officer |
| | **Total** | **45** | **75** | |
| 1. | Security (JO) | 90 | 49 | Junior officer |
| 2. | Aviation security | 14 | 11 | Junior officer |
| | **Total** | **104** | **60** | |
| | **Administration and office work** | | | |
| 1. | General police administration | 30 | 17 | Senior officer |
| 2. | Financial management | | 1 | Senior officer |
| 3. | Human resource management | | 1 | Senior officer |
| 4. | Audio-visual administration | | 6 | Senior officer |
| | **Total** | **25** | | |
| 1. | Section commander | 150 | 114 | Junior officer |
| 2. | Financial administration | | 172 | Junior officer |
| 3. | Audio-visual management | | 16 | Junior officer |
| | **Total** | **302** | | |
| | **Police work group** | | | |
| 1. | Command (SO) | 100 | 76 | Senior officer |
| 2. | Trainer training | 8 | 8 | Senior officer |
| | **Total** | **108** | **84** | |
| 1. | Command (JO) | 510 | 213 | Junior officer |
| 2. | Trainer training | 15 | 15 | Junior officer |
| 3. | Platoon commander | 105 | 96 | Junior officer |
| 4. | Map study | 30 | 30 | Junior officer |
| | **Total** | **660** | **354** | |



प्रहरी संगठनले व्यावसायिक पुस्तकहरूको प्रकाशनकार्यलाई अघि बढाएको छ।
The police organization has expanded the publication of practical books.



जीउ-धनको सुरक्षाको लागि अचुक निशानबाज हुन त्यतिकै जरुरी छ।
It is equally important to be a good shot to protect life and property.




दुइ एफ.बी.आई. नेशनल एकेडमी ग्रेजुयट्ससंग प्रहरी महानिरीक्षक।
The IGP with two FBI National Academy graduates.

In the National Police Academy, basic and special trainings are provided to senior police officers and junior police officers. In the Regional Police Training Centers, various types of trainings are provided to junior police officers and police constables. Similarly, the Armed Police Training Center is responsible for training on various police operations, whereas the Central Police Dog Training Center provides training on dog handling.

Moreover, National Police Academy provides training to workers associated with governmental and non-governmental organizations, such as Chief District Officer (CDO), section officers (BAT), army officers and lawyers. Accordingly, police officers also partake in trainings conducted by other non-police administrative organizations. Police officers get trained in management at the Nepal Staff College, airport security at the Civil Aviation Training Institute, and finance management at the Revenue Management Training Institute.

Nepal Police has kept in mind the advantages of job specialization while advancing professional knowledge and upgrading of skills. This is specially important in the context of today's increasing population, rapid advancement of science, imitation of Western cultures, changing political scenario, changing social mores, increasing terrorism, communal and religious fundamentalism, coupled with problems generated by the infinite expectations of the public.

Among the various responsibilities performed by the police, crime investigation is an integral responsibility. Nepal Police has given its priority in trying to develop the Crime Investigation and Detection Wing making it more specific and independent. It is essential that legal validity is encompassed in its various stages of investigation. For this, British police consultant Dr. Stephen James Males and Mrs. Wendy Males are actively involved in the review and design of appropriate training strategies.

In a world of increasing terrorism, Nepal Police recently established an anti-terrorist cell and training design for the anti-terrorist task force.

To meet the demands of ever expanding police organization, it is essential that Nepal Police has police officers trained in the much-needed managerial and organizational skills. For this, special emphasis has been directed to develop management trainings for all the supervisors and mid-level managers. Trainings like these will be greatly aided by the knowledge gained by Nepalese police trainers and distinguished police officers in various seminars and training in the country and abroad.



बहुआयामिक विकासको लागि आन्तरिक कक्षा अनवरतरूपमा सञ्चालन गइरहन्छन्।
Internal classes are held constantly for all-round development.



प्रशिक्षार्थीहरूलाई प्रवचन दिनुहुँदै समादेशक प्र.ना.म.नि.बलेन्द्रबहादुर सिंह
Commandant DIGP Balendra giving lectures to the students at NPA.

## POLICE OFFICERS PARTICIPATING IN SEMINARS AND FOREIGN TRAINING IN 1993/94

1. Legal Workshop on Sub-Regional Cooperation (Sri Lanka) — 1 person
2. FBI Academy Course (U.S.A.) — 1 person
3. Seminar on Traffic Accident and Liability (India) — 1 person
4. M.D. International Medicine (Pakistan) — 1 person
5. M.S. General Surgery — 1 person

It is also necessary to mould these trainings to our own social mores and public interests. In this context, NPA for the first time organized a workshop seminar, "Police Role in a Changing Society", in two phases on B.S. 2051, Bhadra 29 and B.S. 2051, Aswin 3 and 4. Participated in by people from various walks of society, this workshop is expected to help NPA make its training sessions even more public-oriented and develop its human resources accordingly.



डा. स्टेफेन जेम्स मेल्स र श्रीमती वेन्डी मेल्स।
Dr. Stephen James Males and Mrs. Wendy Males.

Dr. Stephen James Males is currently working as a police consultant in with Nepal Police through the courtesy of the British government. He has a rich professional experience of working as a police officer for 23 years in the British police and as head of the police operations for five years. His wife, who works as a detective with Scotland Yard, is helping to design courses for the Nepal Police in the area of crime investigation and prevention. Mr. James has been reviewing the present training system at NPA and developing, with help from Nepalese police officers, crime investigation and management training courses. He has expressed concern over the lack of adequate resources at NPA to satisfy the training needs. He is, however, determined to fulfill the vision of the Inspector General of Police of making Nepal Police a respected and well organized unit in Asia and the world.

NPA's Commandant, Deputy Inspector General of Police Balendra Bahadur Singh, who has directly realized the need for emphasis on job specialization in these training programs, has expressed faith in development of various trainings through the help of Dr. Stephen Males in the days to come. Given the crucial need for trainings, the Deputy Inspector General has been trying to increase the existing resources at the academy. He has emphasized more on inculcating issues of human factor, embodying the various technical and other aspects of scientific approaches.

# नेपाल प्रहरीमा महिला सहभागिता

राष्ट्रको चौतर्फी विकासमा नारी र पुरूष दुवैको समान योगदान अपेक्षित रहन्छ। त्यसैले पुरूष सरह महिला पनि राष्ट्रसेवाका विविध क्षेत्रमा समर्पित हुन सकून् भनी नारीशिक्षा, चेतना विस्तारमा भएको प्रयासको फलस्वरूप दिनानुदिन हाम्रो देशमा पनि नारी सक्रियता अभिबृद्धि भइरहेको छ। राष्ट्रसेवाका अन्य क्षेत्रमा जस्तै प्रहरी सेवातर्फ पनि नेपाली महिलाहरूको रूचि र आकर्षण बढिरहेको छ।

आज महिला प्रहरीहरू अधिराज्यका दुर्गमस्थानहरूमा समेत पुगेर सेवा प्रदान गरिरहेका छन्। वि.सं. २००७ सालदेखि नेपाल प्रहरी संगठनमा महिलाहरू कार्यरत् रहेका थिए भने आज प्रहरी जवानदेखि प्रहरी नायव उपरीक्षकसम्म ४७५ जना कार्यरत् रहेका छन्।

संगठनको संख्यात्मक दृष्टिकोणबाट हेर्दा महिला प्रहरीको संख्या अतिनै न्यून देखिए तापनि महिला प्रहरीलाई संगठनको विविध पक्षमा सहभागी गराइएको छ। वर्तमान प्रहरी महानिरीक्षकज्यूको निर्देशन अनुरूप जनतासंग प्रत्यक्ष घुलमिल गरी समाजमा अपराध नियन्त्रणका यावत पक्षहरू बारे चेतना अभिबृद्धि गराउने कार्यमा महिलाको भूमिका गहन हुन्छ भन्ने धारणालाई हृदयंगम् गरी महिलाहरूको प्रहरी सेवामा सहभागिता व्यापक बनाउनेतर्फ विशेष ध्यान दिइसकेको छ।

प्रहरी प्रधान कार्यालय, विभिन्न प्रहरी तालीम केन्द्रहरू, वीरेन्द्र प्रहरी अस्पताल, प्रहरी बैण्ड गुल्म लगायत अधिराज्यका विभिन्न प्रहरी कार्यालयहरूमा रही सेवा प्रदान गरिरहेका महिला प्रहरीले प्रहरी सेवाका विविध क्षेत्र प्रशासनिक, प्राविधिक लगायत शान्ति व्यवस्था, सुरक्षाका क्षेत्रमा प्रत्यक्ष संलग्न रही महत्वपूर्ण सेवा पुन्याई रहेका छन्।

*वि.सं. २०१३ सालमा प्रहरी सेवामा प्रवेश गरी हाल प्रहरी पहरागणमा प्रहरी नायव निरीक्षक पदमा कार्यरत् शारदादेवी क्षेत्रीले त्यस बेलाको र अहिलेको महिला प्रहरीको अवस्था, उनीहरूको जिम्मेवारी र क्रियाकलापमा आकाश-जमीनको फरक भएको बताउँछिन्। त्यसबेलाको महिला प्रहरीको कार्यक्षेत्र कार्यालयको कार्य र महिलालाई पक्रने कार्यमा सीमित थिए भने अहिले हामीले देखिरहेका छौं, पुरूष प्रहरीमैं हरेक कार्यमा महिला प्रहरीहरू संलग्न छन्। सम्फदा आफू अहिले कुन जुगमा छु भैं लाग्दछ। उनी आश्चर्य प्रकट गर्छिन्।*



महिला प्रहरी सेवामा जेष्ठ, प्र.ना.नि. शारदादेवी क्षेत्री।
Sub Inspector Sharda Devi Chhetri, a senior in the women's police service.

आज महिला प्रहरीले अस्पतालमा चिकित्सक एवं स्वास्थ्य परिचारिका, इन्जिनियर, कम्प्युटर संचारतर्फ जिम्मेवारी वहन् गरेका छन् भने अर्कोतर्फ सडकमा सवारी आवागमन नियन्त्रण गर्ने, विमानस्थल, मेला-पर्व सुरक्षा लगायतका अपराध नियन्त्रणका कार्यमा पुरूषसरह जुटेका छन्। प्रहरी सम्बन्धी प्रचार-प्रसार, प्रहरी बैण्ड जस्ता सिर्जनात्मक कार्यमा प्रहरीको संलग्नता रहेको छ भने हिमाल आरोहण, सगरमाथा सफाई अभियान, मोटर साइकल स्टण्ड जस्ता कार्यमा संलग्न भई उनीहरूले आफ्नो साहस र क्षमता प्रदर्शन गरेका छन्। यहाँनेर महिला प्रहरीहरूले राष्ट्रिय खेलकूदमा पुऱ्याएको योगदानलाई पनि बिर्सन सकिन्न। संयुक्त राष्ट्र संघको अनुरोधमा कम्बोडिया र युगोस्लाभियामा पनि पुगेर महिला प्रहरीहरूले आफ्नो कार्यक्षमता र योगदान देखाएका छन्। यसरी महिला प्रहरीले नेपाल प्रहरीका विभिन्न क्षेत्रमा देखाएको साहस र कर्तव्यनिष्ठाले सबै नारीवर्गलाई प्रेरणा र हौसला प्रदान गरिरहेको छ भन्दा अतिशयोक्ति नहोला।



सुचारु रूपले सवारी सञ्चालनमा तल्लीन महिला ट्राफिक प्रहरी।
Women traffic police busy in regulating traffic.



शान्ति सुरक्षाको कार्यमा सञ्चारको भूमिका प्रभावकारी रहन्छ। सूचना आदान प्रदानमा संलग्न महिला प्रहरी।
Communication is vital in peace and security operations. Women police at work in communication work.

# Women police make their mark

Both men and women are expected to participate in the overall development of the nation. Therefore, inspired by the development in women's educational consciousness, women, along with men, have been involved with dedication in the nation's service, which has led to a steady growth in their activities. Nepal Police also has become an increasingly attractive and preferred career choice for women.

Women police personnel are serving even in the remote outposts of the Kingdom today. In fact, women were already in the police force as early as 1952, and today there are 475 women in the Nepal Police, ranging from constables to Deputy Superintendent of Police.

Though their numbers may be considered small in the organizational chart of the service, policewomen are found on every rung of the force. Following the directives of the incumbent Inspector General of Police, special emphasis has been put on the enhancement of women's participation in the police force as it is envisioned that their rapport with the general public will be instrumental in generating people's awareness of crime prevention and its affirmative aspects.

Women personnel are placed in administrative, technical and security echelons of the Police Headquarters, various training centers, Birendra Police Hospital and even the Police Band.

*"There is a difference of heaven and earth in today's women police force and that of those bygone days in terms of responsibilities and job descriptions," says Sub-Inspector of Police Sharda Devi Chettri, who entered the service in 1956, and is currently with the Police Guard Corp. The SI further adds:*



अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत् महिला प्रहरी।
Women police at Tribhuvan International Airport.

*"[We] policewomen of those days were assigned only to office chores and for apprehending women offenders. Now we see them involved in every task along with their male counterparts. I'm indeed in a strange world today!"*

Today's policewomen are responsible doctors and nurses, engineers and computer specialists, traffic managers and airport security staff while many function as public security and crime prevention elements. All operate alongside their male counterparts. Some are engaged in such creative works as media communications and the police band, while many others are engaged in adventurous and physically competitive jobs as mountain climbing, Sagarmatha (Everest) clean-up campaigns, and stunts driving. Women police have also immensely contributed to the country's national games. They have also heeded the UN call and have been despatched to Yugoslavia and Cambodia, demonstrating their efficiency and interaction. Thus, it should be no exaggeration at all to reiterate that the policewomen's dauntlessness and integral work ethics in all fields of Nepal Police is inspiring and encouraging to other womenfolk.



वीरेन्द्र प्रहरी अस्पतालमा कार्यरत् दन्तचिकित्सक महिला प्रहरी अधिकृत।
A woman police dental surgeon at work at Birendra Police Hospital.



सुमधुर संगीतको सिर्जनामा महिला प्रहरी ब्याण्ड।
The women police band.



प्रहरी प्रधान कार्यालयको हाताभित्र निर्माणाधीन प्रहरी स्मारक र उद्यान स्थल।
The Police Memorial and garden under construction inside the premises of Police Headquarters.

# प्रहरी स्मारक

सत्य, सेवा, सुरक्षणम्को महान उद्‌गारद्वारा प्रेरित तथा मार्गदर्शित प्रहरीको आफ्नो कर्तव्य परायणताका गाथा र वीरताको इतिहासलाई जीवन्त राख्नु तथा भावीपुस्ताको निमित्त प्रेरणाको उद्‌गम श्रोत स्वरूप आदरणीय र प्रातः स्मरणीय रूपमा अमर तुल्याउनु इतिहासको कर्तव्य हो। मातृभूमिका वीरहरू इतिहासको गर्भमा समाहित हुन्छन्, वीरहरूको अमरत्व भावीपुस्ताका लागि प्रेरणाको अनन्तश्रोत बन्न पुग्छन्।

विषम परिस्थितिमा पनि सुम्पिएको उत्तरदायित्व र कर्तव्यनिर्वाहप्रति अदम्य साहस, वीरता, बहादुरी र धैर्यताको प्रदर्शन गर्दै वीरगति प्राप्त गर्न पुगेका हाम्रा अग्रज प्रेरणाका श्रोत अमर प्रहरीहरूको स्मृतिमा नेपाल प्रहरीद्वारा प्रहरी प्रधान कार्यालयको हाताभित्र प्रहरी स्मारक निर्माण तीव्र गतिमा भइरहेको छ।

गत फाल्गुण १५ गते प्रहरी स्मारकको शिलान्यासकै पुण्य अवसरमा स्मारकको निर्माणको लक्ष्यलाई साकार रूप दिन थुप्रै प्रहरी अधिकृत तथा जवानहरूबाट सहयोग स्वरूप आर्थिक चन्दा प्रदान गर्ने कार्य भएको थियो। यसरी नै मूर्तरूप दिन अधिराज्यभरिका प्रहरी परिवारहरूको तर्फबाट सहयोग प्रदान गर्ने कार्यले तीव्रता ल्याउँदै गयो।

प्रहरी स्मारकको स्थापनाले नेपाल प्रहरीको गौरवमय इतिहासमा एउटा नयाँ आयाम थप हुन पुगेको छ। प्रहरी स्मारकको निर्माण सम्बन्धी जानकारी पाए पछि प्रहरी कर्मचारी र समाजका विभिन्न वर्गबाट देखाइएको अपनत्व, चासो र श्रद्धा नेपाल प्रहरी र नेपाल प्रहरीको भावीपुस्ताको निमित्त प्रेरणाको अपूर्व श्रोत बन्न पुगेको छ।

सामाजिक उद्देश्य तथा कानूनको मर्यादापालन गराउने कर्तव्य र उत्तरदायित्वप्रति समाहित हुन पुगेका वीरगति प्राप्त प्रहरीहरूप्रति समाजका प्रतिष्ठित वर्ग, विभिन्न संघ-संस्थाहरूको तर्फबाट देखाइएको सकारात्मक भावना र निर्माण कार्यमा पुऱ्याइएको योगदानले प्रहरी र जनता बीचको बलियो प्रगाढ सम्बन्ध रहिरहेको तथ्यलाई एकपटक पुनः सिद्ध गरेको छ।

प्रहरी स्मारकलाई जीवित राख्न स्मारकको सम्भार तथा सम्बर्धनलाई निरन्तरता दिन तथा वीरगति प्राप्त प्रहरीको जेहेन्दार सन्ततिको लागि स्वदेश तथा विदेशमा छात्रवृत्ति उपलब्ध गराउने, वीरगति प्राप्त प्रहरीहरूको अभिलेख तयार गरी प्रहरी पुस्तकालयमा राख्ने जस्ता थुप्रै उद्देश्यहरू र उद्देश्य प्राप्तिको निमित्त बृहद कल्याणकारी कार्यहरू समावेश गरी संचालन गर्न नेपाल प्रहरी स्मारक गुठीको पनि स्थापना गरिएको र गुठीलाई विधानसम्मत रूपबाट संचालन गर्न नेपाल प्रहरी स्मारक गुठीको विधान ०५१ निर्माण भई दर्ता समेत भैसकेको छ। गुठीको संरक्षकमा प्रहरी प्रमुख रहने व्यवस्था रहेको छ।

प्रहरी स्मारकको निर्माण कार्य पुरा गर्न प्रहरी अतिरिक्त महानिरीक्षक अच्युत कृष्ण खरेलज्यूको अध्यक्षतामा प्रहरी स्मारक निर्माण समिति पनि गठन भएको छ र झण्डै १५ लाख रूपैयाको लागतमा निर्माण कार्य पूरा गरिने लक्ष्य राखिएको प्रहरी स्मारकको लगभग ९० प्रतिशत निर्माण कार्य सम्पन्न भैसकेको छ।



पौष १ गते प्रहरी दिवसको उपलक्ष्यमा नवनिर्मित स्मारकको समुद्‌घाटन गरिने योजना रहेको छ। जेहोस् प्रहरी संगठनको सर्वोच्च अंग प्रहरी प्रधान कार्यालयको हाताभित्र निर्माण भैरहेको प्रहरी स्मारक र प्रहरी स्मारकमा अंकित हुने गौरव प्राप्त गरेका ती वीरगति प्राप्त प्रहरीहरूको नामावलीले हामी प्रहरी र वीरगति प्राप्त प्रहरीसंग सबद्ध सबैलाई उद्‌गार प्रेरणा र न्यानो स्मृतिभित्र समेटेको छ। साथै हामीलाई यसबाट त्यस्ता जोखिमपूर्ण र चुनौतिपूर्ण काममा खटिएका समयमा बहादुरीका साथ आफ्ना कर्तव्यपालन गर्नमा ठूलो बल र निष्ठा प्रदान गर्ने सजीव अनुभूति दिलाएको छ।

वीरगति प्राप्त अमर प्रहरीहरूको सम्मानमा अनुकरणीय वीरगाथालाई जीवन्त राख्नको निमित्त प्रहरी स्मारकको निर्माण गर्ने प्रहरी प्रमुखज्यूको चोखो, उत्कृष्ट र भावनात्मक सपनालाई साकार र मूर्तरूप दिने कार्यमा सहृदय समाजका विभिन्न वर्गहरू, मुलुकका सम्मानित नागरिकहरू, विभिन्न संघ-संस्थाहरू र नगरपालिकाहरूबाट पुऱ्याइएको सहयोग अतुलनीय रूपमा रहेको छ।

अन्य मुलुकहरूमा पनि जनताहरूले प्रहरीलाई माया र सम्मान प्रकट गर्ने गर्दछन्। अमर प्रहरीहरूको निमित्त यसप्रकारको प्रहरी स्मारकको निर्माण जनताहरूद्वारा आफैले नै गरिदिएका उदाहरणहरू विश्वका थुप्रै मुलुकहरूमा देख्न पाइन्छ। त्यसरी नै हाम्रो मुलुकमा पनि मुलुकवासीहरूबाट प्रहरी स्मारकको निर्माणको निमित्त प्रदान गरिएको सहयोग, देखाइएको स्नेह र अभिरूचिप्रति नेपाल प्रहरी अति गौरवान्वित भएको छ। यसले समाज र जनताको सेवामा उन्मुख हुन ठूलो प्रेरणा प्राप्त गरेको छ।



सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रहरी स्मारक सम्बन्धि जानकारी गराउँनुहुदै निर्माण समितिका अध्यक्ष प्र.अ.म.नी. अच्युतकृष्ण खरेल।
The Rt. Hon. Prime Minister Girija Prasad Koirala being apprised about the Police Memorial by the chairman of the construction committee AIGP Achyut Krishna Kharel.

# A memorial to the brave

Perpetuation of the saga of the gallant history of the police — inspired and guided by the great aphorism of Truth, Service and Security — and immortalization of valiant policemen is the responsibility of history. The valorous sons of the nation are assimilated in the earth, but their perpetuation becomes a perennial source of inspiration for the generations ahead.

To this end, construction of a memorial dedicated to all those police personnel who showed immense courage, valor and prowess, and laid down their lives in the course of duty is in full swing within the premises of the Police Headquarters.

On Fagun 15, 2050, the foundation stone of the Police Memorial was laid by Inspector General of Police Motilal Bohara. A large number of police officers and constables contributed financially for the noble purpose at the solemn occasion. Police personnel from around the country have been pouring in contributions for the lofty cause and adding speed to the construction project.

The foundation of the Police Memorial has added a new vista in the glorious history of the Nepal Police. The immense interest and devotion shown by police personnel and people from all walks of life to the noble project will continue to inspire Nepal Police and its future generations.

The positive attitude shown and contributions rendered by the social elite and various organizations for the construction of the memorial, a monument dedicated to all those police personnel who laid down their lives in the course of maintaining law and social order, has reaffirmed the profound relationship so cordially subsisting between the police and the people.

A Nepal Police Memorial Trust has been set up with the objective of maintaining the memorial, providing scholarships in Nepal and abroad for students of the martyred police personnel, and enlisting those martyrs' names and recording them in the police archives. A statute in this regarded has already been registered, and as per its provision, the IGP holds the patronship of the Trust.

A Police Memorial Construction Committee under the chairmanship of Additional Inspector General of Police Achyut Krishna Kharel was constituted to complete the undertaking, and about 90% of the construction, for which nearly Rs. 1.5 million was earmarked, has already been completed.



The Police Memorial will be inaugurated as planned on Push 1 (December 16, 1994), the Police Day in Nepal. The Police Memorial with the names of the martyrs inscribed on it which is being constructed within the premises of Police Headquarters, the apex body in the police organization, gladdens all those who had occasion to be associated with the brave martyrs. Moreover, the memorial will serve as an inspiration for all to face even the most challenging tasks.

The enthusiastic cooperation extended to the IGP's sincere and moving call for the construction of the memorial as a mark of deep respect to the exemplary deeds of the martyrs was remarkable. The positive response the memorial got from the different sections of society, honored citizens of the country, and various associations and institutions was incomparable.

Citizens extend love and respect to the police in other countries as well. Examples of such constructions aimed at perpetuating the warm memory of martyred policemen at the people's own initiative can be found in many countries. Nepal Police is proud of the show of support and warm affection extended by the people to such noble deeds in our country also. Such support and assistance will continue to inspire the police in executing their duties and responsibilities to the society and the citizens in the days ahead.




# बीटिङ द रिट्रीट २०५०







**श्री ५ बडामहारानी सरकारको** शुभजन्मोत्सव नेपाल प्रहरीले आफ्नो गौरवमय परम्परानुरूप गत वर्ष कार्तिक २३ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा बीटिङ रिट्रीट कार्यक्रमको आयोजना गरी हर्षोल्लासका साथ मनायो।

परापूर्व कालमा युद्ध स्थगित गरी सन्ध्याको आरती गर्ने संकेतको रूपमा बजाइने रिट्रीट धूनको विकसित स्वरूप बीटिङ रिट्रीटको प्रदर्शनमा नेपाल प्रहरीले आफ्नो बहुमुखी दायित्व निर्वाहका क्रममा गर्ने विविध क्रियाकलापलाई रोचक ढंगले प्रस्तुत गरिन्छ। फौजीजीवनका दैनिक क्रियाकलाप बैण्डको धूनसँगै संचालन भए झैं सुमधुर बैण्डको संगीतमय पृष्ठभूमिमा हुने बीटिङ रिट्रीटका हरेक प्रस्तुतिमा राजभक्ति, देशभक्ति र जनसेवामा समर्पित प्रहरी कर्मचारीहरूको कर्म-क्षेत्रका विविध क्षणहरू झल्कने गर्दछ।

**बि.सं. २०३० सालदेखिनै नेपाल प्रहरीले श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवको उपलक्ष्यमा बीटिङ रिट्रीट आयोजना गरी मनाउँदै आएको छ।**

गत वर्ष प्रस्तुत करीव डेढघण्टा लामो बीटिङ रिट्रीट कार्यक्रममा मौसुफ सरकारको चिरायुको कामना गरी सामूहिक बैण्डद्वारा चिरायु धूनका साथै रंगीचंगी आतसवाजी गरिएको थियो। बीटिङ रिट्रीटमा सोरठी नृत्यका साथै अधिराज्यका पाँचै क्षेत्रको लोक संस्कृति समेट्ने नृत्यहरू समेत प्रस्तुत









गरिएको थियो। सामूहिक बैण्डको सुमधुर संगीतका साथै प्रहरी कलाकारहरूद्वारा शुभकामना गीत प्रस्तुत गरिएको थियो। कार्यक्रमका अन्य आकर्षक प्रस्तुतिमा कुकुरबाट प्रदर्शन, प्रहरी व्यावसायिक कार्याभ्यास प्रदर्शन, जिम्नाष्टिक, मोटरसाईकल स्टन्ट, शारीरिक व्यायाम प्रदर्शन रहेका थिए।

कार्यक्रमको अन्त्यमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले बीटिङ रिट्रीटका उत्कृष्ट सहभागीहरूलाई पुरस्कार वितरण गर्नु भएको थियो। कार्यक्रममा स्वदेशी तथा विदेशी कुटनैतिक नियोगका पाहुनाहरू समेत आमन्त्रित गरिएको थियो।

बीटिङ रिट्रीट समारोह पश्चात् नेपाल प्रहरीले प्रहरी पुनर्मिलन समारोहको आयोजना गरेको थियो। वर्तमान र पूर्व प्रहरी अधिकृतहरू भेटघाट गर्ने, आपसी अनुभव र विचारहरू आदान-प्रदान गर्ने यो अपूर्व अवसर हो। यसवर्ष पूर्व प्रहरीहरूको बढी सहभागिताले कार्यक्रमको भव्यतालाई बढाएको थियो। प्रहरी महानिरीक्षक मोतीलाल बोहराले पूर्व प्रहरी अधिकृतहरूलाई त्यस अवसरमा प्रहरी दर्पण वितरण गर्नु भएको थियो भने पूर्व प्रहरी अधिकृतहरूले बैण्डटोलीलाई रम वितरण गर्नुभएको थियो।





# Beating the Retreat 2050



The auspicious birthday of **Her Majesty the Queen** was most joyously celebrated by Nepal Police at the National Police Academy on Kartik 23, by orchestrating the Beating the Retreat program which is in keeping with the force's glorious tradition.

The Beating the Retreat — a developed form of the ancient tap played at sunset to signify the suspension of the day's battles — has been amplified by Nepal Police by way of demonstrating their multi-faceted and responsible enterprises in an entertaining manner. The daily grinds of regimented life are depicted in episodes which progress through rhythms and movements which are, in turn, coordinated and guided by the sonorous airs of the playing band in the background. This creates a vast platform which allows the variously-caparisoned participants to express their loyalty to the Crown, love for their country, and their dedication to the well-being of their countrymen.

Nepal Police has been celebrating the Beating the Retreat on the auspicious birthday of **Her Majesty the Queen** since 1973.









The 1993 Beating the Retreat was one and half hours long. Wishing a long life to **Her Majesty the Queen**, the hymn was played by the band, and various and colorful pyrotechnic displays accompanied it. There was a *Sorathi* dance, followed by dances representative of the cultures and traditions of all five regions of the Kingdom.

The Police artists presented their felicitation song to **Her Majesty** amidst the airs of the accompanying combined band. The other attractions of the program were demonstrations by police dogs, calisthenics, gymnastics, motor cycle stunts and physical fitness demonstration.

The program was concluded with the chief guest, the Rt. Hon. Prime Minister Girija Prasad Koirala, handing over the prizes to the proficient participants of the performances. Various diplomatic guests from home and abroad were also present at the occasion.

The evening was also highlighted by a reunion program for retired police officials on the premises of the National Police Academy.





शुभजन्मोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा श्री ५ युवराजाधिराज सरकारका जुनाफमा कार्यक्रम पुस्तिका चढाउनुहुँदै प्रहरी महानिरीक्षक।
His Royal Highness the Crown Prince being presented with the program booklet by the IGP during the cultural program organized on the occasion of the Auspicious Birthday.



श्री ५ महाराजाधिराज सरकारको शुभमंगलको कामना गर्दै टोष्ट प्रस्ताव।
A toast of felicitations to His Majety the King.

# शुभजन्मोत्सव

नेपाल प्रहरी संगठनले वि.सं. २०१८ साल अघि खेलकूद प्रतियोगिताको आयोजना गरी **श्री ५ महाराजाधिराज सरकार**को शुभजन्मोत्सव मनाउने गरेको थियो। वि.सं. २०१८ साल पश्चात् राजपरिवारको गरिमामय उपस्थितिमा विभिन्न निकायका पदाधिकारीहरू, विदेशी कुटनीतिज्ञहरू समेतलाई निम्तो गरी हर्षोल्लासका साथ राष्ट्रिय एकताका प्रतीक राजमुकुटप्रति नेपाली मात्रको अपार आस्था, भक्ति र श्रद्धा सुमनहरू प्यारा राजाको जन्म दिनमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरी अभिव्यक्त गर्ने नेपाल प्रहरीले गौरवमय परम्परा थालनी गरेको थियो।

गत वर्ष पनि **श्री ५ महाराजाधिराज सरकार**को शुभजन्मोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीद्वारा पुस १५ गते साँझ श्री ५ महेन्द्र पुलिस क्लब, भृकुटीमण्डप, काठमाण्डौंमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो। श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारबाट सो सांस्कृतिक कार्यक्रम नजर गरिबक्सेको थियो। सो कार्यक्रममा श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह र श्री ५ अधिराजकुमारी कोमल राज्यलक्ष्मी देवी शाह सरकारको पनि गरिमामय उपस्थिति रहेको थियो।

साथै त्यस अवसरमा प्रधानमन्त्री, प्रधानन्यायाधीश, विशिष्ट महानुभावहरू, कुटनैतिक नियोगका सदस्यहरू पनि उपस्थित हुनुहुन्थ्यो।

उक्त सांस्कृतिक कार्यक्रममा प्रहरी कलाकारहरूद्वारा चिरायु, भोजपुरी, कोड़ा-नृत्य, प्रहशन-हेलिगेशन, संगीत नाटिका-चौतारीको चौकीदार, स्वदेश गान र सोरठी जस्ता नेपाली कला र संस्कृति झल्काउने विभिन्न कार्यक्रम प्रस्तुत गरिएको थियो। कार्यक्रमको अन्तमा सदा झैं यस वर्ष पनि **श्री ५ महाराजाधिराज सरकार**को सुस्वास्थ्य, दीर्घायुको कामना गर्नु हुँदै प्रहरी महानिरीक्षक मोतीलाल बोहराले सो अवसरमा टोष्ट प्रस्ताव गर्नु भएको थियो।

वर्ष भरिको कार्य सम्पादन पक्षको मूल्यांकन गरी सर्वोत्कृष्ट ठहरिने अंचलका प्रहरीहरूको हौसला र कार्यको कदर स्वरूप २०३९ सालबाट **श्री ५ महाराजाधिराज सरकार**बाट शुभजन्मोत्सवको अवसरमा *किंग्स ब्याटन* प्रदान गरिने परम्परा रहेको छ। सोही अनुरूप गत वर्ष २०५० सालको अन्तर अंचल प्रहरी कार्यदक्षता प्रतियोगितामा लुम्बिनी अंचल प्रहरी प्रथम भएको थियो। **श्री ५ महाराजाधिराज सरकार**बाट लुम्बिनी अंचल प्रहरीले प्राप्त गरेको *किंग्स ब्याटन* त्यहाँको प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक लाई पुस १४ गते प्रदान गरिबक्स्यो।







# His Majesty's Auspicious Birthday

Prior to 1961, the Nepal Police celebrated the Auspicious Birthday of **His Majesty the King** by holding sports competitions. It was in 1961 when the Nepal Police established the glorious tradition of celebrating the grand occasion in the regal presence of the Royal Family, besides inviting the principal authorities of various institutions, including the foreign diplomatic corp. This set in motion the various pomp and ceremonies assembled for the occasion which since are dedicated to the symbol of national unity — the Crown — and which reflect the inexhaustible faith, devotion and respect of the singular Nepalese. The auspiciousness of the birthday was expressed by holding a variety cultural program.

This year as well, on the auspicious occasion of the birthday of **His Majesty the King**, the Nepal Police held a gala evening of cultural programs on Push 15 at the Mahendra Police Club, Bhrikuti Mandap, Kathmandu. His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev graced the program. Their Royal Highnesses Prince Gyanendra Bir Bikram Shah and Princess Komal Rajya Laxmi Devi Shah also lent a special impetus to the occasion by their presence.

Also present at the occasion were the Rt. Hon. Prime Minister, the Rt. Hon. Chief Justice, VIPs, and members of the diplomatic community.

Various items were presented by the police artistes during the cultural program which included "chirayu" (wishing a long life to **His Majesty**), Bhojpuri and Kouda dances, stage act, delegation, musical drama, patriotic songs, Sorathi and other dances, and features that illuminated and




श्री ५ युवराजाधिराज सरकारमा अभिवादन गर्दै प्रहरी परिवार महिलासंघका पदाधिकारीहरू।
His Royal Highness the Crown Prince being offered greetings by office-bearers of the Police Family Women's Association.

highlighted the Nepalese arts and culture.

The evening was brought to the traditional conclusion by a proposal of toast to the health, happiness and long life of **His Majesty the King** by Inspector General of Police Motilal Bohara.

It was in 1982 that another tradition was established to present the King's Baton to the best-judged zonal police force on the Auspicious Birthday of **His Majesty the King**. The Lumbini Zonal Police was declared the winner of the zonal Police Work Efficiency Competition in 1993. Thus, according to tradition, **His Majesty the King** presented the King's Baton for the year 1993 to the zonal chief, Senior Superintendent of Police Shahabir Thapa.




Hearty felicitation
on the auspicious occasion
of the 46th Birthday of
**Her Majesty the Queen**
**Aishwarya Rajya Laxmi Devi Shah**

May you grace our land with your honored
presence for many years to come.

पामय
**CARPET**
**INDUSTRY**

**Manufacturer and Exporter of Nepalese Tibetan Carpet**

Thecho, Ward No: 9, Lalitpur, P.O. Box 2839, Kathmandu, Nepal
Tel: 290537 (Factory), Res: 272416

# मैत्रीपूर्ण अध्ययन भ्रमण

नेपाल प्रहरीले विभिन्न राष्ट्रको प्रहरी संगठनहरू बीच सम्बन्ध र सम्पर्कलाई अभिवृद्धि गराई नेपाल प्रहरीको चौतर्फी विकासको कार्यमा नयाँ आयामहरू थप्ने क्रमको सिलसिलामा छिमेकी मित्रराष्ट्र चीन सरकार तथा दक्षिण कोरियाको प्रहरी विभागका निमन्त्रणामा प्रहरी महानिरीक्षक श्री मोतीलाल बोहराको नेतृत्वमा प्रहरी नायव महानिरीक्षक श्री रामकाजी बान्तवा, प्रहरी वरिष्ठ उपरीक्षक श्री शहवीर थापा, प्रहरी नायव उपरीक्षक श्री आमोद चन्द्र गुरूङले मिति २०५१ बैशाख ३१ गतेबाट मिति २०५१ जेठ १० गतेसम्म चीनको र दक्षिण कोरियाको भ्रमण गर्नु भएको थियो।

यस किसिमको भ्रमण नेपाल प्रहरी संगठनको इतिहासमा प्रथम पटक भएको छ। भ्रमणका अवसरमा चिनियाँ आन्तरिक तथा सार्वजनिक सुरक्षा उप-मन्त्रीले नेतृत्व गर्नु भएको टोली र नेपाल भ्रमण दलका नेता तथा सदस्य बीच सौहार्दपूर्ण वार्ता सम्पन्न भएको थियो। वार्ताका अवसरमा चिनियाँ पक्षबाट चीनको प्रहरी व्यवस्था, न्याय व्यवस्था र हाल चीनमा सिर्जना भएका अपराधका नवीन चुनौतिसंग सामना गर्न चीन सरकारले तय गरेका नीतिहरूका बारेमा प्रकाश पारिएको थियो भने नेपाली भ्रमण दलले नेपाल प्रहरीको परिचय, श्री ५ को सरकारले शान्ति सुरक्षालाई पहिलो प्राथमिकता दिएको सन्दर्भमा यस दिशामा प्रहरी संगठनले कुशलतापूर्वक निर्वाह गरेको भूमिकाका बारेमा जानकारी दिलाइएको थियो।

उक्त अवसरमा प्रहरी काम-कारवाहीका बारेमा दुवै पक्षबाट आपसी सहयोग र समन्वय अभिवृद्धि गर्दै आगामी दिनहरूमा सहयोगका क्षेत्रहरूलाई व्यापक बनाउँदै लैजाने अठोट व्यक्त गरिएको थियो। सोही अवसरमा सन् १९६१ को SINO - NEPALESE BORDER TREATY को परिधिभित्र रही शान्ति सुरक्षाका प्रसंगमा सहयोगात्मक भावना राखी अगाडि बढ्ने दृढता समेत व्यक्त गरिएको थियो।

उत्तरी सीमातर्फका वासीहरूको एकैप्रकारको रहन-सहन, भेष-भूषा र हाम्रो प्रगाढ मित्रताको फाइदा उठाई आगामी दिनहरूमा हुनसक्ने अपराधप्रवृत्तिलाई मौलाउन नदिन विशेष जोड दिनेतर्फ सकारात्मक भावनाहरू व्यक्त गरेका छन्।

नेपाली भ्रमण दललाई बेइजिंगको विधिविज्ञान प्रयोगशाला तथा सुरक्षा उपकरण र संचार साधन बनाउने कारखानामा अवलोकन गराइएको थियो।



प्रहरी महानिरीक्षक चीनका महामहिम आन्तरिक सुरक्षा उप-मन्त्रीका साथमा।
The IGP with His Excellency the Vice-Minister of Internal Security of China.



प्रतिनिधिमण्डलद्वारा बेइजिङ स्थित विधि-विज्ञान प्रयोगशालाको अवलोकन।
The delegation at the forensic laboratory in Beijing.



प्रहरी प्रतिनिधिमण्डल जिनान प्रान्तको प्रहरी अधिकृतहरूका साथमा।
The police delegation with police officers of Xinan province.

दक्षिण कोरियाको भ्रमण छोटो रहे तापनि दंगा नियन्त्रणका नयाँ प्रविधि, हातहतियार, असबाब तथा अन्य उपकरण सम्बन्धमा विस्तृत जानकारी हासिल गरिएको थियो।

यस भ्रमणबाट मित्रराष्ट्रका प्रहरी र हाम्रा प्रहरीहरू बीच सौहार्दता अभिवृद्धि हुनगई एकआपसमा सहयोगको लागि नवीनतम् आधारहरू स्थापना भएको प्रहरी संगठनले अनुभव गरेको छ।

# Study visits reinvigorate friendly relations

With a view to maintaining and fostering Nepal Police's relations and rapport with the police organizations of other countries, and thereby adding newer dimensions to Nepal Police's own multifaceted operations, Inspector General of Police Motilal Bohara led a delegation to the People's Republic of China and South Korea from May 14 to 16, 1994.

The delegation included Deputy Inspector General of Police Ram Kaji Bantawa, Senior Superintendent of Police Shahabir Thapa, and Deputy Superintendent of Police Amod Chandra Gurung. The visits were made at the invitations of the government of the People's Republic of China and the Police Agency of South Korea.

These visits were the first of its kind in the history of Nepal Police. The dialogues between the Chinese delegation, led by the Vice Minister of Internal and General Security, and the Nepalese representation were cordial. During the exchange, the hosts highlighted on China's police organization, judicial system and the current situation faced by China in the wake of burgeoning and defying crime rate, and the policies promulgated to confront it. The Nepalese delegation on its part made introductory highlights on Nepal Police, His Majesty's Government's top priority on peace and security, and the role played by Nepal Police towards materializing this policy.

The meeting was also conclusive on matters of bilateral policing operations and for extensive mutual cooperation and coordination henceforth. Another resolution was also made at the same occasion for mutual and widened collaboration in peace and security operations by adhering to the framework of the 1961 Sino-Nepalese Border Treaty. Reiterating the similarities in the ethnicities of the peoples living in the borderlands between the two countries, it was duly acknowledged that criminal elements may take advantage of this reality and therefore, special emphasis should be made in order to foil such criminal tendencies.

While in Beijing, the Nepalese delegation was also shown the forensic laboratory, and security gadget and communication equipment manufacturing units.

The delegation's stay in South Korea was rather brief, yet the delegation was provided extensive information on new techniques for riot control, arms, gears, and so on.

It is felt that these visits have generated goodwill and created newer foundations for mutual cooperation between Nepal Police and the police organizations of the two friendly countries.



श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४६ औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारमा मंगलमय शुभकामना टक्र्याउँदछौं।

सूर्य डिष्टिलरी
नेपालगंज (बाँके) नेपाल।
फोन नं. २१०९४



सामाजिक सेवाको कार्यमा सर्वाधिक आर्थिक सहायता प्रदान गर्ने नेपाल प्रहरी परिवार महिला संघकी अध्यक्षलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट कदर-पत्र प्रदान।
The Rt. Hon. Prime Minister presenting a letter of commendation for highest financial contribution to the Chairperson of the Police Family Women's Association.

# सेवाको क्षेत्रमा : प्रहरी परिवार महिला संघ

समाजसेवा, समाजकल्याण, बहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारीहरूको कल्याण कार्यमा आफ्नो स्थापना कालदेखिनै प्रहरी परिवार महिला-संघ समर्पित रहदै आएको छ। सेवा प्रदान गर्ने विभिन्न क्रियाकलापहरूमा समेत संलग्न रहने गरेको छ।

समाजकल्याण, प्रहरीतर्फ वीरेन्द्र प्रहरी अस्पताल र प्रहरी विद्यालय क्षेत्रलाई पु-याएको सेवा, सहयोग स्मरणीय छ भन्न सकिन्छ। संघले आर्थिक वर्ष २०५०।५१ मा पनि दैवीप्रकोप उद्धार, समाजकल्याण परिषद, नेपाल बाल संगठन लगायत विभिन्न व्यक्तिहरूलाई सहयोगार्थ २ लाख ९४ हजार ४०३ रूपैयाँ प्रदान गरेको छ। सो मध्ये प्रहरी स्मारक भवन निर्माणका लागि प्रदान गरिएको सहयोग रकम १ लाख १ सय १ रूपैयाँ रहेको छ। साथै संघले ३ लाख ५० हजारको लागतमा सप्तरी जिल्ला स्थित कदमहामा पेट्रोल पम्प निर्माण कार्य शुरू गरी सकेको छ।

यस्तै प्रहरी परिवार महिला संघले प्रहरी विद्यालयमा अध्ययनरत् विद्यार्थीहरूलाई हौसला प्रदान गर्न नयाँअध्यायको शुभारम्भ गरेको छ। जस अनुसार हरेक वर्ष दीपेन्द्र प्रहरी विद्यालयबाट प्रवेशिका परीक्षा दिई उच्चतम् अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीलाई सुनको पदक र प्रशंसा-पत्र प्रदान गरिने छ। यसै क्रममा २०५० सालको परीक्षामा उच्चतम् प्राप्तांकका साथ उत्तीर्ण हुने विद्यार्थीलाई गत असार १३ गते संघका अध्यक्ष श्रीमती कला बोहराले सुनको पदक र प्रशंसा-पत्र प्रदान गर्नु भयो।

यस्तै जीउमास्ने बेच्ने अपराध नियन्त्रण गर्ने सन्दर्भमा जनचेतना जगाउने उद्देश्यले प्रहरी प्रधान कार्यालयले सिन्धुपाल्चोक जिल्लामा असोज ६ गतेदेखि संचालन गरेको जीउ मास्ने बेच्ने अपराध नियन्त्रण कार्यक्रममा संघ सक्रिय रूपमा सहभागी भएको थियो।

प्रहरी परिवार महिला संघले समाज सेवाको कार्यमा सक्रिय सहयोग पु-याउँदै आइरहेको छ। १४ औं समाजसेवा दिवसको अवसरमा सबैभन्दा बढी रू. ५०,१०१।- सहयोग प्रदान गरेकोमा संघले कदर-पत्र प्राप्त ग-यो। यस्तै १५ औं समाज सेवाका दिवसको उपलक्ष्यमा उपकार कोषको लागि असोज ६ गते संघको तर्फबाट संघका अध्यक्ष श्रीमती कला बोहराले २७,१०१।- रूपैयाँ सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाज्यूलाई हस्तान्तरण गर्नु भयो।

कल्याणकारी कार्यमा अघि बढ्दै गरेको संघले हालै प्रहरी कर्मचारीका परिवारलाई निशुल्क सिलाई बुनाई प्रशिक्षण प्रदान गर्ने निर्णय गरेको छ र सोको निमित्त कार्ययोजना शुरू गरिसकेको छ।



सिन्धुपाल्चोक जिल्लामा सञ्चालित जीउमास्ने बेच्ने अपराध नियन्त्रण कार्यमा संघका सदस्यहरू सक्रियरूपमा सहभागी भए।
Members of the association were actively involved in the women trafficking control effort organized in Sindhupalchok district.



जीउमास्ने बेच्ने अपराध नियन्त्रणको क्रममा सिन्धुपाल्चोकवासी महिलाहरूका बीच संघकी सदस्य।
Members of the association with women of Sindhulpalchok during the women trafficking control effort.



दीपेन्द्र प्रहरी विद्यालयबाट एस.एल.सी. परीक्षामा बढी अंक ल्याई उत्तीर्णहुने विद्यार्थीलाई संघकी अध्यक्षबाट क्रैसला स्वरूप सुनको पदक प्रदान।
Students of Birendra Police School securing the highest marks in the SLC examination being awarded gold medals by the Chairperson of the association.

# Police Family Women's Association plunges into social work

Since its very inception, the Police Family Women's Association has been engaged in social work, social welfare and has been dedicated to the well-being of both the in-service and retired police personnel. The Association also involves itself in various other activities.

Besides social welfare works, the services rendered by the Association to Birendra Police Hospital and Police School have been commendable. During the fiscal year 1993-94, the Association donated a total of Rs. 2,94,403 to the Natural Calamity Relief Fund, Social Welfare Council, Nepal Children's Organization as well as to various individuals. Rs. 1,00,101 out of the above-mentioned sum was donated towards the construction of the Police Memorial. The Association has also commenced construction of a petrol pump (gas station) at Kadamha of Saptari district at a cost of Rs. 3,50,000.

The Association has recently added a new chapter to its agenda: to encourage the students at the Police School. Accordingly, a gold medal and a certificate of appreciation have been instituted to be awarded to the student of Dipendra Police School securing the highest percentage at the School Leaving Certificate (SLC) Examination every year. The 1992-93 gold medal and citation were awarded on June 27 by the Chairperson of the Association, Mrs. Kala Bohara.

The Association also actively participated in a program organized by the Police Headquarters from September 22 in Sindhupalchok district towards arousing public awareness of the crime of women trafficking and its prevention.

With regards to commitments to social services, the Police Family Women's Association raised the highest amount of Rs. 50,101 during the year, and this achievement earned the Association a certificate of merit from the 14th Social Service Day committee. Likewise, on the occasion of the 15th Social Service Day on September 22, the Association's Chairperson Mrs. Kala Bohara presented a sum of Rs. 27,101 to the Rt. Hon. Prime Minister Girija Prasad Koirala for the Prime Minister's Relief Fund.



रक्तदान नै जीवन दान हो भन्ने लक्ष्यलाई अङ्गीकारगर्दै संघका पदाधिकारीहरूबाट रक्तदान।
Office-bearers of the association donating blood.



संघका पदाधिकारीहरू समारोहमा
Office-bearers of the association during a function.

# सामुदायिक प्रहरी

**"प्रहरी हाम्रो लागि हो"** भन्ने धारणा विकास गराई प्रहरीको काममा जनसहभागिता जुटाउने वा जुट्ने वातावरण श्रृजना गर्नु र प्रहरीको काँधमा काँध मिलाएर अपराधजन्य कार्यबाट समाजलाई मुक्ति दिलाई समुदायलाई समुन्नतिको बाटोतर्फ अग्रसर गराउन समुदायका सदस्यहरूलाई सहभागी बनाउने कार्य सामुदायिक प्रहरी सेवाको उद्देश्य भित्र पर्दछ। सोही उद्देश्य अनुरूप २०५१ साल बैशाख १ गते नववर्षको दिनदेखि महाराजगंजको ३ र ४ नं. वडाका क्षेत्रमा सामुदायिक प्रहरी सेवा संचालन गरिएको छ। उक्त कार्यका लागि प्रहरी प्रधान कार्यालय प्रशासन विभागका प्र.अ.म.नि. को अध्यक्षतामा समन्वय समिति गठन भएको छ भने कार्य सुपरीवेक्षणका लागि एक प्र.ना.उ. को अध्यक्षतामा एक कार्यदलको व्यवस्था गरिएको छ। क्षेत्रमा सामुदायिक सेवा कार्य समिति गठन गरी सो अन्तर्गत तीनवटा कार्यदल सक्रीय रूपमा कार्यरत् छन्।

१. वातावरण संरक्षण
(Environmental Protection)

२. युवा गतिविधि
(Youth Activities)

३. अपराध नियन्त्रण
(Crime Prevention)

उपरोक्त सेलको कार्य संचालनमा अधिकतम् जनसहभागिता होस् भन्ने हेतुले प्रहरी समन्वयकर्ताको रूपमा रहने गरी गठन गरिएको कार्य समितिको (WORKING BODIES) राम्रो सहयोग र समन्वयले गर्दा प्रहरीको नेतृत्वमा वृक्षरोपण, युवा गतिविधि, सरसफाई, चक्रपथको हरित पट्टी (GREEN BELT) को सुरक्षा तथा विभिन्न तालीमहरूको सफल संचालन भएको पाइन्छ। घरायसी भैं-भगडा र अन्य अवान्छनीय क्रियाकलापमा कमी आई प्रहरीलाई सहयोगीको रूपमा लिने भावनाको विकास संगसंगै सम्बन्धमा पनि स्थायित्व आएको अनुभव सो क्षेत्रका जनप्रतिनिधि तथा सर्वसाधारणमा, महाराजगंजको अन्य वार्डहरूमा विकसित गर्दै लग्ने लक्ष रहेको छ। सामुदायिक प्रहरीको सक्रियतामा निकट भविष्यमा महाराजगंज स्थित सार्वजनिक स्थानमा सामुदायिक प्रहरी कार्यालय, सामुदायिक छलफल गर्ने हल तथा बालबालिकाको पार्क (CHILDREN'S PARK) निर्माण गर्न प्रारम्भिक कार्य थालनी गरिएको छ।

सामुदायिक सेवा एउटा कार्यक्रमको रूपमा नभई प्रहरीको कार्यशैलीको रूपमा अंगिकार गराउँदै जाने सन्दर्भमा प्रत्येक प्रहरी कर्मचारीहरूलाई यस विषयमा जानकारी दिन पाठ्यक्रममा समेत समावेश गरिएको छ।



समुदायको समस्या समुदायलेनै हल गर्नै। सामुदायिक प्रहरी सेवा कार्यक्रम अन्तर्गत समुदायका सदस्यहरूसंग छलफलको क्रममा प्रहरी अतिरिक्त महानिरीक्षक ध्रुव बहादुर प्रधानबाट कार्यक्रमको उद्देश्य र महत्वबारे प्रकाश

The community's problems to be solved by the community. Additional Inspector General of Police Dhruba Bahadur Pradhan highlights the objectives and importance of the community police service program during discussions with community members.

# Community Police: Making friends

It is the objective of the Community Police Service to develop in members of the community the feeling that "police are for us". This way the police can create an environment of participation from community members, who can then work hand-in-hand with the police to fight crime and other social diseases.

This objective fully materialized in the formation of Community Police Service in Wards 3 and 4 of Maharajgunj starting on New Year's Day, B.S. 2051, Baisakh 1. For this purpose, a coordinating committee chaired by Additional Inspector General, Administration Department, was formed at Police Headquarters. In addition, a workforce chaired by Deputy Superintendent of Police was organized to supervise the work. A community service working committee was formed in the area, under which three work bodies are actively working towards the goal: 1) Environmental Protection; 2) Youth Activities; and 3) Crime Prevention.

The working committee has acted as a coordinator to ensure maximum community participation in the tasks of the workforce.

The committee's help and coordination have enabled the police to involve the public in various activities such as planting trees, youth activities, clean-up campaigns, protection of the Ring Road's Green Belt, and training programs. Community representatives and members have said that this association with the police has not only made them see the police as their friend, but it has also reduced domestic violence and other undesirable activities in the area. The success of the Community Police Service has encouraged participants to develop the program in other wards of Maharajgunj in the fiscal year 1994/95. Preliminary work has already started towards constructing a community police office, a community hall, and a children's park with active help from the police.

To ensure that community service doesn't remain a mere program but becomes part of the working style of the police, course materials have also been included in the project to give maximum knowledge to each police member.

# स्कूल सम्पर्क कार्यक्रम (SLO)

आजको देशका युवा भविष्यका कर्णधार हुन् । कलिलो उमेरमा जस्तो किसिमको शिक्षादीक्षा मिल्छ पछि गएर पनि त्यही किसिमको प्रभाव पर्दछ भन्ने कुरामा दुइमत हुन सक्दैन। यसै तथ्यलाई मध्यनजर राखी ती युवाहरूबाट पनि प्रहरीलाई सहयोगको अपेक्षा राख्दै उपत्यकाका केही विद्यालयहरूमा २०५० साल आषाढ महीनादेखि स्कूल सम्पर्क कार्यक्रम संचालन गरिएको छ।

उक्त सम्पर्क कार्यक्रम अन्तर्गत प्रहरी कार्य (POLICE ACTIVITIES), ट्राफिक ऐन कानून, वातावरण, लागूऔषध र अपराध नियन्त्रणका उपायहरू वोध गराइएको छ। जस मध्ये सेण्टजेभियर्स, सेण्टमेरिज, महेन्द्र भवन, ग्यालेक्सी, लिटल एन्जेल्स आदि स्कूलका प्रिन्सिपलहरूसंग छलफलको कार्यक्रम राखी प्रथम चरणमा सेण्टमेरिज र महेन्द्र भवन स्कूलमा ९ र १० कक्षाका विद्यार्थीहरूलाई प्रशिक्षण दिइएको थियो। दुवै विद्यालयहरूमा परीक्षणको रूपमा संचालन गरिएको ३ दिने कार्यक्रमको सकारात्मक प्रतिक्रिया प्राप्त भए पछि यस कार्यक्रमलाई अझ सुचारू रूपले अगाडि बढाउनको निमित्त प्रहरी प्रधान कार्यालयबाट एकजना प्र.ना.उ.को रेखदेखमा स्कूल सम्पर्क कार्यक्रम सेल खडा गरी निम्न कुराहरू स्कूलहरूमा प्रष्ट गराइएको छ।

१. स्कूल सम्पर्क कार्यक्रमको उद्देश्य
२. विषयहरू र कार्यक्रम संचालन गरिने दिन
३. स्कूल सम्पर्कका आधारहरू र सम्पर्कको तरिका
४. वार्षिक कति स्कूललाई सेवा पु-याउने
५. स्कूल सम्पर्क कार्यक्रमको लागि उपयुक्त जनशक्ति
६. स्कूल सम्पर्क कार्यक्रमको मुल्याकंन गर्ने विधि

उपरोक्त कुराहरूलाई छोटकरीमा प्रष्टयाउने गरी एउटा बोसियर तयार गरी विभिन्न स्कूलहरूमा वितरण गरियो। जस अनुसार उपत्यका स्थित १५ स्कूलमा करीव २१०० जना विद्यार्थीहरूलाई कक्षा संचालन गरिएको छ।

यस कार्यक्रमलाई अझबढी प्रभावकारी बनाउने हेतुले सामाजिक विकृति, लागू औषधको समस्या, बगलीमार, चोरी जस्ता अपराधमा जेलमा परेका तथा छुटेका व्यक्तिहरूबाट निजहरूको अनुभव, त्यसबाट आफूलाई परेको क्षति र दुष्परिणामका कुराहरू बोल्न लगाई अपराध नियन्त्रण सम्बन्धमा चेतना जगाउने प्रयास गरिएको छ। यसको साथसाथै अपराध नियन्त्रण र सामाजिक विकृति सम्बन्धमा सूचनामूलक श्रव्यदृश्य कार्यक्रम बनाई रोचक ढंगबाट प्रशिक्षण दिने कार्यक्रम समेत गरिएको छ।

यस स्कूल सम्पर्क कार्यक्रमलाई निर्देशन र सल्लाह सहयोग दिनको लागि प्रहरी प्रधान कार्यालय, प्रशासन विभागका प्रहरी अतिरिक्त महानिरीक्षकको अध्यक्षतामा एक सल्लाहाकार समिति समेत गठन भएको छ।

स्कूल सम्पर्क कार्यक्रम हालसम्म प्रभावकारी रूपमा चलिरहेको छ र विद्यालयहरूबाट प्राप्त प्रतिक्रियाहरू अनुसार लाभप्रद रहेको छ भने यसलाई नियमित गराउने र अन्य नयाँ नयाँ विद्यालयहरूबाट समेत माग भई रहेको छ। विभिन्न स्कूलका प्राध्यापकहरूबाट यस कार्यक्रमलाई निरन्तर रूपमा संचालन गरिनु पर्ने तथा सम्भव भएसम्म प्रहरी सम्बन्धमा एउटा किताब तैयारगरी नैतिक शास्त्र विषयमा राख्नु जरूरी भएको भन्ने जस्ता सुझावहरू प्राप्त भएकोले यस कार्यक्रमलाई अघि बढाउन उपयुक्त देखिएको छ। यस्तै गरी हाल विभिन्न स्कूलहरूबाट ट्राफिक नियन्त्रण सम्बन्धी सहयोग पु-याउन विद्यार्थीहरू उपलब्ध गराएको र यसलाई निरन्तरता दिने जानकारी समेत प्राप्त भइरहेको छ।



उत्साहित विद्यार्थीहरूद्वारा ट्राफिक नियन्त्रण स्वयंसेवा।
Enthusiastic student volunteers engaged in traffic control.

# School Liaison Program reaches out to students

There can be no divergent opinions about the fact that our youths are our future leaders and that they will carry with them to the future what we teach them now. Accordingly, anticipating help from the youth in police work, Nepal Police has started the School Liaison Program since June 1993 in some schools of the Kathmandu Valley.

The program involves teaching school kids about police activities, traffic rules and laws, environment, drugs, and crime control. At first, discussions were held with the principals of St. Xavier's, St. Mary's, Mahendra Bhawan, Galaxy, and Little Angels schools. A pilot program teaching ninth and tenth grade students of St. Mary's and Mahendra Bhawan for three days was conducted in the preliminary stage. Positive feedback obtained from the program encouraged

the Police Headquarters to establish a School Liaison Program cell under a Deputy Superintendent of Police to clarify to the schools the following factors of the program:

1. Objective of the School Liaison Program
2. Subjects to be taught and the days the program would be conducted
3. Foundations of school contact and the way it would be conducted
4. Number of schools to be served per year
5. Appropriate human resources needed for the School Liaison Program
6. Method of evaluating the School Liaison Program

A small brochure that briefly familiarized the participants with the above factors was distributed at various schools. Nepal Police has conducted classes at 15 schools in the Kathmandu Valley involving 2,100 students.

In order to make the program even more effective, individuals who had been involved in anti-social activities, drug abuse, pick pocketing, theft and other such acts were also taken to the schools. The ex-criminals talked to the students about their experience with these illegal activities and the subsequent personal harm and negative results they suffered and thus helped in the effort to raise public awareness about crime control. In addition, informative audio/visual programs were also used in an interesting manner to teach students about crime control and social diseases.

An advisory committee has also been formed under the chairmanship of Additional Inspector General of Police of Police Headquarters, Administrative Division, to direct and advise the School Liaison Program.

The School Liaison Program has been very effective so far. The schools' reactions show that the program has been beneficial, and there is a demand to make the program regular. Other schools have also requested to have the program conducted with their students. Principals of various schools have requested that the program be conducted regularly to be even more effective. They have also pointed out the necessity of a book concerning the police which could be included in the moral science curriculum at schools. Similarly, various schools have indicated that they are keen to involve their students in helping the police with traffic control in Kathmandu.



स्कूल सम्पर्क कार्यक्रमका बारेमा वरिष्ठ प्रहरी अधिकृतहरू र शिक्षकहरूबीच आपसी विचार विमर्श।
Senior police officers and teachers discuss the School Liaison Program.

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४६ औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारमा चिरायु, सुस्वास्थ्य तथा अटल सौभाग्यका लागि सभक्ति मंगलमय शुभकामना टक्र्याउँदछौं।



महेन्द्र सुगर एण्ड जनरल इण्डष्ट्रिज प्रा. लि.
भैरहवा

# अन्तर्राष्ट्रिय शान्ति

हाल विश्वमा बढ्दै गइरहेको गृहयुद्धको साथै बाह्य हस्तक्षेपका कारणबाट भएका आमविनाशकारी युद्धलाई रोक्न संयुक्त राष्ट्र संघले खेल्दै आइरहेको भूमिका सराहनीय मान्न सकिन्छ। यसै क्रममा नेपालको तर्फबाट पनि शान्ति स्थापनाको लागि शाही नेपाली सेनाहरूलाई परिचालन गर्दै आइरहेकोमा २०४८ सालबाट प्रहरी प्रवोधकको रूपमा नेपाल प्रहरी सहभागी हुँदै आइरहेको छ।

संयुक्त राष्ट्रसंघको आव्हानमा खटिएको नेपाल प्रहरीले एकातर्फ संयुक्त राष्ट्रसंघमा नेपालको योगदान प्रष्टयाउँछ भने अर्कोतर्फ नेपाल प्रहरीहरूलाई विदेशी प्रहरीहरू सम्बन्धी व्यावहारिक ज्ञान तथा नेपाल प्रहरीलाई विभिन्न मुलुक तथा संयुक्त राष्ट्रसंघमा समेत चिनाउन सहायकसिद्ध भएको पाइन्छ। साथै नेपाल प्रहरीहरूलाई विदेश पठाउँदा नेपाल प्रहरीहरूको संगठनात्मक शीप-कौशलमा वृद्धि हुनुका साथै प्रहरी कर्मचारीहरूको मनोवलमा समेत बृद्धि भएको पाइन्छ।

हाल आएर नेपाल प्रहरीलाई मोजाम्बिकमा समेत सिभिलीयन पुलिस अब्जर्वस (Civilian Police Observers) मा माग भई विदेश पठाउने क्रम जारी रहेको छ। हालसम्म युगोस्लाभिया, कम्बोडिया र मोजाम्बिकमा गरेर जम्मा ३११ जना प्र.अ. तथा जवानहरू विदेश गई सकेका छन् भने गत आ.ब. ०५०।५१ मा मात्र १५० प्र.अ. तथा जवानहरू विदेशमा गई सेवा प्रदान गरिसकेका छन्। वि.सं. २०४८ फागुन २३ गते युगोस्लाभियामा प्रहरी प्रवोधकको रूपमा १ जना प्रहरी निरीक्षकबाट शुरू भएकोमा हालसम्म १७५ जना प्र.अ. तथा जवानहरू गई सकेका छन् भने यो क्रम हाल सम्म चालु रहेको छ। वि.सं. २०४९, साउन २२ गते तत्कालीन प्रहरी वरीष्ठ उपरीक्षकको कमाण्डमा कम्बोडियामा प्रहरी पर्यवेक्षक (Civilian Police Observer) को रूपमा ८६ जना प्र.अ. तथा जवानहरू आफ्नो कार्य सफलताका साथ सम्पन्न गरेर फिर्ता भैसकेका छन् भने मोजाम्बिकमा Civilian Police Observer को रूपमा प्रहरी उपरीक्षकको कमाण्डमा ५० जना प्रहरी अधिकृतहरूको टोली प्रस्थान भैसकेका छन्। यसरी विदेश गएर फिर्ता भएका प्र.अ. तथा जवानहरूको काममा नयाँ नयाँ सोचाइमा वृद्धि हुनाको साथै मनोवलमा समेत बृद्धि भएको पाइन्छ।

नेपाल प्रहरीले पाएको यस अवसरले संगठनात्मक स्तर अभिबृद्धि गर्नुका साथै नेपाललाई विश्व रंगमंचमा चिनाउने भूमिका खेलेको परिप्रेक्षमा संयुक्त राष्ट्रसंघका अन्य शान्ति प्रयासमा पनि सहभागी बनाउने प्रयास हुनु जरूरी देखिन्छ।



प्रहरी महानिरीक्षकबाट शान्तिसेवामा कार्यरत् रहँदा बढुवा भएका अधिकृतलाई दर्ज्यानी चिन्ह प्रदान।
The IGP presenting the rank insignia to the officer promoted during tour of duty.





आफ्नो कार्यावधि समाप्तगरी युगोस्लाभियाबाट फर्केका प्रहरी अधिकृतहरूलाई बधाई दिनु हुँदै प्रहरी अतिरिक्त महानिरीक्षक अच्युतकृष्ण खरेल।
Additional Inspector General of Police Achyut Krishna Kharel congratulating the police officers who have returned from a tour of duty in Yugoslavia.

# Police in international peace

The United Nations has been initiating an appreciably vital role in its attempts to mitigate escalating worldwide confrontations perpetuated by civil wars and provoked by external interventions. Nepal has also been lending the necessary support by despatching Royal Nepalese Army contingents to such trouble spots. Since the end of 1991, the Nepal Police too has been inducted into the UN initiatives as observers.

While on the one hand, the UN call allows the Nepal Police to contribute to such international efforts, on the other hand, it also provides opportunities to the Nepal Police participants to intermingle professionally with police observers of other nations. This yields a helpful practical knowledge about their foreign counterparts while the imprint of the Nepal Police observers also falls on those from these participating countries. The participation also facilitates the UN itself to feel the Nepalese presence. In addition, such participatory forays outside Nepal provide the Nepal Police personnel a unique experience in organizational skills, and the experience helps to consolidate their confidence as well.

At present, the UN program continues to despatch Nepal Police personnel to Cambodia, Yugoslavia and Mozambique as Civilian Police Observers. There have so far been 311 police officers and men assigned in these and other countries. In the year 1993-94 alone, Nepal has seen 150 officers and men off to foreign countries for the purpose. There was but one Police Officer sent to Yugoslavia on B.S. 2048/11/23. By now 175 officers and men have been there, and the exercise continues to this day.

As Civilian Police Observers, 86 officers and men left for Cambodia on B.S. 2049/4/22 under the command of the then Senior Superintendent of Police (SSP). While this contingent has already returned after successful completion of its mission, another contingent of 50 officers under the command of a Superintendent of Police has already been forwarded to Mozambique. Such sojourns have found the officers and men reinvigorated in their professionalism and novel in their thought processes upon their return.

In such perspectives, which have provided the Nepal Police opportunities for organizational skill improvement while also having placed them on the world stage, it is strongly felt that it is time that the Nepal Police should as well be involved in UN peace-keeping initiatives.



युगोस्लाभियामा, उद्धारकार्यमा नेपाल प्रहरी
Nepal Police engaged in relief work in Yugoslavia.





प्रहरी अतिरिक्त महानिरीक्षक अच्युतकृष्ण खरेल युगोस्लाभियामा कार्यरत् नेपाल प्रहरीका अधिकृत जवानहरूको स्थलगत कार्य निरीक्षण भ्रमणमा
The AIGP with Nepalese and foreign monitors during the inspection tour in Yugoslavia.

# नेपाल अधिराज्यको अपराध स्थिति : संक्षिप्त विवेचना

बढ्दो जनसंख्या, शहरीकरण, बसाइ सराइ तथा अपराधको नयाँ तकनिकीहरूलाई हेर्दा अन्य मुलुकहरूको तुलनामा हाम्रो देशमा अपराधको रोकथामतर्फ सक्रिय रहेको र अनुसन्धानतर्फ उल्लेखनीय सफलता प्राप्त गर्दै आएको पाइन्छ। अनुपातिक ढंगबाट जनसंख्याको वृद्धि संगसंगै अपराधका घटनाहरूको वृद्धि हुन पाएको छैन। यो नेपाल प्रहरीको सफलताको उल्लेखनीय पक्ष हो।



अपराधी विकास गुरुङबाट बरामद चोरीका सामान
Stolen goods seized from the ciriminal Bikash Gurung.

तालीकामा उल्लेखित तथ्याङ्क अनुसार अधिराज्यभरी घटेका अपराधका घटनाहरू सम्बन्धमा अध्ययन गर्दा गत वर्षको तुलनामा यस आर्थिक वर्षभित्र डाँका, खुन डाँका, ज्यानमार्ने उद्योग, जीऊमास्ने बेच्ने, चोरी र गैरकानूनी गर्भपतनका घटनाहरू प्रहरीको सक्रियतामा निकै कमी हुँदै आएको पाइन्छ।

गत आर्थिक वर्षको तुलनामा कर्तव्यज्यान, जबरजस्ति करणी, लागू औषध जस्ता अपराधका घटनाहरूको संख्यामा केही वृद्धि भएको पाइए तापनि घटना र घटनाको प्रारूपलाई हेर्दा कर्तव्यज्यानका घटनाहरू बढी मात्रामा नियोजित र षडयन्त्रमूलक नभई वादविवाद वा झगडा हुँदा तत्काल उठेको रीसको विवादबाट मृत्यु हुन गएका घटना बढी रहेको देखिन्छ।

त्यस्तै जबरजस्ति करणीका घटनाहरू वृद्धि भएको देखिनुमा समाजमा अपराधीलाई दण्ड दिलाउने, घटनालाई नलुकाउने प्रवृत्ति र बढ्दै गएको चेतना कारक तत्वको रूपमा देखिएको तथ्य सोको अध्ययनबाट पुष्टि हुन्छ। यसप्रकारको जनचेतनाको विस्तारबाट अपराधीलाई दुरुत्साहित गर्न र अपराध नियन्त्रण गर्न ठूलो मद्दत पुगेको छ।

अधिराज्यभरि घटेका अपराधका घटनाहरूलाई स्थानगत रूपमा विश्लेषण गर्दा तराई क्षेत्रमा खुन डाँका, डकैति, चोरी, कर्तव्यज्यान बढी हुने गरेको देखिन्छ। त्यस्तै पहाडी र हिमाली क्षेत्रमा भवितव्य ज्यान, झुण्डी आत्महत्या, कर्तव्यज्यान, जीऊमास्ने बेच्ने र चोरीका अपराधहरू अन्य अपराधको तुलनामा बढी घट्ने गरेको पाइन्छ। बढी जनघनत्व भएको शहरी क्षेत्रहरूमा चोरी, कर्तव्यज्यान, सार्वजनिक अपराध, आत्महत्या, लागू औषधका अपराधका घटनाहरू तुलनात्मक रूपमा बढी घट्ने गरेको पाइन्छ।

अपराधको स्थितिलाई नियन्त्रित गरी शान्तिपूर्ण सामाजिक जीवनको निर्माणमा प्रहरीलाई, सक्षम, दक्ष र साधन सम्पन्न बनाउँदै लैजानेतर्फ श्री ५ को सरकारको सकारात्मक सोचाइ र त्यसतर्फ चालिएका पाइलाहरूले नेपाल प्रहरीको मनोबललाई उच्च बनाउन ठूलो बल प्रदान गरेको महशुस गरिएको छ।



# क्षेत्रगत रूपमा देखिएका अपराधको स्थिति र प्रवृत्ति

क्षेत्रको वर्तमान अपराधको स्थिति र प्रवृत्ति बारे क्षेत्रीय प्रहरी प्रमुखज्यूहरूबाट आफ्ना आफ्ना क्षेत्रमा निम्नानुसारको वर्तमान अपराधको प्रवृत्ति र स्थिति विद्यमान रहेको धारणा व्यक्त गर्नु भएको थियो।

**प्र.ना.म.नि. गोविन्द कर्म थापा,**
**(पूर्व क्षेत्र):**



विगत वर्षको तुलनामा यस क्षेत्रमा कर्तव्यज्यान, जबरजस्ति करणी, चोरी आदि अपराधमा केही बृद्धि भएको देखिए तापनि खुन डाँका, डाँका, गर्भपतन, जीउमास्ने बेच्ने, सवारी दुर्घटना र सार्वजनिक अपराधमा कमी भएको छ। खुला छोडिएको सीमाको कारण हुने अबैध चोरी निकासीमा पनि प्रहरी सक्रियताका कारण अपेक्षाकृत रूपमा नियन्त्रित छ। हाल यस क्षेत्रको झापा र मोरङ जिल्लामा रहेको भुटानी शरणार्थी शिविरको कारण काटफुट चोरी, बेश्यावृत्तिको साथै स्थानीय जनतासंग वैमनस्यको कारण कुट्पीट र विवाद समेत भएको हुँदा मुख्यतः यस क्षेत्रमा शरणार्थी समस्या पनि प्रमुख रूपमा देखा परेको छ। पूर्वी क्षेत्रमा भारत पश्चिम बंगालको विशेष गरेर दार्जिलिङ, कालिङपोङसंग बढी सम्पर्कको कारण भारतको सामाजिक प्रभावको छाप पाइन्छ।

**त्रिवर्षीय अपराध स्थिति**

| क्र.सं. | अपराध | आ.व. ०४८।४९ | आ.व. ०४९।५० | आ.व. ०५०।५१ |
|---|---|---|---|---|
| १. | खुन डाँका | ५ | ५ | ३ |
| २. | कर्तव्यज्यान | १२४ | ९८ | १२२ |
| ३. | ज्यान मार्ने उद्योग | ८१ | ६७ | ४८ |
| ४. | डकैति | ५० | ४१ | ४३ |
| ५. | जीउ मास्ने बेच्ने | १९ | २३ | २० |
| ६. | जबरजस्ति करणी | ३९ | ३६ | ४७ |

**प्र.ना.म.नि. रामकाजी बान्तवा,**
**(मध्य क्षेत्र)**



अन्य अपराधको तुलनामा यस क्षेत्रमा सार्वजनिक अपराध, चोरी र सवारी दुर्घटना नै केही बढी घट्ने गरेको पाइएको छ। संचार साधनको व्यवस्था,, जनचेतनाको विकासका साथै प्रहरी सक्रियताले जीउ मास्ने बेच्ने तथा घृणित जघन्य अपराधमा कमी हुन गएको छ भने अन्य लागू औषध र जबरजस्ति करणी जनसंख्या बृद्धिको हिसाबले न्यून रूपमा बृद्धि भएको पाइन्छ। हाल यस क्षेत्रका विशेषगरी शहरी ईलाकाहरूमा खुर्सानीको धूलो आँखामा हाली लुट्ने, यदाकदा अल्लारे, वेरोजगार युवाहरूबाट बाटोमा हिंडिरहेका व्यक्तिको सुन, नगद पैसा लुटी भाग्ने, विदेशमा रोजगारी दिने प्रलोभनमा ठगी गर्ने, उपहार कार्यक्रमको नाममा ठगी गर्ने प्रवृत्तिहरू बढेका देखिन्छन्। यस क्षेत्रमा देशको राजधानी काठमाडौं रहेको र यहाँ विदेश र अधिराज्यका सबै जिल्लाका बासिन्दाहरू बस्ने भएकाले यहाँ विभिन्न किसिमका सामाजिक प्रभाव पाइन्छ। फेसन, दूर्व्यसन र वेश्यावृत्ति बढ्नु पनि यसैको परिणाम हो। यस्ता अपराध रोक्न प्रहरी सक्रियताको साथै सामाजिक चेतना र जनताको सहयोग पनि नितान्त जरूरी देखिन्छ।

**त्रिवर्षीय अपराध स्थिति**

| क्र.सं. | अपराध | आ.व. ०४८।४९ | आ.व. ०४९।५० | आ.व. ०५०।५१ |
|---|---|---|---|---|
| १. | खुन डाँका | ७ | ६ | ३ |
| २. | कर्तव्यज्यान | १७८ | १५८ | १७५ |
| ३. | ज्यानमार्ने उद्योग | ९७ | १०१ | १०८ |
| ४. | डकैति | ७८ | ७७ | ५७ |
| ५. | जीउमास्ने बेच्ने | ६४ | ७९ | ५२ |
| ६. | जबरजस्ति करणी | ३३ | ४७ | ५२ |

**प्र.ना.म.नि. प्रदीप शम्शेर ज.ब.रा.**
**(पश्चिम क्षेत्र)**



पश्चिम क्षेत्रमा जघन्य अपराध र लागू औषध अपराध विगतको तुलनामा प्रहरी सक्रियताको कारण घट्दै गएको पाइन्छ। त्यस्तै आत्महत्या र सवारी दुर्घनामा केही मात्रामा बृद्धि भएको देखिन्छ। सवारी दुर्घटना बढ्नुमा प्रहरी जनशक्तिको कमी र यातायात व्यवस्था विभागसंगको समन्वयको कमीलाई लिन सकिन्छ। विशेषतः यस क्षेत्रमा भारतीय नम्बरका सवारी साधनहरूको चोरी निकासीको समस्या भएको देखिएतापनि हालसम्म सीमा क्षेत्रमा व्यापक गस्ती एवं निग्रानी राख्नाले केही हदसम्म नियन्त्रणमा लिन सफल भएका छौं। यस क्षेत्रको पोखरा, भैरहवा, गुल्मी लगायतका अन्य जिल्लाहरूमा विशेषगरी गुरूङ र मगर जातिहरू बृटिस र भारतीय सेनामा काम गर्ने भएकाले यहाँ पश्चिमी एवं लाहुरे सँस्कृतिको प्रभाव भएका युवाहरू बढी संख्यामा पाइन्छ।

| त्रिवर्षीय अपराध स्थिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | अपराध | आ.व. ०४८।४९ | आ.व. ०४९।५० | आ.व. ०५०।५१ |
| १. | खुन डाँका | ४ | - | १ |
| २. | कर्तव्यज्यान | ९२ | ७५ | ७६ |
| ३. | ज्यान मार्ने उद्योग | ६४ | ६० | ३२ |
| ४. | डकैति | २४ | २६ | ११ |
| ५. | जीउमास्ने बेच्ने | २२ | ८ | १५ |
| ६. | जबरजस्ति करणी | २७ | २८ | ३१ |

प्र.ना.म.नि.शम्भु थापा,
(मध्य पश्चिम क्षेत्र)



यस क्षेत्रमा सार्वजनिक अपराध, कर्तव्य ज्यान, सवारी दुर्घटना आदि घटेको देखिए तापनि अन्य अपराधको स्थिति तुलनात्मक रूपमा सन्तोषजनक मान्न सकिन्छ। नेपालगंज नगर क्षेत्रमा कहिलेकाँहि ताला काटी, सटर खोली, सेन खनी चोरी हुने गरेको पाइएको छ। लागू औषध नियन्त्रणको कारण दूर्व्यसनीहरू सीमापार गई सेवन गरी आउने प्रवृत्ति देखापरेको छ। क्षेत्रभरमा प्रायजसो झुठा, बनावटी तथा राजनैतिक र प्रशासनिक दबावको कारण सार्वजनिक अपराधमा बृद्धि भएको देखिन्छ। यस क्षेत्रका तराईका सम्पूर्ण जिल्लाहरूको सीमा भारतको यु.पी. संग गाँसिएकोले तराई क्षेत्रमा भारतीय संस्कृतिको प्रभाव परेको पाइन्छ। भने पहाडी भेगमा पुरानो नेपाली परम्परा र संस्कृति पाइन्छ।

| त्रिवर्षीय अपराध स्थिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | अपराध | आ.व. ०४८।४९ | आ.व. ०४९।५० | आ.व. ०५०।५१ |
| १. | खुन डाँका | २ | - | - |
| २. | कर्तव्य ज्यान | ६९ | ६१ | ५७ |
| ३. | ज्यानमार्ने उद्योग | ३६ | २४ | ३९ |
| ४. | डकैति | १३ | १० | ६ |
| ५. | जीउ मास्ने बेच्ने | ९ | ९ | ७ |
| ६. | जबरजस्ति करणी | २७ | २८ | २० |

प्र.ना.म.नि.ढालमान थापा,
(सुदूर पश्चिम क्षेत्र)



यस क्षेत्रमा अन्य क्षेत्रहरूको तुलनामा कम मात्रामा अपराध घट्ने गरेको देखिन्छ। सार्वजनिक अपराध, कर्तव्यज्यान, चोरी र सवारी दुर्घटना केही मात्रामा घटेको पाइए तापनि अन्य अपराधको स्थिति एकदमै न्यून संख्यामा रहेको छ। यस क्षेत्रमा हाल महिला जागरण फैलिन गई उनीहरू आफैले मदिरा तथा धुम्रपानको विरूद्धमा आवाज उठाउने प्रवृत्ति बढ्दै गएको देखिएको छ। यसबाट समाजमा देखापर्ने विकृति र अपराधका घटनाहरूको नियन्त्रणतर्फ यसले सघाउ पु-याउन मद्दत गर्नेछ। यस क्षेत्रमा बढी मात्रामा ठकुरीजाति बसोवास गर्ने भएकोले ठकुरीहरूको सामाजिक प्रभाव परेको पाइन्छ। त्यहाँका बासिन्दाहरूमा सामुहिक भावना प्रवल छ।

| त्रिवर्षीय अपराध स्थिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | अपराध | आ.व. ०४८।४९ | आ.व. ०४९।५० | आ.व. ०५०।५१ |
| १. | खुन डाँका | - | - | - |
| २. | कर्तव्यज्यान | ४४ | २८ | ४९ |
| ३. | ज्यानमार्ने उद्योग | १३ | ८ | ५ |
| ४. | डकैती | ४ | ४ | २ |
| ५. | जीउ मास्ने बेच्ने | ३ | ७ | ८ |
| ६. | जबरजस्ति करणी | १२ | १८ | १० |

हामीकहाँ राम्रो सुझाव र सुराक दुवै बिरलै आउँछ, जसको अभावमा हाम्रो सेवा अपेक्षाकृत रहन्न।




हामीलाई तपाईको सहयोग जरुरी छ।

# The fight against crime



अपराधी विकास गुरुङबाट बरामद हातहतियार तथा चोरीगर्नको लागि प्रयोग गरिने औजारहरू।
Weapons and tools of the trade seized from the criminal Bikash Gurung.

Even in the face of burgeoning population, rapid urbanization, increasing migration, and novel techniques in committing crimes, the Nepal Police, in comparison to its counterparts in other countries, has been continuously active in crime prevention, and appreciably successful in crime investigation. The fact that there has not been any alarming increase in crimes in proportion to the increase in population in Nepal itself speaks for the considerable success of the Nepal Police.

A study of the crimes committed during the year in Nepal, shown in the following charts, indicates a comparative decrease with regards to the previous year, in such categories as robberies, armed robberies, murders, women trafficking, thefts, and abortions due to the vigilance of the police.

There has been a slight increase in culpable homicide amounting to murder, rape, and drug abuse this year. The study also inexplicably shows, based on investigative evidentials, that culpable homicide amounting to murders, instead of being premeditated and conspiratorial, were largely committed out of immediate furious rage arising from on-the-spot quarrels or arguments.

Likewise, the study also shows the increase in rapes to be a demonstration of society's intent not to subvert the knowledge of such crimes and thereby not to allow such offenses to go unpunished. This phenomenon is a result of a development in social awareness — a factor very crucial in assisting the police to discourage and prevent such crimes.

An analysis of the crimes committed in the Kingdom reveals the Terai lowlands as being more prominent in dacoity and murders, dacoity, robbery, and premeditated murders. The hills and the Himalayan regions are more conspicuous for accidental homicide, suicide by hanging, premeditated murders, women trafficking, and robberies; while the more densely populated areas, such as towns and cities, show a bigger draw in robberies, premeditated murders, common crimes, suicides, and drug offenses.

The Nepal Police force feels psychologically nurtured by His Majesty's Government's constructive attitudes and the befitting steps in making Nepal Police able, capable and suitably equipped in order to maintain a serene society through invigilating the criminal atmosphere in the country.



# Regional crime stature and nature

Each development region of Nepal has its crime stature and nature profile. Each region's regional police chief expresses his views on the subject in the following manners:

**Deputy Inspector General of Police Govind Karma Thapa, Eastern Region:**

In comparison to last year, the present year has seen an increase in culpable homicide amounting to murder, rapes and theft whereas there has been a decrease in dacoity and murders, robberies, abortions, women trafficking, traffic accidents, and common crimes. Even illegal smuggling activities, as naturally facilitated by the open Nepal-India border, have been adequately checked in the eastern region.

At present, due to the influx of Bhutanese refugees in the camps of Jhapa and Morang, a few cases of thefts and prostitution have been reported. Arguments and confrontations, rising mainly from the frustration and disenchantment between the local people and the refugees, have also been witnessed. In this case, the refugee scenario is seen as a major problem. Being contiguous with India's West Bengal state, and specially being in close contact with Darjeeling and Kalimpong, the eastern region is influenced by Indian social ethos.

**A THREE-YEAR CRIME CHART (Eastern Region)**

| Sr. No. | Crime | FY 1991-92 | FY 92-93 | FY 93-94 |
|---|---|---|---|---|
| 1. | Dacoity and Murder | 5 | 5 | 3 |
| 2. | Culpable homicide amounting to murder | 124 | 98 | 122 |
| 3. | Attempted murder | 81 | 67 | 48 |
| 4. | Dacoity | 50 | 41 | 43 |
| 5. | Women trafficking | 19 | 23 | 20 |
| 6. | Rape | 39 | 36 | 47 |

**Deputy Inspector General of Police Ram Kaji Bantawa, Central Region:**

In comparison to other crimes, this region has registered an increase in common crimes, robberies and traffic mishaps. Due to the influx of effective communication media, people's awareness and the vigilance of the police, heinous crimes such as women trafficking have decreased, whereas drug addiction and rapes have increased, though not in proportion to the rapid rise in population. At present, this region has experienced, specially in the towns and cities, such crimes as looting by throwing chili powder in the eyes of the victims, snatching of ornaments and purses by young and unemployed delinquents, cheating people by promising them foreign employment, and promoting "bumper" lotteries and raffles to eventually vanish with the loot. The capital city of Kathmandu being situated in this region, it is inhabited by foreigners and residents of all districts of Nepal, and therefore, it is influenced by many types of social affectations. The proliferation of fashion, drugs and prostitution is one of the side effects of this environment. The police is required to remain active with the expected support of the populace and with social awareness in order to check such crimes.

**A THREE-YEAR CRIME CHART (Central Region)**

| Sr. No. | Crime | FY 1991-92 | FY 92-93 | FY 93-94 |
|---|---|---|---|---|
| 1. | Dacoity and murder | 7 | 5 | 3 |
| 2. | Culpable homicide amounting to murder | 178 | 158 | 175 |
| 3. | Attempted murder | 97 | 101 | 108 |
| 4. | Dacoity | 78 | 77 | 57 |
| 5. | Women trafficking | 64 | 79 | 52 |
| 6. | Rape | 33 | 47 | 52 |

**Deputy Inspector General of Police Pradeep Samsher JBR, Western Region:**

Heinous crimes and drug-dealings have decreased this year in comparison to the past due to police efforts. Suicides and vehicle accidents have been on a slight rise. The road accidents have been mainly due to lack of police manpower as well as due to insufficient coordination with the transport management department. More importantly, this region has experienced the problem of smuggling of Indian-registered vehicles which has been now lessened due to police vigilance and extensive patrolling. This region consists of Pokhara, Bhairawa, Gulmi, and other districts which are home to the Gurungs and Magars who serve in the British and Indian Armies, and thus this region is influenced by western and military culture.

**A THREE-YEAR CRIME CHART (Western Region)**

| Sr. No. | Crime | FY 1991-92 | FY 92-93 | FY 93-94 |
|---|---|---|---|---|
| 1. | Dacoity and murder | 4 | - | 1 |
| 2. | Culpable homicide amounting to murder | 92 | 75 | 76 |
| 3. | Attempted murder | 64 | 60 | 32 |
| 4. | Dacoity | 24 | 26 | 11 |
| 5. | Women trafficking | 22 | 8 | 15 |
| 6. | Rape | 27 | 28 | 31 |

**Deputy Inspector General of Police Shambhu Thapa, Mid-Western Region:**

This region has registered increased common crimes, culpable homicide amounting to murder, and traffic accidents

while other crimes have remained at a negligible level. The urban area of Nepalgunj has occasional cases of burglary through lock-breakage, shutter vandalism and tunneling. Because of clampdown on drugs, the addicts have tended to avail themselves of drugs by crossing the border [into India]. This region has seen an overall increase in common crimes caused by facile, fabricated and political and administrative intrigues. In all the Terai districts of this region, all being contiguous with Uttar Pradesh state of India, there is an imprint of Indian culture whereas the hilly regions are imbued with old and traditional Nepalese aura.

**Deputy Inspector General of Police Dhal Man Thapa, Far Western Region:**

This region seems to have the least number of crimes in comparison to other regions. Common crimes, culpable homicide amounting to murder, theft, and traffic accidents occur rather negligibly while other types of crimes are almost non-existent. Women's awareness groups have consolidated their voices against alcohol and tobacco. This movement has helped to lessen social evils and crimes. This region is home to the Thakuris who have strong feelings of communality.

**A THREE-YEAR CRIME CHART (Mid-Western Region)**

| Sr. No. | Crime | FY 1991-92 | FY 92-93 | FY 93-94 |
|---|---|---|---|---|
| 1. | Dacoity and murder | 2 | - | - |
| 2. | Culpable homicide amounting to murder | 69 | 61 | 57 |
| 3. | Attempted murder | 36 | 24 | 39 |
| 4. | Dacoity | 13 | 10 | 6 |
| 5. | Women trafficking | 9 | 9 | 7 |
| 6. | Rape | 27 | 28 | 20 |

**A THREE-YEAR CRIME CHART (Far Western Region)**

| Sr. No. | Crime | FY 1991-92 | FY 92-93 | FY 93-94 |
|---|---|---|---|---|
| 1. | Dacoity and murder | - | - | - |
| 2. | Culpable homicide amounting to murder | 44 | 28 | 49 |
| 3. | Attempted murder | 13 | 8 | 5 |
| 4. | Dacoity | 4 | 4 | 2 |
| 5. | Women trafficking | 3 | 7 | 8 |
| 6. | Rape | 12 | 18 | 10 |

altech pioneers in aluminium frames
PRESENT
WINDOW
AND
DOOR FRAMES
MADE TODAY
FOR THE NEXT CENTURY !

ALTECH PRIVATE LIMITED
-the best alternative to expensive wood frames!

DEFINITELY THE ONLY COMPLETE SHOWROOM OF IT'S CLASS NOW IN THE HEART OF TOWN - AT HAATHISAR AND NEW BANESHWOR
NOW YOU CAN GET EVERYTHING FOR YOUR HOME OR OFFICE, ECONOMICALLY, UNDER ONE ROOF

FURNITURE
CURTAINS
CARPETS
LIGHTS
PLANTS



# नेपाल प्रहरी : लागू औषध नियन्त्रणका दिशामा ....



प्रहरीद्वारा बरामद लागू औषध (चरेश)
Narcotic drugs (hashish) seized by the police.



प्रहरीद्वारा बरामद लागू औषध (चरेश)
Narcotic drugs (hashish) seized by the police.

लागू औषधको समस्यालाई निराकरण गर्नेतर्फ नेपाल प्रहरीले प्रभावकारी र उल्लेखनीय कार्यहरू गर्दै सकारात्मक परिणामको प्राप्तितर्फ सफलता हासिल गर्दै आएको छ। यसको नियन्त्रण पक्षका तालीमहरू र सेमिनारको माध्यमबाट आपसी सहयोग, समन्वय र नयाँ तकनीकीहरूको जानकारी लिने र दिने कार्यलाई बढी व्यापक बनाउँदै लगिएको छ।

लागू औषधको समस्यालाई नेपाल प्रहरीले चुनौतिको रूपमा अंगीकार गर्दै लागू औषध बिक्री-वितरण, ओसार-पसार र संचय गर्ने व्यक्तिहरूलाई पक्राउ गर्ने, लागू औषध बरामद गर्ने, गाँजा र अफिमका खेती नष्ट गर्नेतर्फ महत्वपूर्ण उपलब्धिहरू हासिल गर्दै आएको तथ्य यस वर्षको तथ्याङ्कबाट समेत देखिन आउँछ।

लागू औषधको समस्यालाई निराकरण गर्नेतर्फ अग्रसर रहन तथा लागू औषध बिक्री वितरण र ओसार-पसार गर्ने अपराधीहरूलाई खोजबीन गरी कानूनी कारवाही चलाउने मूल दायित्व सहित स्थापना भएको लागू औषध नियन्त्रण कानून कार्यान्वयन ईकाईले आफ्नो लक्ष्यतर्फ सक्रिय हुँदै त्यस्ता पक्षहरूलाई निरूत्साहित तुल्याउन सराहनीय भूमिका निर्वाह गर्दै आएको छ।

विशेषतः राजधानीमा थुप्रै परिमाणका विभिन्न प्रकारका लागू औषधहरू बरामद र पक्राउ गर्नेतर्फ उल्लेखनीय सफलता प्राप्त भएको छ। आगामी दिनहरूमा यस ईकाईको शाखा, प्रशाखाहरू अधिराज्यका विभिन्न भागमा विस्तार गर्दै लैजाने कार्यक्रम समेत रहेको छ।

लागू औषध नियन्त्रण कानून कार्यान्वयन ईकाई र प्रहरी प्रधान कार्यालय लागू औषध शाखाको तत्सम्बन्धी दक्ष अधिकृतहरूबाट गत आषाढ महिनादेखि सबै जिल्लाका अधिकतम् अधिकृत तथा जवानहरूको सहभागिता हुने गरी १४ अन्चलको सदरमुकामहरूमा गएर प्रयोगात्मक अनुशिक्षण कार्यक्रम संचालन गरिएको थियो। यस कार्यक्रमले यसको नियन्त्रणतर्फ प्रहरीहरूलाई ठूलो सघाउ पुग्ने विश्वास गरिएको छ।



लागू औषधको अवैध व्यापारमा संलग्न अभियुक्त चरेश सहित पक्राउ।
Accused drug traders arrested with hashish.

अन्तर्राष्ट्रिय परिवेश र हाम्रो आधुनिक समाजको प्रत्येक क्षेत्रमा जरा बसाल्दै गएको लागू औषधको समस्या र त्यस्ता अपराधी तथा कुलतमा लागेकाहरूलाई नियन्त्रण र कारवाही गर्ने सन्दर्भमा जनचेतना र जनसहभागिताको विकास गर्नेतर्फ पनि नेपाल प्रहरीले सक्दो प्रयासको थालनी गर्दै आएको छ।

लागू औषधको बिक्री वितरण र ओसार-पसारको नियन्त्रण पक्ष संगसंगै लागू औषधका दूर्व्यसनीहरूलाई कुलतबाट हटाई पुनस्थापित गर्न पनि अति आवश्यक रहेको छ र यसको निमित्त नेपालमा एकिकृत रूपमा सर्वसाधारणले समेत उपयोगमा ल्याउन सक्ने गरी पुनस्थापना केन्द्र (REHABILITATION CENTRE) को अभाव रहेको हुँदा यसको निमित्त प्रहरीबाट संचालन हुने गरी पुनस्थापना केन्द्रको स्थापना हुन आवश्यक र उपयुक्त

देखिन्छ। यसको निमित्त आवश्यक साधनश्रोत उपलब्ध हुन सकेमा र त्यस कार्यमा संलग्न हुने प्रहरी जनशक्तिलाई तत्सम्बन्धी तालीम प्राप्त हुनसकेमा लागू औषधको समस्यालाई निराकरण गर्न ठूलो बल पुग्ने विश्वास गरिन्छ।

लागू औषधको बरामद र पक्राउ संख्यालाई अध्ययन गर्दा यो संख्या विगत वर्षहरूको तुलनामा बृद्धि भएको देखिए तापनि बढी मात्रामा लागू पदार्थ बरामद हुनु र अपराधीहरूलाई पक्राउ गरी कारवाही चलाउनेतर्फ धेरै देखिनु यथार्थ रूपमा प्रहरीको सक्रियता र सफलताको प्रतिबिम्ब हो॥

विगत तीन वर्षमा प्रहरीले गाँजा र अफिम खेती नष्ट गरेको विवरण

**विगत तीनवर्षमा प्रहरीले गाँजा र अफिम खेती नष्ट गरेको विवरण**

| क्र.सं. | आ.व. | किसिम | बिगहा | कठ्ठा | धूर |
|---|---|---|---|---|---|
| १. | ०४८।४९ | गाँजा<br>अफिम | २२९४<br>६२ | १२<br>८ | ६<br>१५ |
| २. | ०४९।५० | गाँजा<br>अफिम | ३७८<br>२ | ४<br>१ | १६<br>१९.५ |
| ३. | ०५०।५१ | गाँजा<br>अफिम | १०३<br>- | १०<br>४ | १<br>२ |

आ.ब.०५०।०५१ मा गाँजाको बोट ४८०७७ र अफिमको बोट १०१५ समेत नष्ट गरिएको।

**विगतका वर्षहरूमा पक्राउ परेका व्यक्ति तथा बरामद लागू औषधको तुलनात्मक विवरण**

| क्र.सं. | आ.व. | पक्राउ | | गंजा | | | चरेश | | | हेरोइन | | | अफिम | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | विदेशी | कि.ग्रा, | ग्राम, | मि.ग्रा | कि.ग्रा, | ग्राम, | मि.ग्रा | कि.ग्रा, | ग्राम, | मि.ग्रा | कि.ग्रा, | ग्राम, | मि.ग्रा |
| १. | ०४६।४७ | ४५ | १४ | ११६५ | ३७६ | - | २१२ | २०४ | ७६० | ७ | - | ६२२ | - | ७९३ | ५०० |
| २. | ०४७।४८ | ३२२ | - | ७३६ | ८० | - | ३९६ | २३४ | ९०४ | २ | ३०६ | ८९७ | - | ९० | - |
| ३. | ०४८।४९ | ४७१ | ४९ | ५४५ | ४९४ | ७४२ | ७०९ | ७६७ | ४२७ | ८ | ४२४ | ९३७ | - | १७१ | - |
| ४. | ०४९।५० | ४४० | १०० | २०७६ | ८२१ | ७५० | ९२६ | ३५५ | ५०५ | २० | ९७९ | ६८८ | - | ७३७ | - |
| ५. | ०५०।५१ | ६८६ | ९८ | १५१६ | ३५९ | ५२५ | ११४४ | ६६४ | १९१ | १५ | ५६ | ८७७ | ४ | ४७७ | - |

# Cracking down on drugs

The Nepal Police have, with effective and determined endeavors, been successful in achieving positive results in controlling the problem of narcotic drugs. Trainings and seminars to enhance mutual cooperation, coordination and to acquire new techniques and exchange information have helped to make drug control efforts more extensive.

The Nepal Police is taking drug control as a challenge, and the series of successes that have been achieved in the arrest of drug dealers, traffickers and possessors, seizure of narcotics, and destruction of marijuana and opium crops are illustrated by the statistics for this year.

The Drug Abuse Control Legal Implementation Unit, which was established to take charge of drug control efforts and to investigate into drug offenders and to initiate legal action against them, has been vigorously carrying out its responsibilities and has played a commendable role in breaking up the activities of such elements.

The Unit has achieved notable gains in busting narcotic drug operations in the Capital in particular. The Unit plans to extend its branches and sub-branches to different parts of the Kingdom in the days ahead.

Practical training programs, designed to involve the maximum number of police officers and constables, have been conducted in the headquarters of all the 14 zones by

experts of the Drug Abuse Control Legal Implementation Unit and the narcotic drug section of Police Headquarters. The training program is expected to be of tremendous help to police personnel in the control of drugs.

The problem of drug abuse is of an international nature and it has also been seeping into every sphere of our modern society. The Nepal Police has thus been initiating efforts to develop public consciousness and cooperation with respect to the arrest and punishment of drug peddlers and abusers.

Along with controlling drug dealing and trafficking, the treatment and rehabilitation of drug abusers is also of utmost importance. However, there is no integrated rehabilitation center in Nepal where services can be provided to all, thus it is essential that a rehabilitation center to be run by the police be established. If the resources necessary for such a center can be made available and if police manpower who will be involved in its operation can be given appropriate training, it will be an immense aid in checking the drug problem.

A study of the statistics for narcotics seizures and arrests show a rise this year in comparison to previous years. The increase reflects the greater successes that have been achieved by the police through more active involvement and effective action in terms of drug control and arrest of offenders.



प्रहरीद्वारा बरामद मणिपुरबाट ल्याएको लागु औषध (हेरोइन)
Narcotic drugs (heroin) smuggled in from Manipur seized by the police.

**MARIJUANA AND OPIUM CROPS DESTROYED BY THE POLICE IN THE LAST THREE YEARS**

| No. | Fiscal year | Type | Bigha | Katha | Dhur |
|---|---|---|---|---|---|
| 1. | 1991/92 | Marijuana<br>Opium | 2294<br>62 | 12<br>8 | 6<br>15 |
| 2. | 1992/93 | Marijuana<br>Opium | 378<br>2 | 4<br>1 | 16<br>19.5 |
| 3. | 1993/94 | Marijuana<br>Opium | 103<br>- | 10<br>4 | 1<br>2 |

**During the fiscal year 1993/94, 48,077 marijuana plants and 1,015 opium plants were also destroyed.**

**ARRESTS & SEIZURE OF DRUGS DURING THE LAST FIVE YEARS**

| No. | Fiscal year | Arrested | | Marijuana | | | Hashish | | | Heroin | | | Opium | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Nepalese | Foreigners | Kg. | gm | mg. | Kg. | gm. | mg. | Kg. | gm. | mg. | Kg. | gm. | mg. |
| 1. | 1989/90 | 45 | 14 | 1165 | 376 | - | 212 | 204 | 760 | 7 | - | 22 | - | 793 | 500 |
| 2. | 1990/91 | 322 | - | 736 | 80 | - | 396 | 234 | 904 | 2 | 306 | 897 | - | 90 | - |
| 3. | 1991/92 | 471 | 49 | 545 | 494 | 742 | 709 | 767 | 417 | 8 | 424 | 937 | - | 171 | - |
| 4. | 1992/93 | 440 | 100 | 2076 | 821 | 750 | 926 | 355 | 505 | 20 | 979 | 688 | - | 37 | - |
| 5. | 1993/94 | 686 | 98 | 1516 | 359 | 525 | 1144 | 664 | 191 | 15 | 56 | 877 | 4 | 477 | - |

# मानव अधिकार

प्रहरीको कार्यविधि, अपराध नियन्त्रण, अनुसन्धान, शान्ति सुरक्षा र पीडित पक्षप्रतिको मूल दायित्वको संगसंगै मानव अधिकारको पनि उलंघन हुन नपाओस् भन्ने लक्ष्यलाई लिई मानव अधिकारको समेत सुरक्षाको जिम्मेवारी लिएर कर्तव्यपथमा व्यावहारिक रूपमा अग्रसर हुने कटिबद्धता नेपाल प्रहरीले प्रकट गर्दै आएको छ।

यसरी दोहोरो जिम्मेवारी र दायित्व सँगालेको नेपाल प्रहरीले आफ्नो भूमिकामा सन्तुलन कायम गन, मानव अधिकारप्रति जागरूक हुन र त्यसतर्फ चुस्त रहनको निमित्त प्रहरीहरूलाई अनुशिक्षण दिने कार्यलाई विस्तार तुल्याउँदै लगिएको छ।

प्रहरीको दैनिक कामकारवाहीको सिलसिलामा प्रहरीद्वारा कसैमाथि मानव अधिकार हनन हुन पुगेको छ कि भनी अनुशरण, अवलोकन र सचेत गराउने कार्यको लागि क्षेत्रगत् प्रहरीले मानव अधिकार सम्बन्धी सेलको पनि स्थापना गरेहो छ। यो नेपाल प्रहरीले दर्शाएको कटिबद्धताको संकल्पका प्रतिबिम्बहरू हुन्।

मानव अधिकार सम्बन्धी संगठन एम्नेष्टि ईन्टर नेशनल नेपालले प्रकाशित गरेको प्रतिवेदनमा नेपाल प्रहरीबाट मानव अधिकारप्रति देखाइएका कतिपय सकारात्मक पक्षहरूलाई औँल्याइएको छ भने संगसंगै नेपाल प्रहरीबाट मानव अधिकार हनन हुन पुगेका क्षेत्र र व्यक्तिहरू बारे पनि आफ्नो धारणा त्यसमा प्रस्तुत गरेको छ। आगामी दिनहरूमा एम्नेष्टि ईन्टरनेशनल नेपालले संकेत गरी सजग गराइएका दुबै पक्षलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्दै गएमा नेपाल प्रहरीले पनि त्यस दिशामा विश्वास प्राप्त गर्न सक्ने संभावनालाई नकार्न सकिदैन।

यसै क्रममा गत भाद्र २२ गतेबाट ३ दिनसम्म अन्तर्राष्ट्रिय रेडक्रस समिति र नेपाल रेडक्रस सोसाइटीको आयोजनामा "प्रहरी कार्य र मानव अधिकार" विषयक गोष्ठी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा संचालन भएको थियो। नेपाल प्रहरीका विभिन्न क्षेत्रमा कार्यरत सिनियर प्रहरी अधिकृतहरूको सहभागिता रहेको उक्त गोष्ठीमा विशेषतः मानव अधिकार र प्रहरी कार्य सम्बन्धमा व्यापक छलफल र विचारको आदान-प्रदान भएको थियो।

नेपाल प्रहरी संगठन तथा संगठनका सदस्यहरूले मानव अधिकारप्रति देखाएका सजगता अभिरूचि, उत्साह र दृढताप्रति अन्तर्राष्ट्रिय आयोजक पक्षको सकारात्मक धारणा समेत उक्त गोष्ठीमा प्रस्तुत भएको पाइएको थियो।

गत भाद्रको अन्तिम सप्ताहमा सम्पन्न भएको अधिराज्यव्यापी वरिष्ठ प्रहरी अधिकृत सम्मेलनमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट संबोधनको क्रममा मानव अधिकारप्रति नेपाल प्रहरीले देखाएको अभिरूचि र कटिबद्धताको सराहना गर्दै अझ बढी त्यसतर्फ उन्मुख हुन निर्देशन दिनु भएको थियो। त्यस्तै माननीय गृहमन्त्रीज्यूबाट एकवर्षभित्र नेपाल प्रहरीले मानव अधिकार हनन हुन नदिनेतर्फ बढी सचेत र प्रयासरत् रहेको पाइएको छ, यसबारे नेपालभित्र र बाहिरका मानव अधिकारसंग आबद्ध र रूचि राख्ने संस्था र निकायहरूले समेत प्रशंसा गरेको पाइएको छ भन्दै त्यसतर्फ अझ बढी उन्मुख रहिरहन निर्देशन समेत दिनु भएको थियो।

संगठन प्रमुख प्रहरी महानिरीक्षकज्यू र अन्य प्रहरीको नेतृत्व प्रदान गर्ने अधिकृत स्तरबाट देखाइएका अभिरूचि, प्रयास र प्रहरीहरू बीच त्यसतर्फको चेतना अभिबृद्धि गर्न थालिएका विविध कार्यक्रम तथा सत्प्रयासहरूका पाइलाहरूले नेपाल प्रहरीको जनछवि अझ बढी परिष्कृत हुँदै जाने विश्वास लिन सकिन्छ।

मानव अधिकार हनन हुन नदिन नेपाल प्रहरीको प्रतिबद्धता र कटिबद्धताले मात्र सम्भव नहुने र त्यसको निमित्त समाजमा विद्यमान सम्पूर्ण पक्षको पनि त्यसतर्फको सचेतता, अभिरूचि, कटिबद्धता र सहयोगको नितान्त खाँचो पर्दछ। आगामी दिनहरूमा अझ सक्रिय रूपमा सबै पक्षको यसतर्फ साझा प्रयासको थालनी हुने विश्वास लिन सकिन्छ।




प्रहरी कार्य र मानव अधिकार गोष्ठी
Seminar on policing and human rights.

# Commitment to Human Rights

Apart from crime prevention, research, law and order, and protection of the oppressed, the police also have to be committed to human rights. Accordingly, Nepal Police has expressed its dedication to the protection of human rights while conducting its regular duties. To reach its goals, Nepal Police has been imparting knowledge of human rights protection to police officials so that their responsibility will be guided by the principles of human rights.

Nepal Police has formed a human rights cell to observe and alert concerned police officials to ensure that no human rights violations occur while the police go about their regular duties. This is a clear reflection of the commitment of Nepal Police to human rights ideals.

Amnesty International Nepal, an

organization that strives to protect human rights in the country, has published a report in which it has highlighted the protection of human rights maintained by Nepal Police. At the same time, the report has also pointed out instances when human rights were not observed by the police. Guided by both the negative and the positive observations, Nepal Police is determined to gain public trust in the forthcoming days. Recently, senior officials of Nepal Police participated in a three-day conference on Human Rights and Policing organized by Nepal Red Cross Society at the Nepal Police Academy in Maharajgunj. During the conference, comprehensive discussions and exchange of opinions took place regarding human rights and police work. The organizers of the conference expressed appreciation for the awareness, interest and commitment that Nepal Police and its members have shown towards human rights.

Appreciation for Nepal Police's commitment towards human rights was also expressed by the Rt. Hon. Prime Minister, who spoke at a gathering of distinguished police officers during the last week of Bhadra. He also urged the police to keep up their good work in protecting human rights. Similarly, the Home Minister said that human rights organizations within and outside Nepal have praised Nepal Police's work in protecting human rights during the past year.

We can be assured that the interest shown by the leadership of the Inspector General of Police and other high officials, coupled with various programs and conference on human rights, will enhance the image of Nepal Police among the general population. At the same time, human rights protection is not possible solely through the efforts and dedication of the police. Each sector of the society needs to be alert, interested and cooperative regarding this issue. It is hoped that in the future everyone will actively lend his or her cooperation to collectively protect human rights in Nepal.




श्री ५ बडामहारानी सरकारको
४६ औं शुभ-जन्मोत्सवको
पावन घडीमा
मोसूफ सरकारको जुनाफमा
सभक्ति चिरायु एवं
सुस्वास्थ्यको लागि
मंगलमय शुभकामना
टक्रयाउँदछौं।

**बाबा बिस्कुट प्रोडक्सन प्रा. लि.**
फैक्टरी : सोनापुर, सुनसरी,
अफिस : ठाकुरवारी रोड, बिराटनगर ।
फोन : २६६१०, फ्याक्स : ९७७-२१-२४३७७




# ट्राफिक व्यवस्थापन तथा वातावरण संरक्षण

प्रहरीको मुख्य दायित्वहरू मध्ये ट्राफिक नियन्त्रण गरी सुचारू रूपले सवारी आवागमन संचालन, तत्सम्बन्धि कानूनको कार्यन्वयन, सवारी दुर्घट्ना रोकथाम तथा अनुसन्धान पनि हुन्। यसै गरी मेला-पर्व, सभा-जुलुस तथा सार्वजनिक यातायातको सुरक्षा गर्नुको साथै त्यस अवसरमा व्यवस्थित ढंगले निरन्तर रूपमा सार्वजनिक यातायात संचालन गर्नुपर्ने दायित्व प्रहरीको भएको कुरा प्रहरी ऐनमा समेत उल्लेख छ।

सुदृढ ट्राफिक व्यवस्थापनका लागि ट्राफिक सम्बन्धी ऐन कानूनको कार्यन्वयन, सडकको स्थिति र बनावट तथा ट्राफिक चेतनाले प्रभावकारी भूमिका खेल्दछ।

एकातिर सवारीलाई सुचारू रूपले व्यवस्थित गर्न द्रुतगतिले बढिरहेको औद्योगिकीकरण र शहरी क्षेत्रमा बढ्दो जनसंख्याको चापले गर्दा समस्या खडा गरिदिएको छ र वर्षेनी सैयौं व्यक्तिको अकाल मृत्यु र हजारौं घाइते हुने गर्दछ भने अर्कोतिर अधिराज्यभरिमा मोटर चल्ने ७६९२ कि.मी. सडकमा १,३९,४३४ दर्ता भएका सवारी साधनहरू गुड्दछन्। जस अनुसार १ कि.मी. सडकमा १५ वटा सवारी दगुर्नु पर्ने बाध्यताले पनि ट्राफिक व्यवस्थापनमा दबाव बढ्दै गएको प्रष्टिन्छ।

यस किसिमको चुनौतिपूर्ण परिस्थिति भए पनि ट्राफिक प्रहरीले सवारी सुसंचालन, दुर्घट्ना नियन्त्रणको दिशामा क्रियाशील रहिआएको छ। सडक सुरक्षा र ट्राफिक नियमको पालना गर्ने र ट्राफिक संचेतना जगाउने खालका विभिन्न कार्यक्रमहरू प्रहरीले संचालन गरिआएको छ। साथै सवारीबाट हुनजाने वायुप्रदुषण नियन्त्रणको पक्षमा समेत कडाइका साथ सवारी परीक्षण भइरहेको छ।

## वातावरण संरक्षण

नेपाल प्रहरी सदैव वातावरण संरक्षणको अगुवा रही आएको छ। प्रहरीको प्राथमिक दायित्वभित्र नपर्ने भए तापनि वातावरण प्रदुषण, सामुदायिक विकृति नियन्त्रणतर्फ सचेष्ट रही प्रहरीले सदा वातावरण संरक्षणलाई महत्व दिंदै आएको छ।

स्थानीय प्रहरी ईकाईहरूले स्थानीय जनमानसलाई प्रोत्साहित र सहभागी गराई समुदायलाई स्वास्थ र सफा राख्ने सिलसिलामा हरीत पट्टीको संरक्षण र वृक्षरोपण जस्ता कार्यक्रम संचालन गर्दै आएका छन्।

नेपाल प्रहरी माउन्टेनियरिङ एण्ड एड्भेन्चर फाउण्डेशनले यस दिशामा सर्वप्रथम सगरमाथा सफाइ कार्यक्रम शुरू गरी एउटा उदाहरण प्रस्तुत गरेको थियो। खास गरी वृक्षरोपण कार्यक्रम प्रहरीको एक अभिन्न कार्य भएको हुंदा निरन्तर यस्ता कार्यक्रमहरू संचालन गरिदै आएको छ।





वातावरण संरक्षण : सवारी प्रदुषण मापन बारेमा जानकारी।
Environmental protection: Measuring vehicular pollution.



# New drive in traffic management

The control of traffic, enforcement of laws and regulations to facilitate orderly movement of traffic, and action to prevent and investigate road accidents are among the major duties of the police. It is also the responsibility of the police, as mentioned in the Police Act, to ensure order at festivals, mass meetings and processions and provide security for public transport as well as maintain smooth operation of traffic during such times.

The implementation of traffic regulations, road condition and characteristics, and traffic awareness play an important role in improved traffic management.

On top of the traffic management problems brought about by rapid increase in industrialization and urban population resulting in hundreds of untimely deaths and thousands of injuries every year, there are 1,39,434 registered vehicles running on the 7,692 km of roads of the Kingdom. The pressure on traffic management is shown by the fact that there are 15 motor vehicles for every kilometer of road.

Even under these challenging circumstances, the traffic police have been effectively engaged in maintaining orderly traffic and preventing accidents. The police have also been initiating a variety of programs with respect to road safety, enforcement of traffic regulations, and raising traffic consciousness. At the same time, the police are carrying out strict checks of motor vehicles in an effort to control air pollution caused by vehicular exhaust.

## Police in environmental protection

The Nepal Police have always been at the forefront in environmental protection efforts. The police have been giving major importance to environmental protection, even though it does not lie within their primary duties, because of the effects of environmental pollution on control of social degradation.

Local Police Units have been engaged in carrying out programs like protection of green belts and afforestation for community health and cleanliness by encouraging and mobilizing the participation of the local people. The Nepal Police Mountaineering Adventure Foundation has set an example by being the first to undertake a clean-up of Sagarmatha. Afforestation programs have been an integral part of police activities and they are being carried out on an extended scale.





सवारी दुर्घटनाको यस भयावह दृश्यले हामीलाई मर्माहत पारेको छ। यसको जिम्मेवारी कसले लिने ? सचेत होऔं।
Gory scenes of such traffic accidents terrify us. Who are responsible? Let's be carefull



अधिराज्यव्यापी बास्केटबल प्रतियोगिता।
Nation-wide basketball tournament.



अधिराज्यव्यापी बास्केटबल प्रतियोगिताको रोमाञ्चक दृश्य।
An exciting scene of the nation-wide basketbal tournament.



प्रहरी महानिरीक्षक र सिन्सु विश्वविद्यालयका टोलिनेता प्रो. यामादाका बीच झण्डा आदान-प्रदान।
The IGP and the expedition leader of Shinsu University Prof. Yamada exchanging flags.

# स्वास्थ्यका लागि खेलकूद

समाजमा शान्ति सुव्यवस्था कायम राख्ने संवेदनशील अभिभारा नेपाल प्रहरीको काँधमा छ। यो अभिभारा जस्तोसुकै चुनौतिपूर्ण घडीमा समेत पूर्ण गरेर कर्तव्यनिष्ठाको अनुपम उदाहरणहरू प्रस्तुत गरेका गौरवमय परम्परा नेपाल प्रहरीको इतिहासमा छ। कर्तव्यपालनको यसै क्रममा के तराई, के विकट पहाड, के अनकन्टार, हिमाल जहाँ पनि पुगेर प्रहरी सेवाको पवित्र आर्दशलाई हरहमेशा उच्च राखेको छ।

प्रहरी कर्मचारी आफ्नो कार्य सम्पादनमा सफल बन्न मानसिक र शारीरिक दुवै रूपबाट पूर्ण स्वस्थ बन्नु पर्दछ। त्यसैले स्वस्थताको सरल उपायको रूपमा दैनिक जीवनको अभिन्न अंगको रूपमा प्रहरीमा खेलकूदलाई अपनाइएको छ भने पर्वतारोहण जस्तो साहसिक कार्यलाई पनि प्रहरी विभागले यथोचित महत्व दिई आएको छ। त्यसैले पर्वतारोहण र खेलकूदको क्षेत्रमा समेत स्मरणीय छाप कायम राख्न सफल भएको छ। यस्ता क्रियाकलापबाट प्रहरीलाई एकातिर सहनक्षमता, आत्मबल, सामुहिक भावना, शारीरिक स्फूर्ति जस्ता आवश्यकीय गुण हासिल गर्नमा महत्वपूर्ण सघाउ पु-याएको छ भने अर्कोतिर नेपाली युवाहरूमा जोश, जाँगर र प्रेरणाको संचार भरेको छ। २०३३ सालमा नेपाल पुलिस माउण्टेनियरिङ एण्ड एडभेन्चर फाउण्डेशन स्थापना भए पश्चात् यसको तत्वावधानमा चलाइएको अभियानमा नेपालका ६ वटा हिमशिखरहरूमा बहादुर प्रहरी अधिकृत तथा जवानहरूले सफलतापूर्वक आरोहण गरिसकेका छन्। ती हुन्- टुकुचे ६९२० मी. (वि.सं. २०३३), पाविल ७१०२ मी. (वि.सं. २०३५), भृकुटी ६९८० मी., करेलुङ ६८८१ मी. (वि.सं. २०३९), लोबुचे ६११९ मी. (महिला प्रहरी दल) र अन्नपूर्ण चौथो ७५२५ मी. (वि.सं. २०४२) यसका अतिरिक्त २०४९ सालमा संचालित सगरमाथा सफाई अभियानको क्रममा दुई प्रहरी सदस्यको दुखद् निधन भए तापनि अभियान दलले आफ्नो कार्य पूरा गरेर फर्केको थियो।

हिमाल आरोहणको क्रममा यसै वर्ष असोज २९ गते ग्याजिकाङ हिमालको समेत सफल आरोहण गरेको छ। यसै वर्षदेखि आरोहणको लागि खोलिएको मनाङ जिल्लामा पर्ने ७०८३ मी. अग्लो सो ग्याजिकाङ हिमाल आरोहणको लागि प्रहरी र जापानको सिन्सु युनिभर्सिटीको संयुक्त पर्वतारोहण टोली भदौ २२ गते त्यसतर्फ प्रस्थान गरेको थियो। यस हिमालको आरोहण गर्ने प्रथम टोलीनै नेपाल प्रहरी तथा सिन्सु युनिभर्सिटीको संयुक्त टोली भएको छ।

खेलकूदको क्षेत्रमा २०५०।५१ को आर्थिक वर्षमा केन्द्रीय, क्षेत्रीय, अंचल स्तरीय विभिन्न खेलकूद प्रतियोगिताहरू सम्पन्न भए। गत वर्षदेखि अधिराज्यव्यापी प्रहरी स्क्वास, बुद्धिचाल, लनटेनिस प्रतियोगिताको शुभारम्भ गरियो।

सेवाको कार्य प्रकृतिलाई मध्यनजर राखी सदा सर्वदा स्वस्थ र तन्दुरुस्त रहन पर्ने अनिवार्यतालाई मध्यनजर राखी कर्मचारीहरूको लागि यसै वर्षदेखि प्रहरी क्लबमा मल्टी जीमको स्थापना गरिएको छ। मनोरंजन तथा खेलकूदको विविधतामा थप गर्न विलियर्ड बोर्ड समेत स्थापना गरिएको छ।

राष्ट्रिय स्तरका खेलकूद प्रतियोगितामा पनि नेपाल प्रहरीका खेलाडीहरूको प्रभावपूर्ण भूमिका रह्यो, जुन यसप्रकार छ।



आत्मसुरक्षाको लागि बक्सिङ खेल।
Boxing for self-defence.



ब्याडमिन्टन प्रतियोगितामा वरिष्ठ प्रहरी अधिकृतहरू।
Senior police officers at a badminton match.

| | | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|---|
| १. | अखिल नेपाल खुल्ला जुडो प्रतियोगिता - २०५० | ४ | ३ | ७ | १४ |
| २. | पाँचौ राष्ट्रिय जुडो प्रतियोगिता - २०५० | ४ | २ | ४ | १० |
| ३. | ३० औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिता | ५ | ७ | ९ | २१ |
| ४. | १६ औं राष्ट्रिय बक्सिङ प्रतियोगिता | १ | ३ | ३ | ७ |
| ५. | दोश्रो राष्ट्रिय करांते प्रतियोगिता | - | १ | १ | २ |
| ६. | किक बक्सिङ प्रतियोगितातर्फ | - | १ | १ | २ |
| ७. | खुकुरी राष्ट्रिय खुल्ला बक्सिङ प्रतियोगिता | २ | १ | ४ | ७ |



जुडो प्रशिक्षण। Judo training.

साथै नेपाल प्रहरीको महेन्द्र क्लबले भूकम्प पीडित सहयोगार्थ फूटबल प्रतियोगिता इलाम र तिलोत्तमा गोल्ड कप फूटबल प्रतियोगितामा विजय हासिल गरेको थियो।

यसैगरी यसै आर्थिक वर्षमा नेपाल प्रहरीको अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा सफलताको बारेमा चर्चा गर्ने हो भने - सिक्किममा आयोजित चिफ मिनिष्टर गोल्ड कपमा द्वितीय स्थान प्राप्त गरेको थियो भने प्र.ह. देवनारायण चौधरी र सूर्यमान श्रेष्ठ मलेसियाको पारलिस कंगार क्लबबाट फूटबल खेल्न अनुबन्ध भए। त्यसै गरी फूटबल खेलाडी प्र.ह. ज्ञानु पुलामी जर्मन ओलम्पिक सोसाइटीद्वारा प्रदान गरिने सन् १९९३ को फेयर प्ले पुरस्कारद्वारा सम्मानित भए।

ढाकामा सम्पन्न छैठौं दक्षिण एशियाली खेलकूद प्रतियोगिता अन्तर्गत फूटबलमा नेपाली टीमले प्रथम स्थान प्राप्त गर्न सफल भएको थियो भने सो टीममा ३ जना प्रहरी खेलाडी सहभागी थिए। जुडोमा प्र.स.नि. गंगा बहादुर डंगोल, प्र.ह. हरू रमेश बस्नेत, बीर बहादुर राना, कान्छाराम तामाङले रजत पदक र प्र.ह. होम बहादुर थापा र प्र.ज. हिमालय सिंह बुढाथोकीले कांस्य पदक प्राप्त गरे।

यसै गरी बक्सिङतर्फ प्र.ह. रणबहादुर साउद र चित्र बहादुर गुरुङले, ज्याम्लीङ थोमा, प्र.ज. खुर्सेद



दक्षिण एशियाली खेलकूदमा सहभागी भएका प्रहरी खेलाडीहरूका साथमा वरिष्ठ अधिकृतहरू।
Senior police officers with police sportsmen who participated in the Asian Games.

अहमद खांले कास्य पदक प्राप्त गरेका थिए।

पाकिस्तानमा सम्पन्न सार्क गोल्ड कप फूटबलमा कांस्य पदक प्राप्त गरेको नेपाली टीममा प्र.ह. देव नारायण चौधरी र सूर्यमान श्रेष्ठको पनि सहभागीता थियो। त्यसै गरी ए.के. मिश्रा अल इण्डिया बक्सिङ प्रतियोगितामा प्र.ज. चित्रबहादुर गुरुङले कांस्य पदक प्राप्त गरेका थिए भने शिव मेमोरियल आमन्त्रण अन्तर्राष्ट्रिय करांते प्रतियोगिता (धनगढी) मा प्र.ह. रामलाल कार्कीले स्वर्ण पदक प्राप्त गरेका थिए।



पूर्व प्रहरी महानिरीक्षक नर शम्शेर ज.ब.रा. बाट ट्रफि प्रदान।
Former IGP Nar Samsher JBR presenting the trophy.



पूर्व प्रहरी महानिरीक्षक दुर्लभकुमार थापा विजयी खेलाडीलाई बधाई दिनु हुँदै।
Former IGP Durlabh Kumar Thapa congratulating winning sportsmen.



रस्साकस्सीको जोसिलो क्षण।
An exciting moment during the tug-of-war event.

# Staying healthy with sports

Nepal Police has the delicate responsibility of maintaining law and order in Nepalese society. In this aspect, Nepal Police boasts of a glorious history of providing excellent instances of fulfilling this duty in the most challenging of situations. Nepal Police has travelled everywhere - the Terai, the remote hills, the Himalaya - to live up to the high morals of police service.

In order to successfully execute their jobs, police officials have to be mentally and physically healthy. To emphasize the importance of health, Nepal Police has participated in various activities, from general police sports to adventurous exploits in mountaineering, and has left stamps of success. On the one hand, sports helps the police to generate confidence, endurance, vitality, and cultivate cooperation; on the other hand, it enkindles enthusiasm and dedication in the Nepalese youth.

After the establishment of Nepal Police Mountaineering and Adventure Foundation in 1976, six mountains in Nepal have been successfully climbed by police officials. They are: Tukuche-6920 m (in 1976), Pabil-7102 m (in 1978), Bhrikuti-6987 m and Kareylung-6881 m (in 1982), Lobuche-6119 m (climbed by a women police expedition in 1984), and Annapurna IV-7525 m (in 1985). Additionally, in 1984, the police successfully completed the clean-up campaign on Mt. Everest despite the sad death of two police members. On September 30, members of the Nepal Police, in a joint-expedition with Japan's Shinsu University, climbed the recently-opened Gyajikang mountain (7083 m) in Manang district. The team had left for the mountain on September 7. This joint expedition team is the first squad on the mountain.

To enhance the health of police officials, a multi-gym was established in Mahendra Police Club this year. A billiard table has been set up at the club to add variety to entertainment and sports.

During the fiscal year 1993/94, various sports competitions were held at the central, regional and zonal levels. Squash, chess and lawn tennis competitions were initiated last year throughout the Kingdom. Members of the police sports team put up an impressive performance even at national level competitions. The following table highlights their achievements:



दौडमा प्रतिस्पर्धा।
Runners dash for the finish.



कराते खेलमा प्रतिस्पर्धा गर्दै।
Trying to get an opening during a karate bout.

| | Gold | Silver | Bronze | Total |
|---|---|---|---|---|
| 1. All Nepal Open Judo Competition 1993 | 4 | 3 | 7 | 14 |
| 2. Fifth National Judo Competition 1993 | 4 | 2 | 4 | 10 |
| 3. 30th National Athletics Competition | 5 | 7 | 9 | 21 |
| 4. 16th National Boxing Tournament | 1 | 3 | 3 | 7 |
| 5. Second National Karate Tournament | - | 1 | 1 | 2 |
| 6. Kick Boxing Tournament | - | 1 | 1 | 2 |
| 7. Khukuri and National Open Boxing Competition | 2 | 1 | 4 | 7 |

Apart from these success stories, the Mahendra Police Club won the football competition that was held in Ilam to support earthquake victims. It also won the Tilottama Gold Cup Football Competition.

In the international arena, Nepal Police stood second in the Chief Minister Gold Cup competition held in Sikkim. At the individual level, Head Constables Dev Narayan Chaudhary and Suryaman Shrestha have been contracted to play in the Parlis Kangar Club of Malaysia. Similarly, Head Constable Gyanu Pulami received the 1993 Fair Play award from the German Olympic Society. The Nepalese team that came first in the Sixth South Asian Football Competition boasted three players from Nepal Police.

In judo competition at the South Asian Games, Assistant Inspector Ganga Bahadur Dangol and Head Constables Ramesh Basnet, Bir Bahadur Rana and Kancharam Tamang won silver medals, while Head Constable Hom Bahadur Thapa and Constable Himalaya Singh Budhathoki won bronze medals. Head Constables Rana Bahadur Saud and Chitra Bahadur Gurung won bronze medals in boxing, and Constable Khursed Khan won a bronze medal in javelin throw.

At the SAARC Gold Cup Football competition held in Pakistan, the Nepalese team that included Head Constables Dev Narayan Chaudhary and Suryaman Shrestha won a bronze medal. A silver medal was secured by Constable Chitra Bahadur Gurung in the A.K. Mishra All India Boxing Competition. In the Shiva Memorial Invitational International Karate competition held in Dhangadhi, Head Constable Ramlal Karki won a gold medal.



जर्मन फुटबल सल्लाहकार होलगर ओभरम्यानबाट खेलकुद सामग्री हस्तान्तरण।
German football trainer Holger Obermann handing over sports equipment.



जवान आवास
Head Constable and Constable quarters.



जुनियर अधिकृत आवास
Junior officers' quarters.



सिनियर अधिकृत आवास
Senior officers' quarters.



प्रहरी पेट्रोल पम्प
Police petrol pump.

# प्रहरी कल्याण

नेपाल प्रहरीले अति विकट स्थितिमा पनि देशका अतिदुर्गम स्थानमा समेत रहेर मुलुकका विभिन्न भागमा आइपरेका कुनै पनि दुःखद स्थिति, दैवीप्रकोप वा दुर्घटनाका घटनाहरूमा आफ्नो दायित्व निर्वाहमा अग्रसर हुँदै शान्ति सुरक्षा तथा उद्धार कार्यमा जनमुखी र सेवामुखी छाप प्रदर्शित गर्दै आएको छ।

कर्तव्यपालनको सिलसिलामा प्रहरीहरू स्वयम् दुर्घटनामा परी मृत्यु वा शारीरिक रूपले असक्त समेत हुनुका साथै दैवीप्रकोपका घटनाबाट बहालवाला प्रहरी कर्मचारीका परिवारहरू, पूर्व प्रहरी कर्मचारीहरू समेत आहत हुने गरेको पाइन्छ। तसर्थ नेपाल प्रहरीले बहालवाला प्रहरी कर्मचारी, प्रहरी परिवार र पूर्व प्रहरी कर्मचारी समेतलाई यथासक्दो राहत, सेवा र कल्याण पु-याउने उद्देश्य सहित प्रहरी कल्याण कोष र प्रहरी भलाइ कोषको स्थापना गरी विविध कल्याणकारी योजनाहरू संचालन गर्दै आगामी वर्षहरूमा यसलाई अझ विस्तार गर्दै लैजाने लक्ष समेत राखिएको छ।

कल्याणकारी कार्यहरूलाई गति दिन र निश्चित र दीर्घकालिन आर्थिक सहयोग प्राप्त गर्न काकडभित्ता, पथलैया र काठमाडौंमा प्रहरी कल्याण केन्द्र पेट्रोल पम्पहरू, सोही क्रममा स्याङजा जिल्लामा पसल, कवल भाडा र धरानमा ढाका उद्योग, भरतपुरमा सिलाई बुनाई उद्योग, काठमाडौंको महाराजगंजमा सिलाई बुनाई संचालित छन्।

त्यस्तै काठमाडौं र बुटवलमा सपिंग कम्प्लेक्स, महाराजगंजमा जुनियर प्रहरी अधिकृतहरूको निमित्त आवास निर्माण कार्य संचालन हुनुका साथै प्रहरी आवास योजना अन्तरगत काभ्रे जिल्लामा जग्गा खरिद गर्ने कार्य समेत भइरहेको छ।

सिलाई बुनाईमा साधारण सीप भएका र यसको ज्ञान नभएका प्रहरी परिवारहरूलाई सिलाई बुनाई प्रशिक्षण दिएर धरान, भरतपुर र काठमाडौंको महाराजगंजमा रोजगारी पाउने व्यवस्था समेत मिलाइएको छ।

प्रहरी सन्ततिहरूलाई सुनिश्चित एवं स्तरीय शिक्षा र संरक्षित वातावरण दिलाउने उद्देश्यले केन्द्र तथा पाँचै विकास क्षेत्रमा स्थापना भएका दीपेन्द्र प्रहरी विद्यालयहरूमा दर्जागत रूपमा आर्थिक सहुलियत दिई शिक्षा उपलब्ध समेत गरिदै आएको छ। यस पुनीत कार्यमा आवश्यक आर्थिक व्यवस्थापन भलाई कोष तथा कल्याण कोषबाट प्राप्त अनुदान र विभिन्न छात्रवृत्तिबाट समेत भएको छ। क्षेत्रीय दीपेन्द्र प्रहरी आवसीय विद्यालयहरूको अध्यापन कार्य कक्षा ७ बाट माध्यमिक स्तरसम्म क्रमशः वृद्धि गरिदै लगिने लक्ष रहेको छ भने केन्द्रमा स्थित दीपेन्द्र प्रहरी आवासीय विद्यालयमा यसैवर्ष देखि १० + २ अन्तरगत कक्षा संचालन शुरू गरिएको छ। प्रहरी जवान र फलवर्सका सन्ततिहरू मध्येका जेहेन्दार छात्रहरूलाई ७५ जिल्लाबाट एक एक जनालाई छात्रवृत्ति प्रदान गरिएको छ।

### दीपेन्द्र प्रहरी विद्यालय सांगाको विद्यार्थी संख्याको विवरण

| आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|
| ०४८।४९ | - | ७३० | - | कक्षा १ समेत |
| ०४९।५० | - | ७६२ | - | " " |
| २०५०।५१ | - | ६८२ | - | कक्षा २ देखि। |

नेपालमा उपचार हुन नसक्ने रोग लागेका प्रहरी कर्मचारीहरूलाई उपचारको निमित्त विदेश लानु पर्ने अवस्थामा प्रहरी कल्याण कोषबाट आर्थिक सहायता प्रदान गर्ने गरिएको छ, साथै वीरेन्द्र प्रहरी अस्पतालको अक्षय कोषमा रू. ६५ लाख प्रदान गरेर वहालवाल प्रहरीको परिवार र पूर्व प्रहरी कर्मचारीलाई औषधी उपचार र अस्पतालमा शैयया समेत उपलब्ध गराइएको छ।

यसै सन्दर्भमा प्रहरी अस्पतालको स्थापनाबाट प्रहरी कर्मचारीहरूको मनोवलमा परेको प्रभाव तथा सेवा विस्तृतीकरण गर्ने अस्पतालको भावी योजनाका बारेमा मेडिकल डाइरेक्टर का.मु. प्रहरी नायव महानिरीक्षक प्रेमलाल श्रेष्ठ बताउनु हुन्छ - प्रहरी कर्मचारी र तिनका परिवारका साथै पूर्व प्रहरीहरूको समेत स्वास्थ्य उपचार सेवा यस अस्पतालबाट उपलब्ध भए पश्चात् प्रहरी कर्मचारीको मनोवल अभिवृद्धिमा सकारात्मक प्रभाव परेको छ। यसका अतिरिक्त आवश्यकता र अवस्था हेरिकन स्वदेशका अन्य अस्पताल तथा विदेशमा समेत उपचारको लागि पठाउने व्यवस्थाले गर्दा कार्यसम्पादनमा उनीहरूको हौसला बढ्न गएको महशूस भएको छ। साथै आफ्नै अस्पतालबाट उच्चस्तरीय सेवा उपलब्ध गराउन विभाग प्रयत्नशील रहेको छ। जस अनुसार प्राथमिकताको आधारमा क्रमशः हरेक विकास क्षेत्रमा क्षेत्रीय स्तरको प्रहरी अस्पतालको स्थापना गर्ने र वीरेन्द्र प्रहरी अस्पताललाई केन्द्रीय स्तरको अस्पतालको रूपमा विकसित गरी संचालन गर्ने योजना राखिएको छ। साथै यस अस्पतालमा भएको १५० शैयूयालाई २०० पु-याउने र सी.टी. स्क्यान, एम.आर.आई. जस्ता आधुनिक उपचार संयन्त्र समेत राख्ने लक्ष राखिएको छ।

**वीरेन्द्र प्रहरी अस्पतालको उपचार सेवा विवरण**

| आर्थिक वर्ष | वहिरंग सेवा समष्टित | | | अस्पताल भर्ना | | |
|---|---|---|---|---|---|---|
| | प्रहरी कर्मचारी | प्रहरी परिवार | पूर्व प्रहरी | प्रहरी कर्मचारी | प्रहरी परिवार | पूर्व प्रहरी |
| ०४८।४९ | ४१५२८ | - | - | ११८१ | - | - |
| ०४९।५० | ४२४४० | - | - | १३४० | - | - |
| ०५०।५१ | ४९७२० | ९५९० | ८९२ | १४६० | ६१ | १९ |

कल्याणकारी कार्यको निमित्त तयार पारिएका पूर्वाधारका योजनाहरूलाई विस्तार गर्दै लैजाने क्रममा काठमाडौं उपत्यकामा थप पेट्रोल पम्प संचालन गर्ने, ट्याकर खरिद गर्ने, प्रहरी कल्याण कोषबाट खरिद गरी किस्ताबन्दीमा प्रहरी कर्मचारीहरूलाई मोटरसाइकल उपलब्ध गराउने कार्यहरू भैरहेका छन्। साथै कल्याण कोषबाट जग्गा खरिद गरी प्रहरी कर्मचारीको निजी आवासको व्यवस्था मिलाउने कार्य भैरहेको छ। **प्रहरी कल्याण कार्य अन्तरगत आर्थिक सहायता र अक्षयकोष स्थापनामा २०४९ फागुन देखि २०५१ असारसम्म १७ महिनाको अवधिमा ८७ लाख ११ हजार दुई रूपैया प्रदान गरिएको छ।**

कल्याणकारी कार्यहरू संचालन गर्नको निमित्त प्रहरी कल्याण कोषको आय श्रोतको रूपमा मूलतः सायर, सामियाना भाडामा उपलब्ध गराए बापत प्राप्त हुने रकमहरू, प्रहरीद्वारा प्रदर्शन गरिने सांस्कृतिक कार्यक्रमहरूबाट प्राप्त हुन आएका रकमहरू, पेट्रोल पम्पबाट प्राप्त हुने मुनाफा, पसल, कवल भाडामा दिए बापत प्राप्त हुने रकम र संयुक्त राष्ट्र संघको आव्हानमा प्रहरी मोनिटर्स, अब्जरभर आदि कार्यमा खटी जाने नेपाल प्रहरीका अधिकृत तथा जवानहरूले यु.एन. बाट पाउने भत्ता मध्येबाट प्रहरी कल्याण कोषको लागि प्राप्त हुने रकमहरू नै प्रमुख आय श्रोतहरू हुन्।

नेपाल प्रहरीले आफ्नो संगठनसंग विगतका दिन र वर्तमान समयमा आवद्ध रहेका प्रहरी परिवारप्रति व्यक्त गरिएको न्यानो स्नेह र सेवाका भावना सहितका कल्याणकारी कार्यहरू आगामी दिनमा अफ बढी प्रेरणामूलक, आत्मीयता र संगठन बीच समर्पित बनाउन टेवा दिदै जाने विश्वास लिन सकिन्छ।

पूर्व प्रहरी कर्मचारीहरूलाई निश्चित रोजगारीका अवसरहरू, सीपहरू प्रदान गर्ने लक्ष्य सहित नेपाल प्रहरी संगठनबाट पूर्व प्रहरी कर्मचारीको पुनस्थापनातर्फ पनि योजना तर्जुमा र विचार विमर्शका कार्यहरू भैरहेको छ र यसले साकार रूप लिन सकेमा अवकाश प्राप्त जीवनको लागि ठूलो टेवा पुऱ्याउने छ।



प्रहरी महानिरीक्षक रनिङ्ग ट्रफि फुटबल प्रतियोगिता २०५१ विजयी दीपेन्द्र प्रहरी विद्यालय टीम।
The Dipendra Police School football team, winners of the IGP Running Shield Football Toumament of 2051.



दीपेन्द्र प्रहरी विद्यालय, बुडर (सुदूर पश्चिम क्षेत्र)
Dipendra Police School, Budar (far western region).



दीपेन्द्र प्रहरी विद्यालय बेलचौतारा (पश्चिम क्षेत्र)
Dipendra Police School, Bel Chautara (western region).



दीपेन्द्र प्रहरी विद्यालय, धरान, (पूर्व क्षेत्र) विद्यार्थीहरू शारीरिक व्यायाममा
Students of Dipendra Police School, Dharan (eastern region) at physical exercise.



दीपेन्द्र प्रहरी विद्यालय, साँगाको अभिभावक दिवसको उपलक्ष्यमा मा. शिक्षा सहायक मन्त्रीज्यूबाट पुरस्कार वितरण
Asst. Education Minister distrubiting prizes to the students at DPBS Sanga.



काठमाडौंमा निर्माणाधीन सपिङ कम्प्लेक्स।
Shopping complex under construction in Kathmandu.



बुटवलमा निर्माणाधीन सपिङ कम्प्लेक्स।
Shopping complex under construction in Butwal.



सिलाई बुनाई कार्यमा व्यस्त प्रहरी परिवार तथा पूर्व प्रहरी।
Ex. police & police family engaged in welfare scheme.

# Police welfare projects

Nepal Police operates even in adverse conditions and dire situations in the remotest regions of the country, and faces such contingencies as tragic mishaps, natural calamities and accidents, and has acted responsibly towards fulfilling its public duties and service-oriented functions while maintaining peace, security and carrying out rescue operations during emergencies.

Police personnel have succumbed, and have been physically incapacitated, in the line of duty. Natural calamities have claimed the families of incumbent personnel as well as their retired brethren. Therefore, Nepal Police has established the Police Welfare Fund and Police Relief Fund to extend necessary relief, services and welfare to the serving as well as retired police personnel and their families. Such welfare programs shall be broadened in the years to come.

Various programs have been initiated to make such welfare projects financially viable and motivated: operation of petrol pumps (gas stations) at Pathlaiya, Kakarbhitta and Kathmandu; a shop and house leasing enterprise in Syangja; a *dhaka* weaving center in Dharan, a sewing and knitting project at Bharatpur and also at Maharajgunj in Kathmandu.

Further, a shopping complex each at Kathmandu and Butwal is being managed; a living quarters complex for junior officers is being constructed at Maharajgunj; and a parcel of land has been purchased for a police housing complex in Kavre district.

Employment-generating sewing and knitting training schemes have been established in Dharan, Bharatpur and Maharajgunj in Kathmandu to provide opportunities to non-skilled and semi-skilled family members of the police personnel.

With a view to imparting guaranteed and standard education to the children of the Police personnel, the center and all five development regions have Dipendra Police Schools where education is provided accordingly and in subsidized consideration. This noble task has been possible through finances made available from the Relief and Welfare Funds as well as the increase in the number of [fee-paying] students. The regional Dipendra Police schools have plans to accept students from the 7th standard upto the secondary level whereas the Dipendra Police Boarding School at the center [Sanga] has introduced 10+2 scheme from this year. Scholarships are also offered to deserving students from all the 75 districts of the country.

**Number of students at Dipendra Police School, Sanga**

| | |
|---|---|
| FY 1991-92 | 730 students inclusive of Standard I |
| FY 1992-93 | 762 students inclusive of Standard I |
| FY 1993-94 | 682 from Standard II |

Those of the police personnel suffering from maladies which are non-treatable in Nepal and thus requiring treatments abroad are extended financial assistance from the Police Welfare Fund. The Fund has also facilitated the Birendra Police Hospital with a fixed deposit of Rs. 6,500,000 towards providing hospital beds and medical treatment for incumbent as well as retired police personnel.



बहिरंग सेवामा संलग्न प्रहरी चिकित्सक।
Police doctor engaging in out patient dept.



The establishment of Birendra Police hospital has contributed to a positive build-up in the psyche of the police personnel. On the hospital's future plans for enhancement, the Medical Director, Acting Deputy Inspector General of Police Premlal Shrestha says: "There has been a positive outlook in the psyche of the police personnel since the inception of the hospital to cater to the medical needs of the serving police force, their families as well as the retired personnel. In addition, based on necessity and situation, the provision for treatment in the country or abroad has lent an extra enthusiasm to their efficiency. Of course, the hospital itself is ever effortful in providing high standard of services. Accordingly, based on priorities, there is a projection for each development region to have its own region-level police hospital with the further development of the Birendra Police Hospital as the central hospital. There is also a plan to have the beds increased to 200 from the present 150, and the installation of CT Scan, MRI and other modern medical equipment."



प्रहरी कर्मचारीका परिवार तथा पूर्व प्रहरी कर्मचारीको स्वास्थ्य उपचारको लागि प्रहरी कल्याण कोषबाट ३५ लाखको चेक हस्तान्तरण।
A cheque for Rs. 3.5 million towards the health care of former police personnel and the families of police personnel being handed over.



स्याङ्जामा पूर्व प्रहरीहरूका साथमा वर्तमान प्रहरीहरू।
Present and former policemen in Syangja.

## Services at the Birendra Police Hospital

| FY | Out-patient | | | Hospitalization | | |
|---|---|---|---|---|---|---|
| | police personnel | police family | ex-police personnel | police personnel | police family | ex-police personnel |
| 1991-92 | 41,528 | - | - | 1,181 | - | - |
| 1992-93 | 42,440 | - | - | 1,340 | - | - |
| 1993-94 | 49,720 | 9,590 | 892 | 1,460 | 61 | 19 |



स्याङ्जामा प्रहरी पुनर्मिलन समारोह।
A police reunion program in Syangja.

More plans are afoot to develop the infrastructure of the welfare projects and their enhancement by operating an additional petrol pump (gas station) in the Kathmandu Valley, obtaining a tanker, purchasing motor cycles out of the welfare funds and distributing them to the police personnel on installments. In addition, purchasing of a parcel of land to construct private houses for police personnel is in the offing. Under the scheme of the Police Welfare Fund, a sum of Rs. 87,11,200 has been disbursed within a period of 17 months ending July 1994.

Certain income-generating activities are being carried out to continue the welfare activities by renting out of *samiana* tents and other items, organizing cultural shows, utilization of profits accrued from the gas station, leasing of shops and blankets, apportioning percentages of the UN gratuity paid to Nepal Police monitors and observers despatched at the call of the UN. These are the main sources of income to keep the welfare funds solvent and the works in operation.

Much inspiration has been derived by Nepal Police from the closeness, affection and a sense of service rendered by those of the police families both in the past and the present in the context of the welfare programs and their projected enhancement in the years to come. Nepal Police enjoys much succor from these kind gestures.

For the provision of gainful employment and skills to the retired police personnel, the Nepal Police organization is formulating newer plans and policies towards such rehabilitation projects which, once concertized, would greatly support those in their retired lives.

Visit us for quality and class in flooring and furnishing....

We feature wide range of flooring and furnishing goods, different types of blinds, drapery rods, mattresses, upholestry, curtain materials

We also do undertake carpet cleaning and sofa repairing jobs.
We feature different varieties of vinyl flooring and modern carpets....





Please do visit us at

NEW MADAN FURNISHERS
Sahid Sukra Marg, Kupondole, Lalitpur
Kathmandu, Nepal. Tel: 523236

All the best wishes and greetings to
**Her Majesty the Queen**
on her 46th Birthday.



**Munal Offset Press**
**The Stationary Stores**
Mahandra Pool, Pokhara, Phone: 21909





# सचित्र समाचार
# PHOTO NEWS



श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सव २०५०
The Auspicious Birthday of His Majesty the King - 1993



प्रहरी महानिरीक्षकबाट पुर्व क्षेत्रको भ्रमणको क्रममा राजमार्ग गस्ती ट्राफिक प्रहरी इटहरी भवनको उद्घाटन।
The IGP inaugurates the Highway Patrol Traffic Police Itahari during a tour of the eastern region.



अधिराज्यका प्रहरी कार्यालयको निरीक्षण भ्रमणको क्रममा प्रहरी महानिरीक्षक पुर्व क्षेत्रका स्थानीय महानुभावहरूसंग भेटघाट गर्नुहुँदै।
The IGP meeting with local residents of the eastern region during an inspection tour of police offices of the Kingdom.



चैत्राष्टमीको अवसरमा राम्रो मारहान्नेलाई नगद पुरस्कार।
Cash prize for an excellent slash with the knife during Chaitrastami.



जुम्ला स्थित प्रहरी कार्यालयहरूको निरीक्षण भ्रमणको अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक श्री ध्रुवबहादुर प्रधान स्थानीय व्यक्तिहरूसंग।
AIGP Dhruba Bahadur Pradhan with local residents during an inspection tour of police offices in Jumla.

भरतपुरमा प्रहरी उद्धार नौका।
The police rescue boat in Bharatpur.






पूर्व प्रहरी महानिरीक्षक खड्गजीत बरालबाट अधिराज्यव्यापी प्रहरी जुडो प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई ट्रफि प्रदान।
Former IGP Khadgajit Baral presenting the trophy to the winner of the Nation-wide Police Judo Tournament.





प्रहरीहरू बीच रस्साकसी खेल।
Police personnel participating in a tug-of-war event.



इकबाल रिज्वी (इन्टरपोल पदाधिकारी) संग।
With Mr. Iqbal Rizvi (Interpol official).



बेलायतको सिनियर सुपरिन्टेण्डेण्टका साथमा।
With the Senior Superintendent of the UK.

# भेटघाट
# Meeting



इटाली प्रहरी अधिकृतसंग।
With Italian police officials.



ताकाराजुका नेपाल सोसाइटीका अध्यक्ष कुसुमा होरीका साथमा।
With the President of Takarajuka Nepal Society Kusuma Hori.



प्रहरी महानिरीक्षक प्रधानमन्त्रीज्यूसंग।
The IGP with the Prime Minister.



प्रहरी स्मारकको लागि चन्दा प्रदान गर्नुहुने महानुभावसंग।
With contributors to the Police Memorial.



नेशनल सेन्ट्रल ब्युरो, जापानबाट सहयोग प्राप्त युजर्स टर्मिनलमा कार्यरत् प्रहरीहरू।
Police personnel working on the user terminal received from the National Central Bureau, Japan.



गृह सचिव र प्रहरी अधिकृतहरू ताकाराजुका नेपाल सोसाइटीका पदाधिकारीहरू सँग।
The Home Secretary and police officials with office-bearers of Takarajuka Nepal Society.



श्री ५ बडामहारानी सरकार नेपाल प्रहरीद्वारा प्रस्तुत प्रथम बीटिङ रिट्रीट समारोहमा (वि.स. २०३०)
Her Majesty the Queen at the first Beating the Retreat program organized by Nepal Police (2030 BS).

# सँस्मरण MEMOIRS







तत्कालीन गृहमन्त्री विश्वेश्वर प्रसाद कोइराला सलामी ग्रहण गर्नुभई निरीक्षणको क्रममा।
The then Home Minister Bisheswar Prasad Koirala inspecting a guard of honor.



अगाडि बायाँबाट
विष्णुप्रसाद उपाध्याय, जी.बी. याकथुम्बा, नरशम्शेर ज.ब.रा., दिलमान सिंह, नारायण सिंह शाह
पछाडि बायाँबाट
रामसिंह लिम्बु, हरिहरप्रसाद उपाध्याय, हर्कबहादुर थापा, चिरञ्जीवी शम्शेर ज.ब.रा., टेक बहादुर रायमाझी, नकुल शम्शेर ज.ब.रा., ध्रुव विक्रम राणा र डोनस ग्रेण्डन।

**Front row, from left:**
Bishnu Prasad Upadhyay, G. B. Yakthumba, Nar Shamsher JBR, Dilman Singh, Narayan Singh Shah
**Back row, from left:**
Ram Singh Limbu, Harihar Prasad Upadhyay, Harka Bahadur Thapa, Chiranjibi Shamsher JBR, Tek Bahadur Rayamajhi, Nakul Shamsher JBR, Dhruba Bikram Rana, and Donus Grandon

वरिष्ठ प्रहरी अधिकृतहरूका साथमा
२००८ सालमा लीग च्याम्पियन फूटबल प्रतियोगिताका
विजयी प्रहरी टीम (तत्कालीन रक्षादल)
अगाडि बायाँबाटः मेजर नारायण सिंह शाह, ले.क. निलेन्द्र विक्रम शाह, ब्रिगेडियर नोद विक्रम शाह, आई.जी.पी. नरशम्शेर ज.ब.रा., ले.क. दिलमान सिंह थापा, ले.क. पहल सिंह लामा र क्याप्टेन प्रेमकुमार खवास।
पछाडि बायाँबाटः जमदार ईन्द्रकुमार थापा, जमदार सुधीर लामा, क्याप्टेन दिलीप सिंह आले, जमदार जीवन दिवान, जमदार सतीस लामा, मेजर नकुल शम्शेर ज.ब.रा., सुबेदार कुमार सिंह, सुबेदार रणधीर थापा, क्याप्टेन चन्द्र बहादुर चाम्लीङ, क्याप्टेन लाल बहादुर खड्का र लेफ्टिनेन्ट धैर्य चन्द्र नेपाल

The police football team which won the 2008 BS League Champion Football Tournament with senior police officers.
**Front row, from left:** Major Narayan Singh Shah, Lt. Col. Nilendra Bikram Shah, Brigadier Nod Bikram Shah, IGP Nar Shamsher JBR, Lt. Col. Dilman Singh Thapa, Lt. Col. Pahal Singh Lama, Captain Prem Kumar Khawas.
**Back row, from left:** Jamdar Indra Kumar Thapa, Jamdar Sudhir Lama, Captain Dilip Singh Ale, Jamdar Jeevan Diwan, Jamdar Satis Lama, Major Nakul Samsher JBR, Subedar Kumar Singh, Subedar Ranadhir Thapa, Captain Chandra Bahadur Çhamling, Captain Lal Bahadur Khadka, Lieutenant Dhairya Chandra Nepal





काठमाडौं टुँडिखेलमा आयोजित समारोहमा तत्कालीन प्रहरी महानिरीक्षक नरशम्शेर ज.ब.रा. र तत्कालीन प्रहरी नायब महानिरीक्षक जी.बी. याकथुम्बा।

The then IGP Nar Shamsher JBR and the then DIGP G. B. Yakthumba during a function at Tundikhel.